


VOLUME- SIX

अंक- ६

THE VOICE OF TRUTH INTERNATIONAL

# सत्यवाणी

## नेपाल

"उर्लदो समुद्रमाथि तपाईले नै राज्य गर्नुहुन्छ, जब त्यसका छालहरु उठ्छन्,
तपाईले नै तिनलाई शान्त गराउनुहुन्छ" (भजनसंग्रह ८९:९)

# ख्रीष्टको क्रूसलाई किन अध्ययन गर्ने?



- ख्रीष्टको क्रूसले पाप के हो भन्ने कुरा देखाउँछ ।
- ख्रीष्टको क्रूसमा मानिसलाई मुक्तिदातासम्म डोऱ्याउने शक्ति छ ।
- ख्रीष्टको क्रूसले प्रायश्चितको रूपमा प्रस्तुत गर्छ ।
- ख्रीष्टको क्रूसले मृत्युबारे केहीकुरा सिकाउँछ ।
- विजयको निम्ति आफैले आफैलाई इन्कार गर्नुपर्छ भन्ने कुरा ख्रीष्टको क्रूसले सिकाउँदछ ।
- ख्रीष्टको क्रूसले हाम्रा भविष्यको निम्ति आशा प्रकट गर्दछ ।
- वास्तविक प्रेम के हो भन्ने कुरा ख्रीष्टको क्रूसले सिकाउँदछ ।
- क्रूसले के हासिल गऱ्यो भन्ने कुरा बाइबलले सिकाउँदछ ।

  - यसले मानिस र परमेश्वरको बीचमा शान्ति गरायो (कलस्सी १:२०) ।
  - यसले यहूदी र अन्यजातिहरूलाई एउटै शरीरमा एक बनायो (एफिसी २:१६) ।
  - यसले पुरानो नियमलाई अन्त्य गरायो (कलस्सी २:१४) ।
  - यसले मण्डलीलाई स्थापना गरायो (प्रेरित २०:२८) ।
  - यसले हाम्रा पापको क्षमा उपलब्ध गरायो (एफिसी १:७) ।

## पुरानो र नयाँ करारका अध्यायहरू, पदहरू र शब्दहरू

| विभाजन | अध्यायहरु | पदहरु | शब्दहरु |
|---|---|---|---|
| **व्यवस्था** | | | |
| उत्पति | ५० | १,५३३ | ३८,२६७ |
| प्रस्थान | ४० | १,२१३ | ३२,६९२ |
| लेवीहरु | २७ | ८५९ | २४,५४६ |
| गन्ती | ३६ | १,२८८ | ३२,९०२ |
| व्यवस्था | ३४ | ९५८ | २८,४६१ |
| **इतिहास** | | | |
| यहोशू | २४ | ६५८ | १८,८५८ |
| न्यायकर्ताहरु | २१ | ६१८ | १८,९७६ |
| रुथ | ४ | ८५ | २,५७८ |
| १ शमूएल | ३१ | ८१० | २५,०६१ |
| २ शमूएल | २४ | ६९५ | २०,६१२ |
| १ राजा | २२ | ८१६ | २४,५२४ |
| २ राजा | २५ | ७१९ | २३,५३२ |
| १ इतिहास | २९ | ९४१ | २०,३६९ |
| २ इतिहास | ३६ | ८२२ | २६,०७४ |
| एज्रा | १० | २८० | ७,४४१ |
| नहेम्याह | १३ | ४०६ | १०,४८३ |
| एस्तर | १० | १६७ | ५,६३७ |
| **कविता** | | | |
| अयूब | ४२ | १,०७० | १०,१०२ |
| भजनसंग्रह | १५० | २,४६१ | ४३,७४३ |
| हितापदेश | ३१ | ९१५ | १५,०४३ |
| उपदेशक | १२ | २२२ | ५,५८४ |
| श्रेष्ठगीत | ८ | ११७ | २,६६१ |
| **अगमवक्ताहरू** | | | |
| **ठुला अगमवक्ताहरू** | | | |
| यशैया | ६६ | १,२९२ | ३७,०४४ |
| यर्मिया | ५२ | १,३६४ | ४२,६५५ |
| विलाप | ५ | १५४ | ३,४१५ |
| इजकिएल | ४८ | १,२७३ | ३९,४०७ |
| दानिएल | १२ | ३५७ | ११,६०६ |
| **साना अगमवक्ताहरू** | | | |
| होशे | १४ | १९७ | ५,१७५ |
| योएल | ३ | ७३ | २,०३४ |
| आमोस | ९ | १४६ | ४,२१७ |
| ओबदिया | १ | २१ | ६७० |
| योना | ४ | ४८ | १,३२१ |
| मीका | ७ | १०५ | ३,१५३ |
| नहूम | ३ | ४७ | १,२८५ |
| हबकूक | ३ | ५६ | १,४७६ |
| सपन्याह | ३ | ५३ | १,६१७ |
| हाग्गै | २ | ३८ | १,१३१ |
| जकरिया | १४ | २११ | ६,४४४ |
| मलाकी | ४ | ५५ | १,७८२ |
| जम्मा | ९२९ | २३,१४३ | ६,०२,५८२ |

| विभाजन | अध्यायहरु | पदहरु | शब्दहरु |
|---|---|---|---|
| **सुसमाचारका पुस्तकहरू** | | | |
| मत्ती | २८ | १,०७१ | २३,६८४ |
| मर्कूस | १६ | ६७८ | १७,१७१ |
| लूका | २४ | १,१५१ | २४,९४४ |
| यूहन्ना | २१ | ८७९ | १९,०९९ |
| **इतिहास** | | | |
| प्रेरित | २८ | १,००७ | २४,२५० |
| **पावलका पत्रहरू** | | | |
| रोमी | १६ | ४३३ | ९,४४७ |
| १ कोरिन्थी | १६ | ४३७ | ९,४८९ |
| २ कोरिन्थी | १३ | २५७ | ६,०९२ |
| गलाती | ६ | १४९ | ३,०९८ |
| एफिसी | ६ | १५५ | ३,०३९ |
| फिलिप्पी | ४ | १०४ | २,२०२ |
| कलस्सी | ४ | ९५ | १,९९८ |
| १ थेसलोनिकी | ५ | ८९ | १,८५७ |
| २ थेसलोनिकी | ३ | ४७ | १,०४२ |
| १ तिमोथी | ६ | ११३ | २,२६९ |
| २ तिमोथी | ४ | ८३ | १,७०३ |
| तीतस | ३ | ४६ | ९२१ |
| फिलेमोन | १ | २५ | ४४५ |
| **विविध पत्रहरू** | | | |
| हिब्रू | १३ | ३०३ | ६,९१३ |
| याकूब | ५ | १०८ | २,३०९ |
| १ पत्रुस | ५ | १०५ | २,४८२ |
| २ पत्रुस | ३ | ६१ | १,५५९ |
| १ यूहन्ना | ५ | १०५ | २,५२३ |
| २ यूहन्ना | १ | १३ | ३०३ |
| ३ यूहन्ना | १ | १४ | २९९ |
| यहूदा | १ | २५ | ६१३ |
| **भविष्यवाणी** | | | |
| प्रकाश | २२ | ४०४ | ११,९९५ |
| जम्मा न.क | २६० | ७,९५७ | १,८०,५७६ |

| | | | |
|---|---|---|---|
| जम्मा पु.क | ९२९ | २३,१४३ | ६,०२,५८२ |
| कूल बाइबल | १,१८९ | ३१,१०० | ७,८३,१५८ |

# येशूको नाउँमा

"कुरा वा काममा जे–जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७)

- प्रेरितहरुले येशूको नाउँमा निको पारे (प्रेरित ३:६) ।
- धेरैले उहाँको नाउँमा विश्वास गरे (यूहन्ना २:२३) ।
- उहाँको नाउँलाई स्वीकार गर्नुपर्छ (मत्ती १०:३२–३३) ।
- बप्तिस्मामा उहाँको नाउँ सम्लग्न हुन्छ (प्रेरित २:३८) ।
- उहाँको नाउँमा उद्धार मुक्ति पाइन्छ (प्रेरित २:३८) ।
- उहाँको नाउँमा जीवन छ (यूहन्ना २०:३०,३१) ।



- हरेक नाउँभन्दा उहाँको नाउँ उच्च छ (फिलिप्पी २:९–१०) ।
- मण्डलीसित उहाँको नाउँ जोडिएको छ (रोमी १६:१६) ।
- उहाँको नाउँमा प्रार्थना गर्नुपर्छ (यूहन्ना १४:३) ।
- शुद्धिकरणमा उहाँको नाउँ सम्लग्न हुन्छ (१ कोरिन्थी ६:११) ।
- ख्रीष्टियानहरु उहाँको नाउँमा भेला हुन्छन् (मत्ती १८:२०) ।
- कसैले उहाँको नाउँको खातिर अपमान सहन्छन् (प्रेरित ५:४१)

# The Voice of Truth International

## Staff:

| | |
|---|---|
| Editor | : Louis Rushmore |
| Associate Editor | : Jerry Bates |
| Editor Emeritus | : Byron Nichols |
| Founding Editor | : J.C. Choate |

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**

***Managing Editors:***
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
***Managing Editor, Translator:***
Joshua Gootam

**TAMIL EDITION:**
***Managing Editor, Translators:***
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
***Managing Editor:***
Earnest Gill

**PAITE EDITION:**
***Managing Editor:***
Thang Lien

**NEPALI EDITION:**
Nepal Center for Biblical Study

**MARATHI EDITION:**
***Managing Editor:***
Amul Bansod

**Printed and Published in Nepal by:**

**Nepal Center for Biblical Study**
**Seraphat, Chapagaon,**
**Godawari Municipality-11,**
**Lalitpur, Nepal**
E-Mail: ncbs2010@gmail.com

Computer Typing, Lay-out/ Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaon, Lalitpur
<dloffsetpress@gmail.com>

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to Gajendra Deshar
E-mail:
**<gajendra_deshar@yahoo.com>**
**<Ncbs2010@gmail.com>**

कृपया आफ्ना लेखहरु छन भने
प्रकाशनको निम्ति माथीको
इमेल र पोष्ट बक्समा
पठाउनु हुन विनम्र
अनुरोध गर्दछौ ।


THE VOICE OF TRUTH INTERNATIONAL is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


THE CHURCHES OF CHRIST SALUTE YOU (Romans 16:16)

# जोसको उचित निर्देशन

उत्कट इच्छाका साथ कुनै कुरालाई पछ्याउनु नै "जोस" हो । सबै मानिसहरुमा कुनै न कुनै कुराप्रति जोस हुन्छन् । धेरै पल्ट मानिसहरुका जोसले महत्वपूर्ण कुरालाई गलततर्फ निर्देशित गर्दछन् । जोसले असल कुराहरुमा प्रभाव पर्नु राम्रो कुरा हो (गलाती ४:१८), तर पनि धेरै मानिसहरुमा खराब कुराहरुप्रति जोस हुन्छन् । कोही कोही दुष्टतातर्फ उत्साहित भएका हुन्छन् (याकूब १:२१) ।

कोही मानिसहरु धर्म त्यागको निम्ति निकै उत्साहित भएर गएका हुन्छन् । यो पनि राम्रो होइनन् । उत्साहित हुनको निम्ति अपेक्षा गरिएको छ (रोमी १२:११), तर त्यो जोस ज्ञान अनुसार हुनुपर्छ (रोमी १०:२) । पावल एक समय परमेश्वरको निम्ति गलत कुरामा निकै जोसिलो थियो (फिलिप्पी ३:६) । अघिका मण्डलीलाई विनाश गर्ने पावलको उद्देश्यले थियो र यसो गर्दा उनी आफ्नो धर्ममा सही हुन्थ्यो भनी सोच्दथे । प्रेरित २१:२० ले भन्दछ कि हजारौं यहूदीहरु व्यवस्थामा जोसिला थिए । तर तिनीहरु पुरानो व्यवस्थामा बाँधिएका कारणले गर्दा गलत नै थिए । प्रेरित २२ अध्यायमा जुन समुहसँग पावलले प्रतिरक्षा गरिरहेका थिए तिनीहरु परमेश्वरप्रति गलत कुरामा जोसिला थिए (प्रेरित २२:३) । चेतावनीका वचनहरुलाई मनमा राख्नुपर्छ । हामी जोसिलो हुनका निम्ति बोलाइएका हौ, तर हाम्रा जोसहरु सत्यताद्धारा निर्देशित हुनुपर्छ ।

तपाईको जोसले तपाईलाई कुन दिशातर्फ निर्देशित गर्दछ? के यसले आत्मिक कुराहरुतर्फ डोऱ्याउँछ? कलस्सी ३:१,२ लाई याद गर्नुहोस्,"यदि तिमीहरु ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरुको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ । माथिका कुरामा मन लगाओ । पृथ्वीमा भएका कुरामा होइन् ।" तल उल्लेख गरेका कुराहरुमा हाम्रा जोसलाई निर्देर्शित गर्नुपर्छ भनी याद गरौं ।

(१) **परमेश्वरप्रति जोस:** कसरी हामी परमेश्वरप्रति जोसिलो हुन सक्छौं? उहाँको इच्छालाई आज्ञापालन गर्ने कुरामा उत्साहित हुनुपर्छ । परमप्रभुको उदाहरणलाई हेरिसकेपछि पवित्र जीवन जिउने कुरालाई निरन्तररुपमा चाहना गर्नुपर्छ । हाम्रा हरेक इच्छाहरुले परमेश्वरलाई प्रसन्न तुल्याउनुपर्छ ।

(२) **बाइबलप्रति जोसः** "परमप्रभुको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरुमा थुनिराखेका आगोजस्तो छन्" भनी अगमवक्ता यर्मिया भन्दछ (यर्मिया २०:२९) । जसरी बच्चाले दुधको चाहना गर्छ, त्यसरी नै हामीले वचनको चाहना गर्नुपर्छ (१ पत्रुस २:२) । जसरी मानिसले सुन, चाँदी र सम्पतिको खोजी गर्दछ, त्यसरी नै हामीले वचनको खोजी गर्नुपर्छ (हितोपदेश २:१-५) । हामी वचनको निम्ति भोकाउनु र तिर्खाउनुपर्छ (मत्ती ५:६) ।

(३) **आत्माप्रति जोसः** आत्माहरु ख्रीष्टमा जितेर तिनीहरु विश्वासयोग्य हुँदा के हामी निकै आनन्दित हुँदैनौं? यूहन्ना र पावलको आनन्दको सिमा नै छैनन् (३ यूहन्ना ४) । आत्माहरु संसारका थोकहरुभन्दा पनि मूल्यका छन् ।

(४) **मण्डलीप्रति जोसः** के हामी मण्डलीलाई प्रेम गर्छौं? के हामी मण्डलीलाई पहिलो स्थानमा खोज्छौं (मत्ती ६:३३)? के हामी मण्डलीमा सेवा गरिरहेका छौं? के हामी सन्तहरुसँग विश्वासयोग्य भएर आराधना गरिरहेका छौं (हिब्रू १०:२५)? तपाई मण्डलीमा कस्तो प्रकारको सदस्य हुनुहुन्छ?

(५) **स्वर्गप्रति जोसः** के हामीमा स्वर्ग जाने उत्साह छ? के हामी त्यो ठाउँको सपना देख्छौं वा पूर्वअनुमान गर्छौं? स्वर्ग जानको निम्ति तपाईले कस्तो योजना गरिराख्नु भएको छ? के तपाई हरसमय स्वर्ग जानको निम्ति तयार हुनुहुन्छ?

(६) **पवित्रताप्रति जोसः** के तपाई निरन्तररुपमा आफ्नो चरित्र र हृदयलाई परिष्कृत गर्दै शुद्ध राख्नुहुन्छ? केवल शुद्ध भएकाहरु मात्र स्वर्गमा प्रवेश गर्दछन् (मत्ती ५:८) । येशूलाई हेरेर उहाँलाई पछ्याउनको निम्ति हामी वचनको ऐनालाई हेर्छौं (२ कोरिन्थी ३:१८) ।

(७) **असल कामको निम्ति जोसः** असल काम गर्नको निम्ति हामीमा जोस हुनुपर्छ (तीतस २:१४) । हामी असल कामहरुमा सुसम्पन्न होऔं (१ तिमोथी ६:१८) । हरेक मौका पाए अनुसार भलाई गरौं (गलाती ६:१०) ।

**हामी सही तरीकाबाट जोसिलो होऔं ।**

✝

# विषय सुची


**परमेश्वर**

तपाईलाई ख्रीष्टले देख्नुहुन्छ........ ८
ख्रीष्टमा परिपूर्णता........ १०

**प्रमाणहरू**

उहाँको वचनमा वैज्ञानिक सत्यताहरु........ १२

**परमेश्वरको वचन**

परमेश्वरको वचन आत्मिक भोजन हो ........ १५
नसा लागेको परिवार........ १७
वास्तविक शान्ति........ २०
मण्डलीलाई कहिल्यै बेवास्ता नगर्नुहोस्........ २३

**मुक्ति**

परमेश्वरको जग........ २९
बाख्राहरुसित नजाओ........ ३०
खेतबारी हेर........ ३२

**मण्डली**

सताइएको मण्डली........ ३४
के मण्डली वास्तवमै महत्वपूर्ण छ?........ ३६

**शिक्षाद्वारा जीउने**

नयाँ........ ३८

**ख्रीष्टियानिटी कार्यमा**

सबै ख्रीष्टियानहरु प्रभुका सेवकहरु हुन्........ ४१
येशूका डामहरु........ ४२
बारमा खुट्टा तेर्साउनु........ ४३

**आराधना**

स्वीकारयोग्य आराधना........ ४५
भेटी दिनेबारे चार दृष्टिकोण........ ४७
पवित्र हात उठाएर........ ४८

**दैनिक ख्रीष्टियान जीवन**

चट्टानको जगमा निर्माण........ ५१

हाम्रो चुनौती........ ५३
त्यो जीवन हो........ ५४
के तपाईले शैतानलाई चिन्नुहुन्छ........ ५५
घर प्रशिक्षणको महत्व........ ५८
कस्तो उत्तराधिकार........ ६०
हामीले प्रभुलाई के दिन सक्छौं?........ ६३
चार जिम्मेवारीहरु........ ६५
समय लिनुहोस्........ ६७
ख्रीष्टियान हिडाई........ ६९
सिक्नुपर्ने पाठहरु........ ७१

## पाठ्य अध्ययन

एफिसीः ख्रीष्ट र उहाँको मण्डली........ ७४
मर्कूसको सुसमाचार........ ७७

## बाइबल चरित्र

असल मानिसबाट सिक्दै........ ७९
ठुलो दैत्यले लगभग पराजित गरेको........ ८०
शैतानले ईटाको पर्खाल भेट्यो........ ८२

## बाइबल प्रश्न

परमेश्वरले तिनीहरुलाई कसरी छोड्नुभयो?........ ८४
दश आज्ञाहरु र नयाँ नियम........ ८६

## रूपरेखा

केसित मण्डली सही छ?........ ८९
परमेश्वरलाई भुल्दै........ ९०
के नरक वास्तविक हो?........ ९२
सुसमाचार के हो?........ ९३
बृद्धि हुनको निम्ति मण्डलीले के गर्नुपर्छ?........ ९४
ख्रीष्टको दोस्रो आगमन........ ९५
किन मानिसहरु ख्रीष्टकहाँ आउन इन्कार गर्दछन्?........ ९६

पदको खोजी........ २७
महत्वपूर्ण पदहरुका छिटो टिप्पणी........ ४०
तपाई कसरी नाप्नुहुन्छ?........ ४४
प्रसन्न हृदय असल औषधी हो– हितोपदेश १७ः२२........ ५०
पाँच मिनेट बाइबल अध्ययन........ ६२



# तपाईंले ख्रीष्टलाई देख्नुहुन्छ ।

कसैले मुक्तिदातालाई पछ्याउन कठिन भइरहेको पाउनुहुन्छ भने उहाँहरुले १ पत्रुस १:८ मा उल्लेख गरेको कुरा देख्नुहुन्न,"तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरु अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ, र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ ।" उहाँले हामीलाई नयाँ नियमद्धारा अगुवाई गरी शासन गर्नुहुन्छ, जुन उहाँले हामीलाई पछ्याउनको निम्ति छोड्नुभयो (हिब्रू ९:१–१७) ।

तैपनि, आज हामी येशूलाई देख्न सक्छौं भन्ने भावलाई नोट गरौं । प्रेरित ९:४ मा दमस्कसको बाटोमा टार्ससका शाऊलकहाँ येशू देखा पर्नु हुँदा उहाँले सोध्नुभयो,"शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" कसरी शाऊलले ख्रीष्टलाई सताउन सम्भव भयो? प्रेरित १ अध्यायमा येशूको मृत्युभई उहाँ स्वर्गमा हुनुहुने पिताको सामुन्ने पुनरुत्थान हुनुभयो, र पनि उहाँलाई सताइरहेका छौ भनी येशूले शाऊललाई किन भन्नुभयो । यसको सामान्य उत्तर प्रेरित ८:१,२ पदहरुमा पाउँछौ जहाँ यसरी लेखेको छ,"शाऊल प्रभुका चेलाहरुका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरुलाई बाँधेर यरुशलेममा ल्याउन पाऊँ

भनी दमस्कसका सभाघरहरुको नाउँमा पुर्जी मागे ।" वास्तविक कुरा यो हो कि जब शाऊल वा अरु कसैले ख्रीष्टको नाउँ अंगालेका मानिसहरुलाई चोट पुऱ्याउँछन भने तिनीहरुले ख्रीष्टलाई नै चोट पुऱ्याइरहेका हुन्छन् ।

हामीले ख्रीष्टियानहरुलाई प्रेम र वास्ता गर्छौं भने हामीले ख्रीष्टलाई देख्छौं । यो अवधारणालाई इन्साफको कुरामा अभिव्यक्त गरिएको छः

> "तब राजाले आफ्ना दाहिने पट्टिकाहरुलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पतिदेखि तिमीहरुका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । किनभने म भोकाएको थिएँ, तिमीहरुले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरुले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरुले मलाई आश्रय दियौ । नाङ्गै थिएँ, तिमीहरुले मलाई वस्त्र लगाइदियौ । बिरामी थिएँ, तिमीहरु मलाई हेर्न आयौ । झ्यालखानामा थिएँ, तिमीहरु मकहाँ आयौ ।' तब धर्मीजनहरुले उनलाई जवाफ दिनेछन्,'हे प्रभु कहिले हामीले तपाईलाई भोकाउनुभएको देख्यौ, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं, र तपाईलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? र कहिले हामीले तपाईलाई बिरामी वा झ्यालखानमा देख्यौं र तपाईकहाँ आयौं? तब राजाले तिनीहरुलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरुले मलाई नै गऱ्यौ" (मत्ती २५:३४-४०) ।

कोही मानिसहरु यो शिक्षामा चुक्न सक्छन् । हाम्रो प्रभुको अनुहार हेर्नको निम्ति हामीले हाम्रा वरपर बसिरहनुभएका हाम्रा दाजुभाइ वा दिदी बहिनीहरुलाई हेर्नैपर्छ । हामीले उहाँहरुलाई जे दया देखाउछौं, त्यो ख्रीष्टले पाउनुहुन्छ । हाम्रा दाजुभाइहरुका अनुहारमा हामीले उहाँहरुका आवश्यकतालाई देख्छौं, तब हामी येशूको प्रेमिलो अनुहारको भाव पाउँछौं।

मण्डलीलाई ख्रीष्टको शरीर भनेर बोलाउँदा कुनै अचम्मको हुँदैन् (एफिसी १:२२-२३) । हामी केवल उहाँका मित्रहरु मात्र होइनौं, हामी उहाँका शरीर हौं । आज हामी उहाँलाई देख्न सक्छौं ।

> *"तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरुले मलाई नै गऱ्यौ" (मत्ती २५:४०)*



# ख्रीष्टमा परिपूर्णता

के हराएको टुक्रा खोज्नको लागि कसैले जिगस पजल खेल खेल्नुभएको छ? खेल पुरा गर्नको निम्ति हामी कति सावधानीका साथ खेल्छौं । ५०० वटा टुक्रामा ४९९ वटा टुक्रालाई सही स्थानमा मिलाएर राखेता पनि एउटा टुक्रामात्र मिलेन भनेपनि खेलको कुनै अर्थ हुँदैन् । त्यो पजलको वास्तविक चित्र र सौन्दर्यताको जति प्रशंसा गरेतापनि पुरै मिलाएका छैनन् भने त्यसको कुनै मतलब हुँदैन् । एउटा टुक्रामात्र मिलेनन् भने पनि त्यो अपूर्ण नै हुन्छ ।

त्यसरी नै मानिसलाई पनि पूर्णता चाहिन्छ । हाम्रा भौतिक शरीर विभिन्न प्रणालीहरु मिलेर अविश्वनीय तरीकाले बनेका छन् भनी भजनसंग्रहको लेखकले घोषणा (भजन संग्रह १३९:१४) गर्दछ, तापनि हाम्रो निम्ति यो भौतिक कुरा भन्दा कुनै ठुलो लाग्दैनन् । मानिसले जहिले पनि बाहिर गएर आफुभन्दा ठुलो र केही महत्वपूर्ण कुराहरुका बारेमा खोजी गर्दछ । उनको खोज पूर्णताको निम्ति हुन्छ । दार्शनिक र शिक्षित एथेन्सबासीहरुका बारेमा पावलले साक्षी दिन्छन् कि यस्तो इच्छाले तिनीहरुलाई अज्ञानताका ईश्वरलाई आराधना गर्न गलत तरिकाले मार्गदर्शन दिइयो (प्रेरित १७) । मानिसको परिपूर्णता केवल ख्रीष्टमा मात्र पाउँछौं ।


"किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ, र उहाँमा नै जीवनको परिपूर्णतामा तिमीहरु आइपुगेका छौ । उहाँ नै समस्त शासन र अधिकारको शिर हुनुहुन्छ" (कलस्सी २:९,१०) ।

ख्रीष्टले मात्र हामीलाई सिद्ध पार्न सक्नुहुन्छ, किनभने ईश्वरत्वको सबै पूर्णता केवल ख्रीष्टमा मात्र छन् । येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने बारेको सुन्दर र अविश्वनीय वर्णन कलस्सी १:१५–१९ मा उल्लेख गरेका छन् । उहाँलाई कसैसँग पनि तुलना गर्न सक्दैनन् भनी ती पदहरुले सामान्यतया वर्णन गरेका छन् । निश्चय नै, ख्रीष्ट येशूमा मानिसको निम्ति पाइने पूर्णता मानिसहरुका कमजोर प्रयासले उपलब्ध गराउन सक्दैनन्, न ता परम्परा, दर्शनशास्त्र, स्वर्गदूतहरुका आराधना, दर्शनहरु वा आफैले बनाएका धर्महरुमा पाउँछौं (कलस्सी २:८, १८,२३) । ख्रीष्टले उपलब्ध गराउनुभएको मुक्तिमा मात्र परिपूर्णता छ । त्यो मुक्तिको सेवाको वर्णन कलस्सी १:१५–१९ मा ख्रीष्टको महिमित चित्रण गरेको छ (कलस्सी १:१३–१४; १:२०–२३) । कसैको निरन्तर आत्मिकी बृद्धि विकासमा पनि यो देखिन्छ ।

परमेश्वरको इच्छाको ज्ञानमा पूर्ण होओ भनेर पावलले ख्रीष्टियानहरुका निम्ति प्रार्थना गर्दछ ताकि सबै कुरामा उहाँलाई प्रसन्न पार्न प्रभुमा योग्य जीवन बिताउन सकोस् (कलस्सी १:९) । यो कसरी हुन सक्छन् भनी उनी व्याख्या गर्दछः परमेश्वरको ज्ञानमा बढ्दै, असल काममा फलवन्त हुँदै, सारा शक्तिसित बलिया हुँदै, र पितालाई धन्यवाद चढाओ (कलस्सी १:१०–१२) ।

**परिपूर्णता निसन्देह महत्वपूर्ण छ र यो केवल येशूमा मात्र उपलब्ध छ ।**

"उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहेप्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। उहाँ शरीर, अर्थात मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै शुरू हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् । किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो" (कलस्सी १:१५-१९)।



# उहाँको वचनमा वैज्ञानिक सत्यताहरू

परमेश्वरको प्रेरणाप्राप्त वचन, बाइबल वैज्ञानिक सिद्धान्तको आधारमा लेखेको पुस्तक हो भनेर भन्ने कोही मानिस आज हाम्रा बीचमा छैनन् होला । बाइबल परमेश्वरले मानिसहरुसँग व्यवहार गर्नुभएको अभिलेख र हाम्रो अनन्त जीवनको मार्गनिर्देशनको पुस्तक हो । तापनि, ब्रहमाण्डको सृष्टिकर्त्ताले भौतिक संसारको बारेमा केही टिप्पणी गर्नुहुँदा उहाँले भन्नुभएका कुराहरु वैज्ञानिक मापदण्डहरुमा पनि सही प्रमाणित भएका छन् भन्ने कुरामा कुनै छुट दिनु हुँदैनन् । यस्ता धेरै सत्यताहरु प्रख्यात वैज्ञानिक तथ्य वा विचारहरुका विरुद्धमा गएका छन् र परमेश्वरले तिनीहरुलाई पहिले लेखिसक्नु भएपछि गलत औंल्याउन सक्ने मानिसहरुले सताब्दियौं सम्ममा पनि सत्य हो भनी प्रमाणित गर्न सकेनन् । परमेश्वरको वचनमा प्रकट भएका यस्ता केही सत्यताहरु मात्र यहाँ औंल्याउन चाहन्छु । यी सत्यताहरुले हाम्रा विश्वासलाई अझ मजबुट गर्न सहायता मिल्दछ र वास्तवमै परमेश्वर हुनुहुन्छ भनी अरु मानिसहरुलाई अभिव्यक्त गर्न हामीलाई मद्दत गर्दछ ।

हामी उत्पतिको पुस्तक एक अध्यायबाट शुरुवाट गरौं जहाँ सबै जीवित वस्तुहरुले “आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरु उमारोस्” भनी परमेश्वरले भन्नुभयो । जब महान उत्पतिशास्त्र ग्रिगोर मेनडेलले केराउ खेतीमा पुनरुत्पादनको बारे अध्ययन गरे, त्यति

बेला सन् १८५० सम्मका आधुनिक मानिसहरुले यो अचम्मको बहुमूल्य मोती र वैज्ञानिक सत्यताको बारे महसुस गर्न सकेनन् । यो काम पुरा भएपछि प्रमाणित भयो कि सबै जीवित वस्तुहरुले केवल आफ्नै किसिमको मात्र पुनरुत्पादन गर्न सक्छन्, तर उनको समयका वैज्ञानिकहरुले यो महान सत्यताको महत्वलाई इन्कार गरे । उनको मृत्यु पछि उनी "आधुनिक उत्पतिशास्त्रको पिता" भनेर चिनिन थाले । ग्रिगोर मेनडेलले यो विचारको संरचना गऱ्यो होला, तर परमेश्वरले धेरै वर्ष अगाडी बाइबलमा यसको संरचनालाई प्रकट गर्नुभयो ।

लेवीको पुस्तकलाई पल्टाउँदा हामी त्यहाँ केही अचम्मलाग्दो सत्यताहरु देख्छौं । लेवी १७:११ ले यसो भन्दछ, "किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ ।" रगत जीवनको निम्ति महत्वपूर्ण छ । रगतले कसरी काम गर्छ र मानिसलाई कसरी स्वस्थ राख्छ भन्ने जान्नको निम्ति डाक्टर र वैज्ञानिकहरुले यो अचम्मलाग्दो वस्तुबारे शुक्ष्म रुपमा अध्ययन गर्दछन् । तै पनि, यो महत्वपूर्ण तथ्यमा जहिले पनि मानिसहरुका बुद्धि परमेश्वरसित सहमति हुँदैनन् । विरामी नभएसम्म रगतको महत्वलाई विचार गर्दैनन् होला । प्रायजसो धेरै वा खराब भएकोले शरीरबाट रगतलाई निकालेको देखिन्छ । १९ औं शताब्दीको शुरुवाटसम्ममा प्रायजसो सबै उपचारको निम्ति रगत बहाइदिन्थ्यो । यसकारण परमेश्वरले धेरै वर्ष अगाडी नै यो महत्वपूर्ण सत्यतालाई बाइबलमा प्रकट गर्नुभयो जुन कुरा अहिलेका मानिसहरुलाई थाहा हुँदैछन् ।

लेवीको पुस्तकमा अरु धेरै प्रसङ्गहरु छन् जहाँ लामो समयदेखि वेवास्ता गरिएका वैज्ञानिक सत्यताहरुबारे परमेश्वरका चेतावनी र अर्तीहरु पाउँछौं: ब्याक्टेरियाको संक्रमण, सरसफाई, कसरी शुद्ध हुने र अशुद्ध पशुहरुबाट किन अलग हुनुपर्ने बारेमा परमेश्वरले इस्रायलीहरुलाई अर्ती दिनुभएको थियो । रोगहरुबाट बच्नको निम्ति कसरी तिनीहरुले हात खुट्टा धुनु पर्थ्यो र अशुद्ध कुराहरुबाट अलग रहँदा कसरी स्वस्थ रहन सकिन्थ्यो भन्ने कुराको ज्ञान हुन्थ्यो । तिनीहरुले परमेश्वरको इच्छालाई पालन गर्नुपर्थ्यो । सबै सभ्य मानिसहरुले यी महत्वपूर्ण सत्यताहरुलाई जानेर जीवनभर सामान्यरुपमा राम्रो भइरहनको निम्ति यी कारक तत्वहरुलाई अभ्यास गर्दछन् । सृष्टिकर्त्ता परमेश्वरको वैज्ञानिक बुद्धिले मानव जातिलाई भन्नु भएका कुराहरु २१ औं शताब्दीमा संचालित आधुनिक अस्पतालहरुमा पाउन सक्छौं, जुन कुराहरुलाई वैज्ञानिकहरुले सयौं वर्षहरुसम्म वेवास्ता र मजाक बनाएका थिए ।

सृष्टिकर्त्ता परमेश्वरले बारम्बार वैज्ञानिक सत्यताहरुलाई प्रकट गर्नुभएको हामी देख्छौं । यदि यी सबै अभिलेखहरुलाई विस्तृतरुपमा लेख्न थाल्यौ भने शायद ठाँउको अभाव हुनेछन् । परमेश्वरसित हाम्रा विश्वासलाई सुदृढ गर्नको निम्ति यहाँ अरु केही उदाहरणहरु दिएका छन् :-

(१) पृथ्वीको घेरा (यशैया ४०:२२) विरुद्ध पृथ्वी समतल छ भनी विश्वास गर्ने ।
(२) अनगिन्ति ताराहरुका (उत्पति १५:५; यर्मिया ३३:२२) विरुद्ध आकाशमा केवल १,०२४ ताराहरुमात्र थिए भनी सोच्ने ।
(३) समुद्री मार्गहरुका (भजन संग्रह ८:८) बारेमा मानिसहरुले कहिल्यै पनि कल्पना गर्न सक्दैनन् ।
(४) विजुली चम्कनु र पानी पर्नुको सम्वन्ध (अयूब ३८:२५-२६) विरुद्ध यो सँग सम्वन्धित कुनै कुराको अपहेलना गर्नु ।
(५) उत्तरीय आकाशमा खाली ठाउँको (अयूब २६:७) विरुद्ध आकाशभरी ताराहरु थिए भनी सोच्नु ।
(६) पृथ्वीलाई गुरुत्वाकर्षणाले थाम्नुको (अयूब २६:७) विरुद्ध पृथ्वीलाई मुलुकको नक्साले ढाकेको छ भनी विश्वास गर्नु ।
(७) पुरुष र स्त्रीमा मानिसको सन्तान हुनुको (उत्पति ३:१५) विरुद्ध स्त्री केवल शिशुलाई जिउँदो राख्ने मेसिन जस्तै मात्र हो भनी सोच्नु ।
(८) पृथ्वीका चार कुनाहरुका (यशैया ११:१२) विरुद्ध चुम्वकिय शक्तिले खिच्ने अवधारणा ।
(९) सम्भव शल्यक्रियाको विरुद्ध (उत्पति २:२१) शरीरलाई काट्नु खराब हो भनी विश्वास गर्नु ।
(१०) आनुवंशिक प्रजनन लक्षणाको विरुद्ध (प्रस्थान ३०:२७ पछि) लक्षणलाई नियन्त्रण गर्ने कुनै उपाय छैनन् भनी विश्वास गर्ने ।
(११) पृथ्वीको जग विरुद्ध (यशैया ५१:१३) पृथ्वीको संरचनाको सामान्य अवधारणा ।

वास्तवमा हामीले धेरै उदाहरणहरु हेर्न सक्छौ, तर परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्छ भन्ने कुरालाई बुझ्नको निम्ति यी उदाहरणहरु पर्याप्त छन् । जसरी भजनसंग्रह लेखक भन्दछ,"आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भजन संग्रह १९:१) ।



# परमेश्वरको वचन आत्मिकी भोजन हो ।

पाक कला विषयमा छलफल गरिरहँदा वास्तवमै विद्यालय छुट्टिभइसके पछ्िको खाजाबारे हामी कुरा गरिरहेका थियौं–उच्च विद्यालयको शिक्षकले यदि मसँग जाम स्याण्डविच भइदिएको भए हुन्थ्यो जस्तो कुरा गर्नुभयो । म उहाँलाई कल्पना गर्न सक्छु कि ओभनबाट ताजा तातो–तातो दुई वटा विस्कुटको विचमा नौनीसँगै कालो किम्बुको जामलाई फिजाउँदा प्रायजसो मेरी आमाको मुख रसाएर आउँथ्यो । तैपनि, उहाँको मनमा अरु कुनै कुरा थियो । कठिनाईको समयमा दुई टुक्रा पाउरोटीको बीचमा केही नराखी जाम मात्र राखेर पनि खाएको कुरा उहाँले सुनाउनुभयो ।

परमेश्वरको वचन आत्माको निम्ति भोजन हो ।“मानिस रोटीले मात्र होइन्, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ” (मत्ती ४:४) । हामीलाई परमेश्वरको सेवामा परिपूर्ण र सुसज्जित पार्ने पर्याप्त सारतत्व वचनमा छ (२ तिमोथी ३:१६,१७) ।“निष्कपट र भला हृदय” (लूका ८:१५) भएका व्यक्तिलाई परमेश्वरको वचनले निरासा गर्दैनन् । सत्यतालाई खोजी गर्ने भोकाएका आत्माहरुलाई यसले तृप्त

पार्नेछन् (यूहन्ना ८:३२; १७:१७) । इमान्दारिताका साथ शुद्ध दुधको तृष्णा गर्ने नयाँ जन्मेका बालकहरु (१ पत्रुस २:२) होस् या परिपक्व भएका मानिसहरुका निम्ति खँदिलो भोजनको नै सेवा किन नगर्ने होस्, यो सबैको निम्ति बहुमुखी र अनुकुल योग्यको छ (हिब्रू ५:१२–१४) ।

परमेश्वरको वचनको गोदामघर जहिले पनि भरिपूर्ण हुन्छ । देशमा खडेरी नहटेसम्म विधवाको भाँडाको पीठो नसिद्धिएको र ढुङ्ग्रोको तेल नरित्तिएको जस्तै हो (१ राजा १७:१४) । चालिस वर्षसम्म इस्रायलीहरु उजाड स्थानमा हिडेर पनि तिनीहरुका खुट्टाका जुत्ता पुराना भएनन् भने जस्तै हो (व्यवस्था २९:५) । बहुसंख्यक भोकाएका भीडलाई प्रभुको हातबाट रोटी र माछा खुवाउनु भने जस्तै हो (यूहन्ना ६) ।

जीवनका हरेक परिस्थिति र अवस्थाहरुका निम्ति परमेश्वरको वचन पर्याप्त भोजन हो । स्वर्गमा हुनुहुने पिताले हाम्रो निम्ति चाहिने स्वस्थकर हरेक आत्मिक भोजन जम्मा पार्नुभएको छ । सही तरीकाबाट तालिका मिलाएर यसलाई खाएर पचाएको छ भने यसले हामीलाई नम्र र धैर्य बनाउँछ, कहिल्यै पनि घमण्डी बनाउँदैनन् । यसले हामीलाई जहिले पनि प्रेमिलो, दया, विचारशिल र असल गर्न तर्फ अगुवाइ गर्दछ (१ कोरिन्थी १३) ।

यदि तपाईले दियाबलसको बेकारका भोजनहरु खाएर पापको बोझले फुलिनुभएको छ भने, तपाईको भोजन परिवर्तन गर्ने समय भएको छ । "परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने" (भजन संग्रह १९:७) । केवल ख्रीष्टमा मात्र अनन्त जीवनको वचनहरु छन् (यूहन्ना ६:६८) । परमेश्वर र उहाँको पुत्रमा विश्वास गर्न (हिब्रू ११:६; यूहन्ना ८:२४), सबै पापहरुबाट पश्चात्ताप गर्न (प्रेरित ३:१९), ख्रीष्ट परमेश्वरको पुत्रको रुपमा स्वीकार गर्न (प्रेरित ८:३७; रोमी १०:९,१०), पाप क्षमाको निम्ति बप्तिस्मा लिन (प्रेरित २:३८; मर्कूस १६:१६) र प्रभुको सेवा अनि काममा जहिले पनि विश्वासयोग्य हुन (१ कोरिन्थी १५:५८) नयाँ करारले हामीलाई अर्ती दिन्छ ।

"स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ । र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो ।" (यूहन्ना ६:५१)



# नसा लागेको परिवार

थोरै मात्रामा जानकारी दिएका चरित्रहरु पनि बाइबलमा उल्लेख गरेका छन्, तापनि तिनीहरु कहिले कार्हिं महत्वपूर्ण उदाहरण हुन जान्छन् । यस्तैमा एउटा उदाहरण स्तिफनासको छ, जसको बारे बाइबलका दुई खण्डहरुमा मात्र उल्लेख गरेका छन् (१ कोरिन्थी १:१६; १६:१५-१७) । हाम्रो पाठको निम्ति दोस्रो खण्ड १ कोरिन्थी १६:१५-१७ लाई लिनेछौं जहाँ यसो भन्दछ, "भाइ हो, तिमीहरुलाई थाहा छ, कि स्तिफनासका घराना अखैयामा विश्वास गर्नेहरुमा प्रथम हुन् । तिनीहरुले सन्तहरुका सेवामा आफैलाई अर्पण गरेका छन् ।" पावलले भनेको कुरालाई याद गरौं कि स्तिफनासका घरानाले सन्तहरुका सेवामा आफैलाई अर्पण गरेका छन । परमेश्वर र उहाँको काममा स्तिफनास समर्पित थिए । यसलाई यसरी पनि भन्न सकिन्थ्यो कि उनलाई नसा लागेको थियो, उनलाई मात्र होइनन्, तर उनका सम्पूर्ण परिवारलाई लत लागेको थियो । कुनै पनि नसा खराब हो भनी प्राय हामी सोच्ने गर्छौं । बहुसंख्यक मानिसहरु प्राय जसो विभिन्न प्रकारका खराव र हानीकारक कुराहरु, लागूपदार्थ, रक्सी, चुरोट, इत्यादिमा लत लागेका हुन्छन् । त्यस्तै गरी धर्ममा बढी प्रतिबद्धता देखाउनु पनि नसा लाग्नु जस्तै खराब कुरा हो भनी धेरै मानिसहरु सोच्ने गर्दछन् । "धार्मिक कट्टरपन्थी" शब्दले यसको खराब अर्थ दिन्छ । तैपनि, हामी परमेश्वर र उहाँको सेवाकाईमा साँच्चै समर्पित हुन्छौं भने यो नसा असलै हो ।

स्तिफनासले न त प्रभुको काममा सहभागी नहुने बहाना नै खोज्यो न ता अरु कसैले नै प्रभुको काम गर्नुपर्छ भन्ने अपेक्षा नै गर्‍यो । अरुले काम गरेको देख्दा उ त्यतिकै सुस्त भएर बस्न सक्दैन् । कहिलेकार्हिं कसैले यसो

भन्दछ, "कामले मलाई एक टुक्रा पनि हैरान पार्दैनन् । म बसेर त्यसलाई दिनभरी हेरिरहन सक्छु ।" धार्मिक कुरामा त्यो हाँस्यपूर्ण भनाई प्रायजसो सही पनि हुन जान्छ । यसो देखिन्छ कि मण्डलीका बहुसँख्यक सदस्यहरु केही नगरी दिनभरी बसेर मण्डलीको काम हेरिरहन्छन्, अझै केही गर्नको निम्ति प्रयास गर्दैनन् । एक जना बृद्ध प्रचारकले ठट्टा गर्दै यस्तो भनेको थियो कि मण्डलीका १०% सदस्यहरुले मात्र मण्डलीको ९०% काम गर्दछन्, र यो ठट्टा सत्यताबाट धेरै ताढा छैनन् । निसन्देह स्तिफनास १०% सदस्यको एउटा हिस्सा थियो ।

पावलले जस–जसलाई व्यक्तिगतरुपमा बप्तिस्मा दिएको थियो, ती थोरै व्यक्तिहरुमा स्तिफनास पनि पर्छ (१ कोरिन्थी १:१६) । उनको परिवारलाई अखैयामा पावलको परिश्रमको पहिलो फल भनेको छ । कामविनाको विश्वास मृत हुन्छन् भन्ने कुरा उनको परिवारले बुझेको थियो (याकूब २:२०) । तिनीहरुले प्राथमिकतालाई बुझेका थिए । धेरैले प्रभुको निम्ति केही गर्छु भनी इच्छा गर्दछन्, तर अरु बाधाहरुले ती कामहरुलाई ताढा पुऱ्याइदिन्छन् । तैपनि, जब कोही व्यक्ति कुनै कुरामा लत लागेको हुन्छ वा समर्पित हुन्छ भने कुनै कुराले पनि उनलाई त्यस कुराबाट ताढा राख्न सक्दैनन् । लागुपदार्थको लत लागेका मानिसहरुले त्यो पाउनको निम्ति जे पनि गर्दछन् । स्तिफनास कोरिन्थी मण्डलीको एउटा हिस्सा थियो, जुन मण्डलीमा धेरै समस्याहरु थिए । मण्डलीले पावलको निम्ति त्यति चासो दिएको थिएन्, तर सिङ्गो मण्डलीले गर्नुपर्ने कामहरु स्तिफनास र अरु दुई जना व्यक्तिहरुले गरिरहेका थिए (१ कोरिन्थी १६:१७) । पावल र उनको सेवाकाईलाई सहायता गर्नु तिनीहरुको पहिलो प्राथमिक इच्छा थियो । तपाईको प्राथमिकताका सूचीहरुमा मण्डली कुन स्थानमा पर्छ?

नसाले तपाईलाई केही कुरा गर्न बाध्य बनाउँछ । यो तपाईको निम्ति केही बाधक हुन जान्छ । नसा लागेका मानिसहरुले प्राय त्यसलाई छोड्न चाहन्छन्, तर नसाले तिनीहरुलाई नियन्त्रण गरिसकेका हुन्छन् । हामीलाई ख्रीष्टको प्रेमले बाध्य पार्छ । "ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे" (२ कोरिन्थी ५:१४) । ग्रीक होस् वा अरु असभ्य जाति, बुद्धिमान् होस् वा निबुद्धि, सबैको निम्ति पावल ऋणी भएको बताउँछ (रोमी १:१४) । हामी आत्माद्धारा नियन्त्रित भएको हुनुपर्छ । "दाखमद्यले नमातिओ, कारण त्यो विलासित हो, तर पवित्र आत्माले

भरिपूर्ण होओ" (एफिसी ५:१८) । जब हामी आफैले आफैलाई आत्मा, उहाँको वचनको अधिनमा राख्छौं, तब हामी यस्ता कामहरु गर्न बाध्य हुन्छौं, जुन संसारको निम्ति मूर्ख जस्तो देखिन्छ । हामी प्रभुको निम्ति व्यस्त भएर काम गरिरहेका हुनेछौं ।

परमेश्वर र मण्डलीको निम्ति आफैले आफैलाई सेवामा नसा लगाउने मानिसहरुका आवश्यकता पर्दछन् । आफ्नो नसालाई सन्तुष्ट पार्न कसैले केही दिन्छन् कि भनेर त्यो मानिस पर्खेर बस्दैन् । ऊ स्वयंम आफैले त्यसको खोजी गर्छ । यसरी परमेश्वरको सेवामा समर्पित भएको कोही व्यक्तिले केही कुरा गर्नको निम्ति कसैले केही गरोस् भनेर पर्खेर बस्दैनन् । परमेश्वर स्वयंसेवक हुनुहुन्छ । परमेश्वरले आफ्नो पुत्रलाई क्रूसमा स्वेइच्छाले दिनुभयो । येशूले आफ्नो जीवन स्वइच्छुक भएर दिनुभयो । जब परमेश्वरलाई सन्देशवाहको आवश्यकता थियो तब अगमवक्ता यशैयाले भन्यो, "म यहाँ छु, मलाई पठाउनुहोस् ।" दाऊद गोल्यातसँग स्वइच्छाले लडे । नहेम्याह स्वइच्छुक भएर यरुशलेम फर्की पर्खालको पुर्ननिमार्ण गरे । यी सबै मानिसहरु लगायत अरुले आफ्नो कर्तव्य के हो भन्ने कुरा बुझेर काम गरे । तिनीहरुले यसलाई अवसरको रुपमा लिए, केवल कामको रुपमा मात्र लिएनन् । तैपनि धेरै ख्रीष्टियानहरुलाई काम गर्नुहोस् नभनेसम्म केही पनि गर्दैनन्, यदि गरिहाल्नुभयो भने पनि तपाईलाई सहायता गरेको हो भन्ने मनसायले गर्दछन् । हामी कुनै मानिसको निम्ति काम गर्दैनौं; बरु परमेश्वरको निम्ति काम गरिहेका छौं भन्ने कुरा स्मरण गर्नुपर्छ ।

मण्डलीको काम सबै सदस्यहरुका निम्ति हो, जसले काम गर्छन् केवल तिनीहरुको निम्ति मात्र यो काम होइनन् । उद्धार नभएकाहरुलाई जहिले पनि सिकाउनुपर्छ । विरामी, शोकपूर्ण परिवार र बृद्ध जनहरुलाई जहिले पनि हौसला र सहायताका खाँचो पर्दछन् । हामीले हाम्रा कर्तव्यहरु पुरा गर्नुपर्छ । काम गर्नको निम्ति कसैले संगठन गरेर आयोजना गरेको कार्यक्रमहरुलाई पर्खिरहनु पर्दैनन् । "परमेश्वर अन्यायी हुनुहुन्न्, र तिमीहरुका काम र उहाँको खातिर सन्तहरुका सेवामा तिमीहरुले देखाएको प्रेम उहाँले भुल्नुहुन्न । तिमीहरु अझै पनि त्यस्तै सेवा गरिराखेका छौ" (हिब्रू ६:१०) । तपाईले किन त्यस्तो बहादुरीको काम गर्नुभयो भनी प्रथम विश्व युद्धको एक जना महान सिपाहीलाई प्रश्न गरिएको थियो । उनले सामान्यतया यस्तो जवाफ दियो, "मैले मेरो कर्तव्य देखें र त्यो गरें ।" के तपाई आफ्नो झुण्डको कामको निम्ति यसरी भन्न सक्नुहुन्छ?



# वास्तविक शान्ति

संसारमा भएका सबै मानिसहरुले शान्तिको इच्छा गर्दछन् । शान्ति पाउनको निम्ति र शान्तिको लागि प्रार्थना पनि गर्दछन् । बाइबलले शान्तिबारे धेरैकुरा गर्दछन् । यसकारण यो महत्वपूर्ण विषयमा धर्मशास्त्रले प्रकट गरेका केही कुराहरुलाई एकैसाथ विचार गरौं ।

## *शान्तिको खोजी गर भनी बाइबलले भन्दछ ।*

भजन संग्रह ३४:१४ ले भन्दछ, "खराबीबाट फर्केर असल गर, शान्ति खोज, र त्यसकै पछि लाग ।" नयाँ नियमको मण्डलीमा यसलाई जोड दिदैं पावल आग्रह गर्दछ, "यसैले हामी ती कुराहरुको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ" (रोमी १४:१९) । पावलले शान्तिको महत्वलाई पहिचान गरेको छ र त्यो शान्ति पाउनको निम्ति हामीले कति हदसम्म प्रयास गर्नुपर्छ भनी उनी देखाउँदछ । रोमी १२:१८ मा उनले लेखेको कुरालाई हेरौं, "हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस ।" पावल के भन्दैछ? उनी भन्दैछ कि शान्ति निकै महत्वपूर्ण र मूल्यको छ । शान्तिलाई अस्तित्वमा कायम राख्नको निम्ति हरेक ख्रीष्टियानहरुले कठोर परिश्रम गर्नैपर्छ । यदि यसलाई प्रबल राख्न सकेनौं भने कसैको जीवनको हिस्सामा समर्पित

प्रयासको अभाव हुन सक्छन् ।

पावलले यसको दवावलाई निरन्तरता दिँदै उनले २ कोरिन्थी १३:११ मा यसरी अन्त्य गर्दछ, "अन्त्यमा भाइ हो, अब बिदा पाऊँ । सिद्धताको लक्ष्य राख । सान्त्वना पाओ । एउटा अर्कासँग सहमत होओ । शान्तिमा रहो, र प्रिय र शान्तिका परमेश्वर तिमीहरुसँग हुनुहुनेछ ।" कुनै मूल्यवान कुरालाई देखेर निर्धारण गर्दै त्यो हासिल गर्नको निम्ति पर्याप्त प्रयासको आवश्यकता पर्दछ भन्ने यसको अर्थ लाग्छ। यसलाई मनमा राखी हामी हेर्न सक्छौं कि धर्मशास्त्रमा यसको महत्व र मूल्यलाई निकै उच्च स्थानमा राखेको छ ।

## *त्यसैले, शान्ति महत्वपूर्ण छ, तर यसको स्रोत के हो र यसलाई हामीले कसरी प्राप्त गर्न सक्छौं?*

लूका २ अध्यायमा येशूको जन्मबारे हामी पढ्न पाउँछौं । यो निकै रोचकलाग्दो छ, जहाँ स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दलले परमेश्वरको प्रसंसा गर्दै यसो भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरुसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरुलाई शान्ति!" (लूका २:१४) । यो उल्लेखनीय छ कि ख्रीष्टको पहिलो आगमनमा शान्तिलाई नजिकबाट केन्द्रित गरेको थियो । लूकाले प्रेरितको पुस्तक पनि लेखेको थियो । प्रेरित १०:३६ पदमा येशू ख्रीष्टद्धारा शान्तिको प्रचार गरियो भनी उनी भन्दछ । यसरी ख्रीष्टविना साँचो शान्ति छैनन् । येशू हाम्रो साँचो शान्ति हुनुहुन्छ । उहाँले क्रूसमा आफ्नो रगत बहाएर शान्ति कायम गर्नुभयो भनी पावलले एफिसी २:१४ मा स्पष्टसँग पुष्टि गर्दछ । उहाँले यहूदी र अन्जातिहरुका विभाजनलाई भत्काइदिएर सबैलाई एक बनाउनुभयो । यसकारण कलस्सी १:१९-२० मा पावलको टिप्पणीहरुलाई हेरौं, "किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, र परमेश्वरले उहाँका क्रूसको रगतद्धारा शान्ति गराए । पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्धारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो ।" यसकारण सारा संसारको पापको निम्ति परमेश्वरको पुत्रको प्रायश्चितको बलिदानबाट शान्ति आउँछन् भन्ने कुरा हामीले पायौं ।


# अब, हामी आखिरी शान्ति वा वास्तविक शान्तिमा आउँछौं ।

परमेश्वरसँगको गहिरो विश्वास र सही सम्वन्धद्धारा हामीमा शान्ति आउँछ, जुन संसारको निम्ति महान र बहुमूल्य हुनेछन् । यो संसारमा हामीसँग व्यक्तिगत शान्ति छ कि छैन्? यदि कुनै कुराद्धारा हाम्रो वरपर अशान्ति आइपरेतापनि विश्वासयोग्य परमेश्वरका सन्तानहरुले परमेश्वरसँगको सम्वन्धलाई निकै उच्च मूल्यको ठान्नुपर्छ र कुनै कुराले पनि हामीमा भएको शान्तिलाई खोस्नेछैनन् ।

येशूलाई सेवा गर्छु भनी प्रतिबद्धता गर्नु भएकाहरुका निम्ति रोमी ८:६ ले आशिषित बनाएको छ, "किनभने पाप–स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो ।" वर्तमान समयमा प्रभुलाई सेवा गर्न खोजिरहनु भएकाहरुका निम्ति पावल भन्दछ, "ख्रीष्टको शान्तिले तिमीहरुका हृदयमा राज्य गरोस् । साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौं (कलस्सी ३:१५) ।

थाहा नभईकन हाम्रो मनमा शान्तिले बास गरेको छ भनी हामी सोच्न सक्छौं जसले गलत अगुवाई गर्न तर्फ डोऱ्याउँछ र यो केवल क्षणभरको हुन्छन् । हामीले इच्छा गर्ने बित्तिकै अनन्त स्वर्गको शान्तिलाई अनुभव गर्न गईरहेका छौ भन्ने कुरालाई विश्वास गरी हामी आफैले आफैलाई छली रहेका हुन सक्छौं । तैपनि, हामी नयाँ नियममा यस्ता असल मानिसहरुका बारेमा पढ्न पाउँछौ, जसले इमान्दिरताका साथ प्रभुलाई सेवा गर्न खोजिरहेका थिए, तर तिनीहरुले पत्ता लगाए कि तिनीहरु ख्रीष्टले स्थापना गर्नु भएको मण्डलीको हिस्सा हुनुहुन्न् (मत्ती १६:१८) । तिनीहरुलाई सिकाइसके पछि ख्रीष्टलाई परमेश्वरको पुत्रको रुपमा विश्वास गर्ने (यूहन्ना ८:२४), तिनीहरुका पापबाट पश्चात्ताप गर्ने (प्रेरित २:३८), ख्रीष्टमा तिनीहरुका विश्वासलाई स्वीकार गर्ने (मत्ती १०:३२), तिनीहरुका पाप क्षमाको निम्ति डुबेर बप्तिस्मा लिने (प्रेरित २:३८; १ पत्रुस ३:२१) र मृत्युसम्मै विश्वासयोग्य भएर सेवा गर्ने (प्रकाश २:१०) ख्रीष्टका आवश्यक कुराहरुलाई संकलित गर्नुपर्छ ।

कृपया, अनन्त शान्तिको निम्ति आफ्नो आत्मा र आफ्नो अवसरसित जुवा नखेल्नुहोस् । पहिलो शताब्दीका मानिसहरु जस्तै प्रभुमा आज्ञाकारी हुनुहोस् । आज्ञा र लाभहरु आज पनि त्यही नै छन ।



# मण्डलीलाई कहिल्यै बेवास्ता नगर्नुहोस् ।

के तपाईले कसैले कहिल्यै यस्तो भन्नुभएको सुन्नुभयो,“एउटा मण्डली अर्को मण्डली जस्तै राम्रो छ” वा “उद्धार पाउनको निम्ति तपाई कुनै मण्डलीको सदस्य हुनुपर्दैन् ।” केवल पापी मानिसले गर्ने प्रार्थनालाई डोऱ्याउनुहोस् र तपाई ठिकै हुनुहुनेछ? मानिसहरुले बेवास्ता गर्दै संगठित धर्महरुद्वारा ठट्टा उडाउँछ्न्, किनभने धार्मिक संसारका सबै शिक्षा र अभ्यासहरुले विभाजन र अलमल्ल बनाउँदछन् ।

मण्डलीको विचारलाई इन्कार गर्नसम्म पुग्नुभन्दा पहिले केही समय मसँगै विचार गर्नुहोस्: के मण्डलीलाई ख्रीष्टको दुलही भनेर सम्बोधन गरेको कुरा तपाईलाई थाहा छ? संसारभरी विवाह एउटा सामान्य कुरा हो । यसलाई सबैले राम्रोसँग बुझेका छन् । एकजना मानिसले एकजना विशेष स्त्रीलाई आफ्नो दुलही बनाउँछ । उसले उनलाई विवाह गरेर आफ्नो नाम दिन्छ । उनलाई रक्षा गर्न, उनको आवश्यकतालाई पुरा गर्न,

उनलाई प्रेम गर्नको निम्ति उ जिउँछ । यदि उसले उनलाई प्रचुर मात्रामा प्रेम गरेको छ भने उनलाई बचाउनको निम्ति आवश्यक पऱ्यो भने उ मर्न पनि तयार हुन्छ । केही समयको निम्ति तिनीहरु छुट्टिहाल्यो भने पनि उसको प्रमुख विचार भनेको उनीकहाँ फर्किने हुनुपर्छ ।

मण्डली ख्रीष्टको दुलही हो, र एकतामा रहेका सन्तानहरु ख्रीष्टियानहरु हुन् । विवाहमा कुनै पनि पतिले आफ्नो पत्नीलाई अरु पुरुष मानिसहरुका नामहरु अंगाल्न दिदैनन् । दुलही (ख्रीष्टको मण्डली) ले पतिकै नाम अंगाल्नुपर्छ । "अरु कसैमा मुक्ति छैन्, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) । "चेलाहरु पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान भनिए" (प्रेरित ११:२६) ।

दुलहीले आफ्नो पतिलाई प्रेम गरी आज्ञा पालन गर्नुपर्छ ।"तिमीहरुले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरु पालन गर्नेछौं (यूहन्ना १४:१५) । गलाती १:८ मा स्पष्टिकरणलाई थप जोड दिदै यसो भन्दछ, "हामीले प्रचार गरेका सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस् ।" मण्डलीलाई शासन गर्नको निम्ति मानिसद्धारा निर्माण गरेका शिक्षाहरु र धर्मसारहरुले प्रत्यक्षरुपमा धर्मशास्त्र उल्लंघन गर्ने कामको शुरुवाट भएको छ ।

मानव विवाह अनि ख्रीष्ट र मण्डली बीचको समानान्तर विवाहको सुन्दरतालाई एफिसी ५:२२,२३ मा वर्णन गरेका छन्, जहाँ मण्डलीले ख्रीष्टलाई प्रेम र आज्ञा पालन गर्न आग्रह गरिएको छ भने दुलहीको निम्ति ख्रीष्टको आफ्ना प्रेम र वास्ता गर्नको निम्ति मानव जोडीको उदाहरण लिएको छ । मण्डली प्रतिको महान प्रेमको कारणले गर्दा आफ्नो दुलहीको लागि ख्रीष्टले आफ्नो जीवन अर्पण गर्न इच्छुक हुनुभएको व्याख्या गरेको छ । त्यो सम्वन्धलाई यसरी व्यक्त गरेको छः

> "जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर (बप्तिस्मा) वचनद्धारा (धर्मशास्त्र अनुसार) पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली (एक वचन, एउटै एकीकृत शरीर, हजारौं सम्प्रदायहरु होइनन्) आफैकहाँ प्रस्तुत गर्न सकून्, (आफ्नो दुलहीलाई लिन उहाँ फेरी आउँदै हुनुहुन्छ) र त्यो चाहिँ पवित्र र निष्खोट होस् ।"

ख्रीष्ट र उहाँको मण्डली अनि पति र पत्नी बीचको समानान्तरबाट हामी यो देख्छौं कि मण्डली र उनको पति बीच विशेष सम्वन्ध रहेको छ । यदि कसैले उनको दुलहीलाई बेवास्ता र ठट्टा गर्दछन् भने उनको ठुलो अपमान हुन्छ– जुन (मण्डली) शरीरको निम्ति उहाँले क्रूसमा आफ्नो जीवन दिनुभयो । त्यो रगतले मण्डलीलाई पवित्र संस्था बनाउँछ । मण्डलीलाई आत्मिक शरीरको रुपमा प्रेम र सम्मान गर्नुपर्छ जसको आत्मिक शिर ख्रीष्ट हुनुहुन्छ ।

तैपनि, आजको धार्मिक संसारले मण्डली महत्वपूर्ण छैनन्, यो केवल मानिसले बनाएको संस्था बाहेक केही पनि होइनन् भनी यसलाई कम महत्व दिने प्रयास गर्दछन् । स्वर्ग जानको निम्ति तपाई त्यसको सदस्य हुनु पर्दैनन् भनी तिनीहरु भन्दछन् । यी सम्पूर्ण सम्प्रदायहरुको औचित्य प्रमाणित गर्न कसैले यसरी वर्णन गर्दछन कि यी सबैलाई एकसाथ ठुलो छाता मुनि राख्छन् र हामीले बाइबलमा पढ्न पाउने मण्डलीमा अन्त्य गरिदिन्छ । कोही मानिसहरु यूहन्ना १५ अध्यायमा गई ख्रीष्ट दाखको बोट हुनुहुन्छ र त्यो दाखको बोटका हाँगाहरु फरक सम्प्रदाय मण्डलीहरु हुन् भनी वर्णन गर्दछन् ।

कुनै कुनै यी मण्डलीहरुले तिनीहरुको संस्थापकका नामहरुलाई अंगाल्दछन्, जस्तैः लुथरन मण्डली । जुन दिन तिनीहरुले आराधना गर्दछन् वा तिनीहरुको विश्वास वा अभ्यासको दिनलाई फरक बनाउनको निम्ति कसैले त्यो दिनलाई नामाकरण गर्दछन्, जस्तैः पेन्तिकोसट्ल मण्डली । यी मण्डलीहरुका सदस्यता हुनको निम्ति विभिन्न प्रकारका सर्तहरु पालन गर्नुपर्छ । तिनीहरुले भिन्नै तरीकले आराधना गर्दछन् (कसै कसैले त परमेश्वरलाई आराधना गर्नेभन्दा पनि मनोरञ्जन गर्ने देखिन्छ) र तिनीहरुका प्राय सबै कुराहरु कल्पना गरेर सिकाएका र अभ्यास गरेका देखिन्छन् । अच्चम लाग्दो कुरा के छ भने यी सबै कुराहरु तिनीहरुले येशूको नाउँमा गर्दछन् र परमप्रभुले हरेकलाई यस्तो प्रकारका शिक्षाहरु सिकाउन र अभ्यास गर्न अनुमति दिएको छ भन्ने कुराको आशा गर्दछन्– तर तिनीहरुमा प्राय जसो धर्मशास्त्रका कुनै जग नै हुँदैनन् ।

आफैले आफैलाई ख्रष्टियान भन्ने संसार आज खराब तरीकाबाट विभाजित भएको र मिसिएको देख्दा दुःख लाग्छ, जसले परमप्रभु र उहाँका मार्गलाई मजाक बनाउँछन् । उहाँको शिक्षालाई कम महत्व दिन्छन् र मण्डलीको निम्ति उहाँको बलिदानलाई बेवास्ता गर्दछन् । मानिसहरुले प्रभुको मार्गलाई नै परिवर्तन गरेका छन् । प्रचुर

मात्रामा संगठित धर्महरु हुनु धेरै मानिसहरुका मनमा ठुलो ठट्टा भन्दा बढी केही होइनन् । विश्वव्यापी रुपमा संसारका मानिसहरुले धार्मिक एकतालाई इन्कार गर्नु, परमेश्वर र उहाँको वचनमा अविश्वास देखाउनु नै धेरै विभाजन, अलमल्ल र विरोधाभासको परिणाम हो ।

तैपनि, धार्मिक संगठनहरु भ्रष्ट भएको कुरा हाँस्यास्पद मात्र होइनन् । धार्मिक रुपमा गलत भएका यी सबै मानिसहरुले अनन्तता गुमाउने छन् भन्ने कुरा तपाईले महसुस गर्नुपर्छ किनभने तिनीहरुले परमेश्वरको वचनमा थपघट गरेका छन् ।

> "यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक मानिसलाई म चेतावनी दिन्छु: यदि कसैले तिनमा थप्यो भने यस पुस्तकमा लेखिएका विपत्तिहरु परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ । अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ" (प्रकाश २२:१८,१९) ।

जसले परमेश्वरको सन्देशलाई परिवर्तन गर्ने हिम्मत गर्दछन्, तिनीहरुको कारणले गर्दा अरु धेरै मानिसहरु पनि हराएको अवस्थामा पुग्दछन् किनभने झुटा शिक्षाको कारणले गर्दा तिनीहरुलाई पछ्याउनेहरु पनि धोखामा परिरहेका हुन्छन् । मत्ती ७:२१-२३ मा येशूले चेतावनी दिनुहुन्छ:

> "मलाई 'प्रभु प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ, त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईको नाउँमा अगमवाणी बोलेनौ? तपाईको नाउँमा भूतहरु धपाएनौं । र तपाईको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' अनि म तिनीहरुलाई सफासँग भन्नेछु,...मैले तिमीहरुलाई कहिल्यै चिनेको छैनँ ।' ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ ।"

उहाँको मण्डली र उहाँले सिकाउनु भएका सबै शिक्षाहरुमा गलत पाउनुभएको छ भने तिनीहरु पछुतोमा पर्नेछन्- वास्तवमै तिनीहरु अफसोसमा मर्नेछन्- र यसमा कुनै ठट्टा हुँदैनन् ।




(१) किन हरेक मानिसकी आफ्नी पत्नी र हरेक स्त्रीको पनि आफ्नै पति हुनुपर्छ? (७:२)

(२) जब उसले विवाह गर्दछन् भने उनको शरीरमा कसको अधिकार हुन्छ? (७:४)

(३) पति पत्नी केही समयको निम्ति पारस्परिक संसर्गदेखि अलग हुन सक्छौ भनी पावलले किन भन्दछ? (७:५)

(४) सबै मानिसहरुबाट पावलले बैबाहिक सम्वन्धमा के इच्छा व्यक्त गर्दछ? (७:७)

(५) के यो आज्ञा परमप्रभुबाट आएको थियो या उनको सुझाव थियो? (७:६)

(६) कसैले विवाह गर्न सक्छन् भनी पावलले के कारण दिन्छ? (७:९)

(७) "किनभने कामवासनामा............भन्दा..........गर्नु असल हो" (७:९) ।

(८) ख्रीष्टमा विश्वास नगर्ने पति/पत्नीलाई ख्रीष्टियानले के गर्नुपर्छ? (७:१२,१३)

(९) यदि विश्वास नगर्ने छुट्टिन्छ भने के गर्ने? (७:१५)

(१०) "किनभने परमेश्वरले हामीलाई......................रहन बोलाउनुभएको हो ।" (७:१५)

(११) शायद, विश्वासीले अविश्वासी पति/पत्नीलाई के गर्न सक्छन्? (७:१६)

(यसको जवाफ पुस्तिकाको पछाडी पानामा छ ।)

१ अब तिमीहरुले लेखेका कुराहरुका विषयमा हेरौं: पुरुषले विवाह नगर्नु असल हो । २ तर व्यभिचारसम्वन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसकी आफ्नै पत्नी होस् । ३ पतिले आफ्नी पत्नीलाई उसको वैवाहिक हक दिओस् र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई । ४ पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ । यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे । ५ पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक–अर्कालाई इन्कार नगर । इन्कार गर्‍यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरु प्रार्थनामा लागिरहन सक । तब फेरि एकसाथ बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरुलाई परीक्षामा नपारोस् । ६ यो म तिमीहरुलाई आज्ञाको रुपमा होइन्, तर अनुमतिको रुपमा भन्दछु । ७ सबै मानिस मजस्तै रहेको म इच्छा गर्दछु । तर हरेकलाई परमेश्वरबाट विशेष वरदान मिलेको छ, एउटालाई एक किसिमको, अर्कालाई अर्को किसिमको । ८ तर अविवाहित र विधवाहरुलाई म भन्दछु, तिनीहरु मजस्तै अविवाहित रहे तिनीहरुका निम्ति असल हुनेछ । ९ तर तिनीहरुले आफूलाई वशमा राख्न सक्दैनन् भने तिनीहरुले विवाह गरुन् । किनभने कामवासनामा जल्नुभन्दा विवाह गर्नु असल हो । १० अब विवाहितहरुलाई म कडा आज्ञा दिन्छु (मेरो आज्ञा होइन्, तर प्रभुको आज्ञा हो): पत्नी पतिबाट नछुटोस् । ११ तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस् । पतिले आफ्नी पत्नीलाई नत्यागोस् । १२ तर तिमी अरुहरुलाई म भन्दछु (यो मेरो भनाइ हो, प्रभुको होइन), यदि कुनै भाइकी ख्रीष्टमा विश्वास नगर्ने पत्नी छ, र तिनी ऊसँग बस्न चाहन्छिन् भने, उसले त्यसलाई नत्यागोस् । १३ यदि कुनै स्त्रीको ख्रीष्टमा विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न चाहन्छ भने, तिनले आफ्नो पतिलाई नत्यागोस् । १४ किनकि अविश्वासी पति आफ्नी पत्नीद्वारा पवित्र हुन्छ, र अविश्वासी पत्नी आफ्नो पतिद्वारा पवित्र हुन्छ, नत्रता तिनीहरुका छोराछोरी अशुद्ध हुनेछन्, तर वास्तवमा तिनीहरु त पवित्र छँदैछन् । १५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस् । यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन । किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो ।१६ हे पत्नी, तिमीलाई के थाहा! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छयौ कि? अथवा हे पति, तिमीलाई के थाहा! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि?

नोटः यो अनुच्छेदमा ख्रीष्टियानहरुका विवाह सम्वन्धी पावलका अर्तीहरु सम्लग्न छन् । संस्कृति, दुराचारी, व्यभिचारी र समलैंगिकतालाई कोरिन्थीहरुले सामान्यतया अभ्यास गरेका थिए । यसकारण पावलले यो समस्यालाई सम्वोदन गरेको थियो । अविवाहित रहनु असल कुरा हो भनी पावल विचार गर्दछ; तापनि, ब्रहम्चार्य जीवन निश्चय नै आवश्यक छैनन् वा नैतिकरुपमा विवाहभन्दा उत्तम हो । कामवासनाको कारणले गर्दा धेरै मानिसहरु अविवाहित भएर बस्नु उपयुक्त होइनन् भन्ने कुरा पनि उनी महसुस गर्दछन् ।

विवाह र सम्वन्ध विच्छेदबारे सम्पूर्णरुपमा छलफल गर्न सम्भव छैनन् । परमेश्वरले लगातार सिकाउनुहुन्छ कि उहाँले सम्वन्ध विच्छेदलाई घृणा गर्नुहुन्छ र सबै पति र पत्नीहरु प्रेम र सदभावमा एकैसाथ जिइएको चाहनुहुन्छ । निश्चय नै, यस्तो कुरा जहिले पनि सम्भव छैनन्; तैपनि, सम्वन्ध विच्छेदको धर्मशास्त्रीय कारण केवल व्यभिचारमात्र दिएको छ ।

# परमेश्वरको जग



भवनको निम्ति जगहरु महत्वपूर्ण छन् । शैक्षिक निर्देशनहरुका निम्ति जगहरु महत्वपूर्ण छन् । कसैको जीवनमा जगको अति महत्व हुन्छ । शिघ्रताको युग र कहिलेकाहिँ विघटनकारीको परिवर्तनमा "परमेश्वरको दृढ जग खडै रहन्छ" (२ तिमोथी २:१९) भनी थाहा पाउँदा आश्वासन प्राप्त हुन्छ ।

पहिलो शताब्दीका हाम्रा दाजुभाइहरु कहिलेकाहिँ धार्मिक गलतद्धारा व्याकुल भएका थिए जसरी हामी पनि अहिले त्यस्तै अवस्थामा छौं । त्यहाँ शिक्षकहरु, प्रचारकहरु थिए, "यिनीहरु सत्यबाट तर्किएका छन्" (२ तिमोथी २:१८) । सत्यता त्यति अस्पष्ट वा सापेक्ष थिएन् कि सत्यतालाई खल्बल्याउने वा यसबाट अलग हुने कुरा निश्चित रुपमा असम्भव थियो । तैपनि, जो सत्यताबाट गलत भए, तिनीहरुले परमेश्वरको जगलाई हल्लाउन सकेनन् ।

"परमप्रभुले आफ्ना जातिलाई चिन्नुहुन्छ" (२ तिमोथी २:१९) । त्यस्ता मानिसहरु पनि छन् जसले प्रभुलाई चिन्दछन् (२ तिमोथी २:१९) । परमप्रभुले चिन्नु भएका मानिसहरु पनि छन् । तिनीहरु परमेश्वरका सन्तान हुन्, किनभने तिनीहरु ख्रीष्टमा बप्तिस्मा भएका छन (गलाती ३:२६,२७) । विरोध, इन्कार, संकष्ट, परीक्षा, जीवनमा आँधीबेहरी र तनाव आएता पनि ख्रीष्टलाई अंगाल्ने विश्वासयोग्य मानिसहरु पनि छन् (यूहन्ना १५:४) ।

परमप्रभुले आफ्ना जातिहरुलाई चिन्नुहुन्छ भन्ने कुरा महसुस गर्नु निकै ठुलो आश्वासन हो । परमेश्वरले आफ्ना जनहरुलाई प्रेम गर्नुहुन्छ भनी थाहा पाउँदा सान्त्वना मिल्दछ । परमेश्वरले आफ्ना जनहरुलाई चिन्नुहुन्छ, वास्ता गर्नुहुन्छ, सहायता गर्नुहुन्छ र आशिष दिनुहुन्छ भन्ने कुराको स्मरणले हामीलाई आशा दिन्छ ।

"मैले तिमीलाई कहिल्यै पनि चिनेको छैनँ" (मत्ती ७:२३) भनी परमप्रभुले भन्नुहुँदा न्यायको दिनमा धेरै मानिस कति दु:खी हुनेछन् भनी तपाई सोच्नुहोस् । हाम्रा परमप्रभुले हामीलाई चिन्नुहुन्छ र अनन्तसम्म आफ्नै मानिस हो भनी घोषणा गर्नुहुँदा हामी कति खुशी हुनेछौं, त्यसबारे पनि सोच्नुहोस् ।



# बाख्राहरूसित नजाओ !

हाम्रा सृष्टिकर्त्ता, मुक्तिदाता र न्यायकर्त्ताले मत्ती २५:३१-४६ पदहरुमा मानव जातिको महान र अन्तिम इन्साफलाई स्पष्टसँग वर्णन गर्नुभएको छ । उहाँले सबै मानिसहरुलाई इन्साफमा अनन्तको सजाएँ वा इनामको घोषणा गर्नुहुनेछ । त्यो महान र इनामको दिनको निम्ति परमेश्वर पिताले मानिसको पुत्रलाई नियुक्त गर्नुभएको छ (प्रेरित १७:३१) । ख्रीष्ट आफ्ना महिमाकासाथ संसारको इन्साफ गर्न आउँदै हुनुहुन्छ । उहाँले आफ्ना सम्पूर्ण पवित्र स्वर्गदूतहरु र अरुलाई आफ्ना महिमाको सिहासनमा ल्याउनुहुनेछ । उहाँ अहिले आफ्ना स्वर्गीय पिताको सिहासनको दाहिने बाहुलीमा बिराजमान हुनुहुन्छ । यो अनुग्रहको सिहासन हो, जहाँ हामी साहसका साथ जानेछौं । यो शासनको सिहासन पनि हो, उहाँको पितापूर्खा दाऊदको सिहासन, जहाँबाट उहाँले सम्पूर्ण अधिकारका साथ आफ्नो मण्डली वा राज्यलाई शासन गर्नुहुन्छ । उहाँ त्यो सिहासनको पूजाहारी हुनुहुन्छ ।

उहाँ आखिरी दिनमा महिमाको सिहासनमा बस्नुहुनेछ, त्यो उहाँको इन्साफको दिन हुनेछ । उहाँले अनाज्ञाकारीहरुबाट आज्ञाकारीहरुलाई अलग गर्नुहुनेछ । अहिले तिनीहरु यही राष्ट्र, राज्य, शहर, मण्डली र परिवारहरुमा एकैसाथ बसोबास गर्दछन् । जसरी गोठालाले आफ्ना भेडाहरुलाई बाख्राहरुबाट अलग गर्दछन्, त्यसरी नै उहाँले तिनीहरुलाई एक अर्काबाट त्यसरी नै अलग गर्नुहुनेछ । उहाँले भेडाहरुलाई दायाँ हातमा र

बाख्राहरुलाई बायाँ हातमा राख्नुहुनेछ । त्यहि सन्दर्भमा उहाँले पछि भन्नुभयो कि बायाँ हातमा हुनेहरु अनन्तको दण्डमा जानेछन् ।

यदि हामी अनन्तता बाख्राहरुसित बिताउन चाहदैनौं भने प्रियजनहरु, अहिले नै हामी बाख्राहरुबाट ताढा रहौं । येशू असल गोठालो हुनुहुन्छ, र उहाँले आफ्नो जीवन भेडाहरुका निम्ति दिनुहुन्छ भन्ने कुरा प्रकट गर्नुभयो । उहाँले यो पनि घोषाणा गर्नुभयो कि उहाँका भेडाहरुले उहाँको स्वर सुनेर उहाँलाई पछ्याउँछन् । उहाँले तिनीहरुलाई अनन्त जीवन दिनुहुन्छ ।

भेडाहरु नरम स्वरका, विनम्र, धैर्य, गुनासो नगर्ने, उपयोगी र निर्दोष हुन्छन् । तिनीहरुले गोठालोलाई पछ्याउँछन् । बाख्राहरु अनियन्त्रित, अनावश्यक खालका, गोठालाको इच्छा विपरित हिड्ने र विद्रोही स्वभावका हुन्छन् ।

यो संसारका अनाज्ञाकारी, उदासीन बाख्राहरुले वास्तवमा परमेश्वरवारे, उहाँका इच्छाहरु, तिनीहरुका आत्माहरु र अरु संगी मानिसहरुका आवश्यकता र राम्रा कुराहरुका चासो गर्दैनन् । बाख्राहरुसित नजाओ ।

"जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामय सिंहासनमा बस्ने छ । र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेडा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ । उसले भेडाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ । त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौं । तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौं । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौं । नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौं, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौं ।' तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्,'प्रभु, कहिले हामीहरूले तपाईलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईको सेवा गरेनौं?' तब उनले तिनीहरूलाई जवाफ दिनेछन्,...साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ ।' तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् ।"

(मत्ती २५:३१–३२, ४१-४६)



# खेतबारी हेर ।

यो प्राथमिक कुरा हो कि मानिसहरुका बीचमा ख्रीष्टको सेवाकाई "हराएकाहरुलाई खोज्नु र बचाउनु हो" (लूका १९:१०) । खोज्ने कार्य भनेको एउटा समर्पणको प्रक्रिया हो । सोचेर, ध्यान दिएर, तर्क लगाएर, अनुसन्धान गरेर, लक्ष्य लिएर, प्रयास गरेर, इच्छुक भएर, पाउने आशामा "खोज्ने" शब्दको अर्थ लाग्छ ।

के तपाईले हालैमा कोही हराएको आत्मालाई सोचविचार गरेर, ध्यान दिएर, तर्क लगाएर, अनुसन्धान गरेर, लक्ष्य लिएर इच्छुक हुँदै पाउने आशामा खोज्नुभएको छ? यदि हामीले ख्रीष्टको पाइलालाई पछ्याउने योजना गर्दछौं भने (१ पत्रुस २:२१) के कुनै हराएका आत्माहरु पाउनको निम्ति हामी क्रियाशिल भएर सोचेर, ध्यान लगाएर, अनुसन्धान गरी त्यसको पछि लागेका छौं? के ख्रीष्टले साँच्चै नै आफ्नो सेवाकाईलाई पुरा गर्नुभयो?

निश्चय नै उहाँले पुरा गर्नुभयो । उत्कृष्ट उदाहरण यूहन्ना ४ अध्यायमा पाउँछौं । यो निकै चाखलाग्दो छ । उहाँको प्रदर्शनमा यी

कुराहरु भएको देख्छौं: (१) विदेशी वातावरण– सामरीहरुका माझमा (२) त्यो समयमा उहाँका चेलाहरु प्राथमिकरुपमा भोजन र खानेकुराको बारेमा सोचेर आफ्ना समय बिताइरहेका थिए (यूहन्ना ४:८,३१,३३) । (३) तिनीहरु मध्ये धेरैले हराएका आत्मालाई परिवर्तन गर्ने बारे भन्दा पनि साँस्कृतिक आचरणलाई सच्याउनेबारे सोचिरहेका थिए (यूहन्ना ४:२७) (४) असुहाउँदो समयमा आत्मालाई खोजी गर्ने काममा लागिरहेका थिए भनी तिनीहरु सोचिरहेका थिए– गलत स्थान, गलत मानिसहरु र गलत समय थिए ।

उहाँले तिनीहरुलाई हल्का तरीकाले गाली गर्दै भन्नुभयो, "म तिमीहरुलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ" (यूहन्ना ४:३५) । यूहन्ना ४ अध्यायको प्रसङ्गले यो प्रमाणित गर्दछ कि येशूले कुन विषयमा कुरा गरिरहनुभएको थियो सो उहाँलाई थाहा थियो । त्यसपछि तिनीहरुका आँखा अगाडी अरु सामरीहरुको बीचमा त्यो स्त्री जुन मानिससँग बसिरहेकी थिई वास्तवमा उ उनकी पति होइनन् (यूहन्ना ४:१७ पछि) भन्नुभयो र "अनि उहाँका वचनको कारण अरु धेरैले उहाँमाथि विश्वास गरे" (यूहन्ना ४:४१; १ यूहन्ना ४:१४) । ख्रीष्टले आफ्नो सेवाकाईमा ध्यान केन्द्रित गर्नुभएको कुरामा उहाँ विश्वस्त हुनुहुन्थ्यो जब कि उहाँका चेलाहरु विश्वासमा भन्दा पनि भोजनमा धेरै ध्यान केन्द्रित भएका थिए । तिनीहरुका मानसिकता चेलापनमा भन्दा पनि ढिलासुस्तीमा थिए ।

के ख्रीष्टले हामीलाई यो कुरा भनिराख्नु भएको छ भन्ने कुरा तपाई विचार गर्नुहुन्छ, "आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ (पद ३५)? त्यो हेराइ अत्यावश्यक स्थितिको छ र यसको अर्थ "ध्यान दिएर हेर्ने, चिन्तन गर्ने, हेराइद्धारा सिक्ने, बुझ्नको निम्ति हेर्ने भन्ने अर्थ लाग्छ । के तपाई हराएका आत्मासित केन्द्रित भएर हेर्नुहुन्छ? के तपाई खेतबारीबारे सचेत हुनुहुन्छ, जुन कटनीको निम्ति पाकिसकेको छ?

*"के तिमीहरु भन्दैनौ, "अझ चार महीना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?! म तिमीहरुलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ । जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्" (यूहन्ना ४:३५-३६) । उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, "फसल प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्ना फसलमा खेतालाहरु पठाइदिऊन् ।" (मत्ती ९:३७-३८)।*



# सताइएको मण्डली

आफ्नो विश्वासलाई गिज्याइरहेको समयमा बाँचेका मानिसहरुलाई पूर्णरुपमा आश्वासन दिन प्रभुले स्मुर्ना मण्डलीको निम्ति पत्र लेख्नुभयो । स्मुर्ना एफिससको उत्तरपट्टि ६४ कि.मि. ताढा अवस्थित थियो । यो शहर अलेक्जेन्डर महानले स्थापना गरेको थियो । त्यहाँ एउटा ठुलो पुस्तकालय थियो जुन पछि अलेक्जेन्ड्रियामा स्थानान्तर गरियो । स्मुर्नालाई ओलम्पिक खेलको घर भनेर पनि चिनिन्थ्यो । यो शहरमा सम्राट टिबेरियसको निम्ति इ.पू.२३ को शुरुवाटमा एउटा मन्दिर बनाइएको थियो, पछि डोमिशियनको शासनकालमा एशियाभरका मानिसहरुले सम्राटलाई पुज्नुपर्ने नियम बनायो । यो शहरमा यहूदीहरुको ठुलो जनसंख्या थियो । सतावट र मृत्युको धम्कीद्वारा मण्डलीले कष्ट भोगिरहेको थियो, जसको कारणले गर्दा येशू अनन्तको हुनुहुन्छ र उहाँले चिहानमाथि विजयी प्राप्त गर्नुभएको थियो भन्ने कुराको आश्वासन मिल्दछ (प्रकाश २:८) ।

कसैले पनि वास्ता गर्दैनन् भने ती कष्ट पाएकाहरुले छिट्टै नै एक्लो महसुस गर्नेछन् । हरेक व्यक्तिको विगत, वर्तमान र भविष्यको बारेमा येशू जान्नुहुन्छ । उहाँले ती समस्याहरुका बोझलाई सहायता गर्ने प्रतिज्ञा गर्नुहुन्छ (हिब्रू २:१७-१९; ४:१५-१६; १ कोरिन्थी १०:१३) । प्रभुले तिनीहरुको गरीवी जान्नुहुन्छ; वास्तवमा उहाँले पनि त्यस्तै अवस्थाहरुको अनुभव

गर्नुभएको थियो (मत्ती ८:२०) । ख्रीष्टियानहरुले भौतिक सम्पति हासिल गर्ने कुराहरुमा आफ्ना ध्यान केन्द्रित गर्दैनन् (मत्ती ६:१९-२०) । स्मुर्नाको मण्डली भौतिकरुपमा गरीव भएता पनि आत्मिकरुपमा धनी थिए । आफैले आफैलाई यहूदी भनेका मानिसहरुबाट दोष लगाएका वा तिनीहरुको विरुद्धमा बोलेका कुराहरु पनि येशू जान्नुहुन्छ । त्यहाँ यहूदी सभाघर थियो, तर त्यो प्रभुको नभइकन शैतानको थियो भनी उहाँ भन्नुहुन्छ । हृदयमा खतना गरिएका मानिसहरु नै ख्रीष्टियान युगका साँचो इस्रायलीहरु हुन् (प्रकाश २:९; रोमी २:२८-२९; फिलिप्पी ३:३) ।

गम्भीर परीक्षणहरु आउन बाँकी भएता पनि तिनीहरु पूर्णरुपमा स्थिर थिए । एक दिन यो समस्याको अन्त्य हुनेछन् भन्ने कुरामा मण्डली विश्वस्त थियो (२ तिमोथी ३:१२; फिलिप्पी १:२९) । मण्डलीको वास्तविक शत्रु शैतान, दियावलस हो, जसको अर्थ दोष लगाउने वा निन्दा गर्ने लाग्छ (यूहन्ना ८:४४;१ पत्रुस ५:८; लूका २२:३१) । कैदमा हालेर, देश निकाला गरेर वा मृत्युदण्ड दिएर त्यसले ख्रीष्टियानहरुलाई सम्भव भएसम्म पूर्णरुपमा परीक्षामा पार्न कोशिस गर्छन । ख्रीष्टियानहरु यी कुनै पनि कुराहरुदेखि डराउनु हुँदैनन् । जीवनको मूल्य नै चुकाउनु परेतापनि तिनीहरु साँच्चै विश्वासयोग्य भएका छौ भने तिनीहरुले अनन्त जीवन इनामको मुकुटको रुपमा पाउनेछौ (लूका १२:४-५; याकूव १:१२; २ तिमोथी ४:६-८; १ पत्रुस ५:४; १ कोरिन्थी ९:२५) ।

याद गर्नुहोस्, यसलाई ओलम्पिकको घर पनि भनेर चिनिन्थ्यो । यसकारण अनन्त जीवनलाई विजयको मुकुटको रुपमा अर्थपूर्ण तरीकाले व्याख्या गरेको छ । यस पत्रको वचनलाई सुन्नको निम्ति दाजुभाइहरुलाई आग्रह गरेको छ । यदि तिनीहरुले त्यसो गऱ्यो भने तिनीहरु दोस्रो मृत्युदेखि सुरक्षित हुनेछन् (प्रकाश २:१०-११; २०:१४; रोमी ६:२३) । विजय हासिल गर्नेहरुलाई यस्तो सुरक्षाको प्रतिज्ञा गरेको छ ।

हामीलाई थाहा भएको भन्दा वा कल्पना गर्न सक्ने भन्दा पनि निकै ठुलो परीक्षा स्मुर्ना मण्डलीले अनुभव गऱ्यो । तिनीहरुमा कठिनाई आएता पनि तिनीहरु विश्वासयोग्य रहयौ भने मुकुटको प्रतिज्ञा गरेको छ । अहिलेका ख्रीष्टियानहरुले ती ख्रीष्टियानहरुका उदाहरणबाट हौसला पाउनुपर्छ जो प्रभुमा साँचो विश्वासयोग्य हुनुहुन्थ्यो जसलाई प्रभुले अनन्त जीवन विजयको मुकुटको रुपमा दिनुहुन्छ ।

# के मण्डली वास्तवमै महत्वपूर्ण छ?

"संगठित धर्म" का सम्पूर्ण अवधारणाद्धारा बृद्धि भइरहेका मानिसहरु विच्छेदन भएका छन् । "तपाईको इच्छा अनुसार गर्नुहोस्" भन्ने कुरालाई पछ्याउनको निम्ति हजारौं मानिसहरु सम्प्रदायका मूख्य रेखालाई त्याग्दै छन् । मण्डली महत्वपूर्ण छैन् भन्ने यसको प्रमुख विचार हो, यो ख्रीष्टसँगको अनावश्यक सम्वन्धको हिस्सा हो, र आत्मिक विश्वसनियताको निम्ति वाधक बाहेक केही पनि होइनन् भन्ने गर्दछन् ।

यो सत्य हो कि कहिले काहिँ हामी यो संसारमा जिइएका र मण्डलीमा काम गरेका तरीकाद्धारा पनि अन्याय गरेका हुन्छौं, कहिले काहिँ व्यापार वा सामाजिक संस्थाका अरु कुराहरुमा हामी फर्किरहेका छौं । हामीले मण्डलीमा गर्ने कामद्धारा ख्रीष्टलाई अस्पष्ट गरेकोमा हामी दोषी भइरहेका हुन्छौं । कहिले काहिँ हाम्रा तरीकाहरु र हाम्रा मनसायहरु जस्तो हुनेपर्ने थियो त्यस्तो हुँदैनन् । पाखण्डीहरु, साना कुरामा असन्तुष्ट हुनेहरु, बेइमानीपूर्वक व्यापार गर्ने मालिकहरु, संसारिक मन भएकाहरु, केवल रमाइलो र खुशी खोज्ने मानिसहरु पनि मण्डलीमा हुन्छन् । यसको साथसाथै मण्डलीमा विश्वासयोग्य, समर्पित, कठोर परिश्रम गर्ने, ख्रीष्टलाई पछ्याउने, नम्र, पश्चात्तापी, सत्य प्रेमी, परमेश्वरलाई खोज्ने, धैर्य भएका र क्षमा दिने विश्वासीहरु पनि हुन्छन् ।

मण्डली के हो भन्ने बारेको आर्दश चित्रण अनुसार हामी जिउन असफल भयो भन्दैमा त्यस्तो आर्दश मण्डलीको अस्तित्व नै छैनन् भन्ने अर्थ लाग्दैनन् । हामी कति पल्ट मण्डलीमा काम गर्न असफल भयौं होला, त्यसले फरक पार्दैनन् । हामीले गर्ने र भन्ने कुराहरुले मण्डलीलाई अप्रांसगिक बनाउँदैन् । मण्डलीले जहिले पनि हाम्रा आत्माको मुक्तिको निम्ति कार्य गर्दछ । मण्डली किन महत्वपूर्ण छ भनी देखाउने धेरै कारणहरु छन् । तर हामी यहाँ थोरै कुराहरु मात्र हेर्नेछौं ।

**(१) मण्डली महत्वपूर्ण छ किनभने यसको जन्म स्वर्गबाट भएको छ ।**

आज धेरै मानिसहरु मण्डलीको विचारप्रति तिरस्कृत भएका छन् किनभने धेरै मानिसहरुमा मण्डली केवल मानव संगठनको उपज मात्र हो भन्ने छाप परेका छन् । यदि यहि कारण हो भने, हामी सबैले यसको विरोध गर्न सक्नुपर्छ । तैपनि, धर्मशास्त्रमा पाउने मण्डलीको उत्पति

ईश्वरत्वबाट भएको छ । मण्डली परमेश्वरको अनन्त उद्देश्य अनुसारको छ, जुन येशू ख्रीष्टमा पुरा भयो (एफिसी ३:१०-११) । मण्डली महत्वपूर्ण छैनन् भनेर खाजेर गर्न खोज्नु ख्रीष्ट येशूमा परमेश्वरको अनन्तको योजना त्रुटिपूर्ण भएको घोषणा गर्नु हो । मण्डलीको स्थापना भएपछि उद्धार पाएका हरेक व्यक्तिहरुलाई आफ्ना प्रिय पुत्रको मण्डलीमा सार्नुहुन्छ (प्रेरित २:४७) भनी सर्वशक्तिमान परमेश्वर घोषणा गर्नुहुन्छ । मण्डली महत्वहीनको छ भन्नु वा वास्तविक ख्रीष्टियानिटीको निम्ति हानिकार छ भनेर घोषणा गर्नु यहोवा परमेश्वरको बुद्धिलाई अपमान गर्नु हो ।

**(२) मण्डली महत्वपूर्ण छ किनभने यसलाई रगतले किनिएको छ ।** येशूको निम्ति मण्डली निकै महत्वपूर्ण थियो भने मण्डली महत्वपूर्ण छैनन् भनी मानिसहरुले व्याख्या गर्दा अलिकति बुझ्न गाह्रो लाग्छ । येशूलाई प्रेम गर्ने र उहाँलाई पछ्याउन चाहन्छौ भनी दावा गर्ने धेरै मानिसहरु छन् । उहाँले मण्डलीलाई आफ्नो मृत्युद्धारा भएर प्रेम गर्नुभयो भन्ने कुरालाई थामिराख्न इन्कार गर्छन् । मण्डलीलाई किन्नको निम्ति उहाँले आफ्नो अमूल्य रगत बहाउनुभयो (प्रेरित २०:२८) । येशूले मण्डलीलाई यति धेरै प्रेम गर्नुभयो कि उनको निम्ति आफु मर्नुभयो (एफिसी ५:२५) । हाम्रा प्रभुको महिमित दुलहीलाई हामीले कसरी वेवास्ता गर्न सक्छौं । यदि हामीले येशूलाई अनुकरण गरिरहेका छौं भने, ख्रीष्टले मण्डलीलाई जसरी प्रेम गर्नुभयो त्यसरी नै हामीले पनि मण्डलीलाई प्रेम गर्नुपर्छ ।

**(३) मण्डली महत्वपूर्ण छ किनभने यसमा महिमा बाँधिएको छ ।** येशू दुलहा हुनुहुन्छ, र मण्डली उहाँको दुलही हो (एफिसी ५:२२ पछि) । आफ्नो बहुमूल्य दुलहीको निम्ति अनन्तको घर तयार गर्न येशू स्वर्ग जानुभएको छ (यूहन्ना १४:१-६) । एकदिन त्यो तयार गरेको घरमा लिएर जानको निम्ति उहाँ फेरी आउँदै हुनुहुन्छ । अन्तमा उहाँले राज्यलाई परमेश्वर पिताको हातमा सुम्पिदिनुहुनेछ (१ कोरिन्थी १५:२४) । मण्डली वा राज्य (मत्ती १६:१८-१९) मा हुनुभएका सबै मानिसहरु जो मालिकको सेवामा विश्वासयोग्य भएर जिइएका छन्, तिनीहरु सबै पिता, पुत्र, पवित्र आत्मा र सबै युगमा उद्धार पाएकाहरुका उपस्थितमा अनन्ततासम्म जिउनेछन् । येशूले मण्डलीलाई आखिरी दिनमा पिताको हातमा सुम्पिदिनेछ भने उहाँले मण्डली महत्वपूर्ण छैनन् भनी सोच्नुहुन्न् ।

# नयाँ


प्रायजसो हामीमा नयाँ चीजहरु भएको मन पराउँछौं । परमेश्वरसँग हाम्रो निम्ति केही महत्वपूर्ण नयाँ चीजहरु छन् ।

## नयाँ जन्म



"...साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन । निकोदेमसले उहाँलाई भने, 'मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?' येशूले जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन'" (यूहन्ना ३:३-५) । आमाको कोखबाट जब बच्चा बाहिर आउँछ, तब त्यसलाई जन्मेको भनिन्छ । त्यसरी नै जब कोही पानीको बप्तिस्माबाट बाहिर निस्कन्छन् तब पापी मानिस परमेश्वरको सन्तान भएर जन्मिन्छ । पापी मानिस येशू ख्रीष्टमा बप्तिस्मा हुँदा उ पानीमा गाडेको हुन्छ, र नयाँ जीवनको मार्गमा हिड्नको निम्ति उ पानीबाट बौरी उठेको हुन्छ (रोमी ६:३-४; प्रेरित ८:३६-३९) । यो नयाँ जन्म हो । "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोरिन्थी ५:१७) ।


## नयाँ करार



परमेश्वरले अगमवक्ता यर्मियाद्धारा भविष्यवाणी गर्नुभयो, "ती दिन आउनेछन्, जब इस्रायलको घरनासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु । तिनीहरुका पुर्खाहरुसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरुलाई

हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ । परमप्रभु भन्नुहुन्छ, तिनीहरुले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरुका पिता थिएँ" (यर्मिया ३१:३१-३२) । जब ख्रीष्ट क्रूसमा मर्नुभयो, तब उहाँले पुरानो करार पुरा गर्नुभयो, त्यसलाई हटाइदिनुभयो र त्यसको स्थानमा आफ्नै नयाँ करारलाई प्रतिस्थापित गर्नुभयो (मत्ती ५:१७-१८; कलस्सी २: १४; रोमी ७:४-७; हिब्रू ८:६-१३; ९:१५-१७; लूका २२:२०) ।

## नयाँ आकाश र नयाँ पृथ्वी



ख्रीष्टको दोस्रो आगमन बारे कसैलाई पनि थाहा छैनन् । "तर प्रभुको दिन त चोरजस्तै गरी झट्ट आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् । यी सबै कुराहरु यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्छ? तिमीहरु परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजीक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरु जलेर भस्म हुनेछन्, र तत्वहरु आगोको रापमा पग्लनेछन् । तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ" (२ पत्रुस ३:१०-१३) । विश्वास योग्य ख्रीष्टियानहरुका निम्ति अनन्त घरको दर्शन प्रेरित यूहन्नालाई दिइएको थियो: "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए । समुन्द्र त अब छँदैथिएन् । अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात पवित्र शहर, नयाँ यरुशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें । उहाँले तिनीहरुका आँखाको आँसु पूर्ण रुपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरु बितिसकेका छन्" (प्रकाश २१:१-२,४) । पूर्णरुपले पृथ्वीको विनाश हुनेछ । नयाँ पृथ्वी अनन्तको घरले हामीलाई पर्खिरहको छ !

# महत्वपूर्ण पदहरुका छिटो टिप्पणी
## (२ कोरिन्थी ६:११-१८)

११ कोरिन्थी हो, हामीले तिमीहरुलाइ प्रष्टै भनिदिएका छौं, हाम्रो हृदय तिमीहरुका निम्ति खुला छ । १२ तिमीहरुप्रतिको हाम्रो स्नेह कम भएको छैन, बरु तिमीहरुको हामीप्रतिको स्नेह पो कम भएको छ । १३ अब यसको सट्टामा म आफ्नै बालकहरुसँगै झैं भन्दछु, कि तिमीहरुले पनि आफ्ना हृदय खुला राख । १४ अविश्वासीहरुसँग एउटै जुवामा ननारिओ । किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता? १६ मूर्तिहरुसँग परमेश्वरको मन्दिरको के सम्झौता? किनभने हामी जीवित परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले भन्नुभएको छ,"म तिमीहरुमा वास गर्नेछु, तिनीहरुका बीचमा हिंडडुल गर्नेछु, र म तिनीहरुका परमेश्वर हुनेछु, अनि तिनीहरु मेरा प्रजा हुनेछन् ।" "यसकारण तिनीहरुका बीचबाट निस्केर आओ, र तिनीहरुबाट तिमीहरु अलग होओ, परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु । १८ म तिमीहरुका पिता हुनेछु, र तिमीहरु मेरा छोराछोरीहरु हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"

### ख्रीष्टियान र अख्रीष्टियानहरु एकैसाथ बन्धनमा बाँधिने बारे धर्मशास्त्रले के भन्दछ?

कहिलेकाहिँ कुनै व्यक्तिले सुसमाचारलाई आज्ञा पालन गर्दछ, र पति वा पत्नी परिवर्तन भएको हुँदैन् । जसरी १ पत्रुस ३:१ ले हौसला दिन्दछ कि विवाहलाई एकसाथ कायम राख, प्रार्थना सहित विश्वासयोग्य उदाहरणले अविश्वासीलाई जित्न सक्छ ।

यी वचनहरु जीवन साथी खोज्दै गरेका अविवाहितहरुका निम्ति उपयुक्त हुन्छ । हाम्रो आफ्नै स्नेहले हाम्रै जीवनमा प्रतिबन्ध खडा हुन सक्छन् भनी पद १२ ले चेतावनी दिन्छ । पद १३ ले तलका कुराहरुमा हृदय खुला राख्नको निम्ति हौसला दिन्छः

पुरै दुई भागको सिङ्गो मिलनको निम्ति विवाह संरचना गरिएको थियो । पुरुष + स्त्री = मानवताको सम्पूर्णता- शारीरिक रुपमा, भावनात्मकरुपमा, मानसिक रुपमा, सामाजिक रुपमा र आत्मिक रुपमा । यदि कुनै आत्मिक एकता छैनन् भने कुनै पनि एकता पूर्ण हुन सक्दैनन् । एउटै सोचाइ हुँदैन, एउटै मूल्य हुँदैन्, सहयोगीहरुका प्राथमिकतामा एकता हुँदैनन् र निश्चय नै आत्मिकतामा एक हुनेछैन् । धार्मिकता र अधार्मिकताबीच, ज्योति र अन्धकारबीचको भिन्नता पद १४ मा दिएको छ । ख्रीष्ट र शैतानबीच, विश्वासी र अविश्वासीहरुबीचको बलियो भिन्नता पद १५ मा खिचिएको छ ।

विवाहमा आत्मिक एकता हुनुपर्ने महत्व किन छ? किनभने हाम्रा शरीरहरु जीवित परमेश्वरको मन्दिर हो, र उहाँ हाम्रा परमेश्वर भएर हामीमा वास गर्ने प्रतिज्ञा गर्नुहुन्छ । पति र पत्नी परमेश्वरसित जोडिन्छ भने तिनीहरुका विवाह पूर्णतया आशिषित हुन्छन् ।

# सबै ख्रीष्टियानहरु प्रभुका सेवकहरु हुन् ।

धेरै ख्रीष्टियानहरु आफैले आफैलाई परमेश्वरका सेवक हुन् भन्न गाह्रो मान्छन। सबै ख्रीष्टियानहरु सेवक हुन; यसरी नै तिनीहरु सेवा गर्दछन् । मण्डलीबाट आर्थिक सहायता पाएर सुसमाचार प्रचार गर्ने सेवकहरु र मण्डलीबाट सहायता नपाईकन सुसमाचार प्रचार गर्ने दाजुभाइहरुबीच हामी ठुलो भिन्नता बनाएका हुन्छौं । धेरै मानिसहरुले आत्मा बचाउने जिम्मेवारीलाई स्वीकार नगर्नुको एउटा कारण यो पनि हो भनी म विश्वास गर्छु ।

यरुशलेम मण्डलीमा सतावट आउँदा मण्डलीद्धारा व्यक्तिगत प्रचार कार्यको थालनी भयो । यसबारे हामीले प्रेरित ८:३-४ मा पढ्न पाउँछौं: "तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए । तिनले पुरुष र स्त्रीहरुलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे । तब ती छरपष्ट भएकाहरुले चारैपट्टि गएर वचन प्रचार गरे ।" यसरी अघिका मण्डली छिट्टै बृद्धि भए ।

विगतका केही वर्षहरुमा ख्रीष्टको निम्ति आत्मा जित्ने कुरामा हामीहरु पनि अघिका मण्डलीहरु जस्तै भएका थियौ होला । यो अवधिभन्दा केही वर्ष पहिले सुसमाचार कार्यक्रममा बाहेक अरु समयमा निकै थोरै मानिसहरु ख्रीष्टमा बप्तिस्मा हुन्थ्यो । कृतज्ञतासाथ अहिले हामी आज्ञाकारितालाई अत्यावश्यक महसुस गरी वर्षौंभरी प्रचार गर्छौं ।

पावल यरुशलेमलाई छोड्नुभन्दा अघि एफिससमा भएका एल्डरहरुसँग कुरा गरिरहेका थिए । प्रेरित २०:२० मा उनी यसो भन्दछ, "तपाईहरुको लाभ हुने कुरा तपाईहरुका सामुन्ने घोषणा गर्नदेखि र घर-घरमा सबैका सामुन्ने तपाईहरुलाई शिक्षा दिनदेखि म पछि हटिनँ ।" पावलले हामीलाई पछ्याउनको निम्ति उदाहरण छोड्नु भएको छ । यदि हामी सुसमाचारसित हाम्रा समुदायका मानिसहरुका बीचमा पुग्ने आशा गर्दछौं भने हामी सार्वजनिकरुपमा र घर-घरमा गएर सिकाउनुपर्छ । हराएका मानिसहरुका बीचमा पुग्ने सबैभन्दा प्रभावकारी माध्यम व्यक्तिगत प्रचार कार्य हो । यो तरीकाद्धारा तिनीहरुले प्रचार कार्य गर्न सक्छन् भन्ने कुरालाई यदि हामी विश्वास गर्छौं भने प्रभुको निम्ति हामीले पनि त्यसरी नै गर्न सक्छौं भनी विश्वास गर्नुपर्छ ।

# येशूका डामहरु

शरीरमा ढुङ्गा बर्साएर उनी मरे होलान् भन्ठानेर लुस्त्रा शहरदेखि बाहिर घिस्स्याएर लगे । ढुङ्गा बर्साउनु भन्दा अघि पावललाई देवताको रुपमा घोषणा गरेर उच्च पारेको थियो, तर उनले त्यहाँका बासिन्दाहरुका आराधनालाई इन्कार गरे । देवतालाई जस्तै पुजा गर्न अयोग्य ठानेका र ती कुराहरु नचाहेर पावल र बारनाबासले यसको प्रतिकार गरे । देवतालाई जस्तै उचालेको कुरालाई स्वीकार गर्नुको सट्टा उनले तिनीहरुलाई एउटै साँचो परमेश्वरतर्फ डोऱ्याउने कोसिस गरे । "तापनि उहाँले आफूलाई गवाहीविना छोडनुभएन्" (प्रेरित १४:१७) ।

पावलको कारणले गर्दा एन्टिओखियामा क्रोधित भएका यहूदीहरु २०८ कि.मि. ताढा गएर आइकोनियामा भएका यहूदीहरुलाई पनि क्रोधित बनाउनुको साथै लुस्त्रामा भएका मानिसहरुलाई पनि हलचल गराए । पावल र बारनाबासलाई पर्याप्त मात्रामा तिनीहरुको शहरबाट धपाउने कोशिस गरे, किनभने तिनीहरुले येशूको बारेमा प्रचार गरेका थिए ।

पछि पावलले आफ्नो घाउको डामलाई यसरी व्याख्या गऱ्यो, "किनभने म आफ्नो शरीरमा येशूका डामहरु धारण गर्दछु" (गलाती ६:१७) । अरु मानिसहरुले सहेका पिडा र लाजलाई तिरस्कार गरेको जस्तो पावलको अनुभव थिएनन्, तर उनले क्रूसको कष्टलाई भन्दा पनि निकै परको कुरा देख्यो जहाँ मानिसहरु परमेश्वरसँग मिलाप हुनेछन् (हिब्रू १२:१-२) । येशूका हात र खुट्टामा किलाका डामहरु अनि उहाँका कोखामा रोमीहरुका भालाले छेडेका थिए । पावलले ख्रीष्टका डामहरु धारण गरेको छु भन्नुको कारण यो थियो कि उनी ख्रीष्टको धार्मिकताको खातिर कष्ट भोग्न योग्यको थियो । येशूले सहनुभएका कष्टहरुलाई केही सानो तरीकाबाट यसरी पावलले प्रस्तुत गरेको छ ।

यदि तपाई धर्मी हुनुहुन्छ भने निश्चय नै तपाईमा कष्ट आउनेछ (२ तिमोथी ३:१२) । जस्तोसुकै रुप भएर आएता पनि कष्टदेखि भयभीत नहुनुहोस् । जसरी सिपाहीले आफ्नो तक्माहरु प्रदर्शन गर्दछ त्यसरी नै येशूका डामहरु धारण गर्नुहोस् । डामहरुलाई संसारले लाजको रुपमा लिने गर्दछन्, तर वास्तवमै ख्रीष्टियानहरुले हौसलाको प्रमाणको रुपमा विचार गर्दछन् ।



# बारमा खुट्टा तेर्साउनु

जब मैले विवादास्पद समस्याबारे एक जना राजनितिज्ञलाई सोधेको थिएँ, उनले एकपल्ट यसो जवाफ दियो, "यसको पक्षमा पनि मेरा साथीहरु छन् र यसको विरुद्धमा पनि मेरा साथीहरु छन् र म जहिले पनि मेरा साथीहरुमा टाँसिरहन्छु!" यसरी उनी राम्रोसँग पर्खालमा खुट्टा तेर्साएर दुवैपट्टि बस्दछ ।

ख्रीष्टियानिटीमा पनि धेरै मानिसहरु यस्तै छन् । तिनीहरु न त कसैको विरोधमा उभिन्छन् न त कसैको राम्रो कुराको समर्थनमा खडा हुन्छन् । तिनीहरु सोच्ने गर्दछन् कि यसरी बारमा खुट्टा तेर्साएर बस्दा तिनीहरु दुवैतर्फ हुन सक्छन् । संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरालाई तिनीहरुले महसुस गर्दैनन् । ख्रीष्टियानहरुले संसारलाई थाहा दिओस् कि तिनीहरु कसको पक्षमा उभिएका छन्, पापलाई सामना गर्दै, संसारिकपन र गलतलाई इन्कार गर्दछन् ।

आत्मिक रुपमा त्यहाँ कुनै मध्य स्थान छैनन् । मोशाले सोध्यो, "परमप्रभु तर्फ को छन्" (प्रस्थान ३२:२६) । "तिमीले कसको सेवा गर्ने आजै तिमीहरुले रोज" (यहोशू २४:१५) भनी यहोशूले मानिसहरुलाई चुनौती दिए ।

तपाई पर्खालमा खुट्टा तेर्साएर बस्न सक्नुहुन्न् । जब लाउडिकिया मण्डलीले त्यस्तो गर्न कोसिस गऱ्यो तब म तिमीलाई मेरो मुखबाट उकेलिदिनेछु भनी येशूले भन्नुभयो (प्रकाश ३:१६) । हामीले दुई मालिकको सेवा गर्न सक्दैनौं (मत्ती ६:२४) । हामीले परमेश्वर र संसार दुवैलाई खुशी तुल्याउन सक्दैनौं । दुईवटै हातमा लड्डु हुन्छन् भन्ने कुरा ख्रीष्टियानिटीमा हुँदैनन् ।

# तपाई कसरी नाप्नुहुन्छ?

सर्वश्रेष्ठ शक्ति हाम्रो होइन्, तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँडाहरुमा छ । हामी सबैतिरबाट कष्ठित छौ, तर किचिएका छैनौं । अन्योलमा परेका छौं, तर हताश भएका छैनौं । सताइएका छौं, तापनि त्यागिएका छैनौं । प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं । येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधै हाम्रा शरीरमा बोकिहिड्छौं । किनकि हामी जीवित छँदा पनि येशूको खातिर सधै मृत्युको मुखैमा परिबस्छौं, यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित होस् । यसरी मृत्युले हामीमा काम गर्दछ, तर जीवनले तिमीहरुमा । "मैले विश्वास गरें, यसकारण म बोलें" भन्नेकै आत्मा हामीमा भएको हुनाले हामी पनि विश्वास गर्छौं, र हामी बोल्छौं । हामी जान्दछौ, कि प्रभु येशूलाई जीवित पार्नुहुनेले हामीलाई तिमीहरुसँग उहाँको उपस्थितिमा ल्याउनुहुन्छ । किनभने यी सब तिमीहरुकै खातिर भएका हुन्, ताकि जसरी अनुग्रह धेरैभन्दा धेरै मानिसहरुमा फैलिदैजान्छ, त्यसरी नै परमेश्वरका महिमाका निम्ति धन्यवाद दिने काम पनि बढ्दैजाओस् । यसकारण हामी हरेस खाँदैनौं । हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ । किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ । हामी दृश्य कुरालाई होइन्, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

– (२ कोरिन्थी ४:७–१८)

# स्वीकारयोग्य आराधना

कस्तो प्रकारको आराधना परमेश्वरमा स्वीकारयोग्य हुन्छ? अथवा, हामीले उहाँलाई जसरी आराधना गर्छौं के यसले वास्तवमै परमेश्वरलाई कुनै फरक पार्छ? सामरी स्त्रीसँग येशूको कुराकानीमा परमेश्वरलाई खुशी तुल्याउने आराधनाको प्रकारबारे परिभाषित गर्दै उहाँले मानिसहरुलाई यसो भन्नुहुन्छ: "परमेश्वर आत्मा हुनुहुन्छ, उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२४) ।

## वास्तविक र सत्य आराधना ।

माथि उल्लेखित येशूको वचनबाट अरु धेरै कुराहरु सिक्न सक्छौं, यो स्पष्ट छ: परमेश्वरमा स्वीकार योग्य आराधना हुनको निम्ति आराधना यर्थाथ हुनुपर्छ । आराधना आराधकहरुका आत्माबाट (वा हृदय) र परमेश्वरको सत्यता (वचन) अनुसार हुनुपर्छ । त्यस्तो प्रकारका आराधकहरु साँचो खतनावाला हुन (येशू ख्रीष्टमा भएको विश्वासद्धारा अब्राहामको सन्तान हुनेछौं) । प्रेरित पावल भन्दछ, "किनकि परमेश्वरलाई आत्मामा पुज्ने र ख्रीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं" (फिलिप्पी ३:३) ।

## श्रद्धा र ईश्वरीय भयका साथ ।

हाम्रो आराधना परमेश्वरमा सुनवाई हुनको निम्ति हामी उहाँमा श्रद्धापूर्वक जानुपर्छ । "...त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढाऔं । किनभने हाम्रा परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ" (हिब्रू १२:२८-२९) । हामी सर्वशक्तिमान भयभित यहोवा परमेश्वरको उपस्थितमा छौं भन्ने कुरालाई महसुस गर्दै परमेश्वरलाई आराधना गर्नुपर्छ भन्ने यसले अर्थ दिन्छ । उहाँलाई हामीले आराधना गर्दा हाम्रा मन केवल उहाँमा मात्र केन्द्रित गर्नुपर्छ । जीवनका हरेक व्यर्थ कुराहरु, मनोरञ्जन र सुख विलासहरुलाई पर राखी हाम्रा हृदयलाई सर्वशक्तिमान परमेश्वरको निगरानीमा राख्नुपर्छ । मोशाले जलिरहेको प्रोथाको अगाडी आफ्नो जुत्ता फुकाले किनभने उनी पवित्र भूमिमा थियो । जब हामी परमेश्वरको अगाडी हाम्रा ओठका पवित्र बलिदानसित देखा पर्छौं, हामी पनि पवित्र भुमिमा हुन्छौं । हामीलाई अलमल्याउने सबै संसारिक

कुराहरुलाई हामी पर फालेर अनन्त परमेश्वरको अगाडी हाम्रा मन र हृदयलाई प्रमाणित गर्नुपर्छ ।

## शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले ।

सुव्यवस्थित ढङ्गले आराधना गर्नु अर्को विशेषता हो, जुन परमेश्वरमा ग्रहणयोग्य हुन्छ । "तर सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ" (१ कोरिन्थी १४:४०) । चिच्याएर, कराएर, सामुहिक रुपमा होहल्ला गरेर सभालाई अलमल्ल पार्नुहुँदैन् । सभाको प्रमुख लक्ष्य भनेको मण्डलीलाई आत्मिक बृद्धि गर्नु हो (१ कोरिन्थी १४:२६) ।

## बिनम्रता ।

आराधनालाई परमेश्वरमा स्वीकार योग्य बनाउने अर्को महत्वपूर्ण तत्व बिनम्रता हो ।"परमेश्वरले अहङ्कारीलाई विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ" (१ पत्रुस ५:५) । फरिसी र कर उठाउनेको अभिलेखबाट येशूले उदाहरण दिनुभयो । तिनीहरु मन्दिरमा प्रार्थना गर्न गए । परमेश्वरसँगको प्रार्थनामा फरिसीले उनका सबै असल गुणहरुलाई गणना गरियो । उ अरु पापी मानिसहरु जस्तो नभएको कुरामा कृतज्ञता जाहेर गर्दछ । आफु उपवास बसेको र आफूसँग भएको सम्पतिबाट सावधानी पूर्वक दशांश दिएकोमा परमेश्वरलाई प्रसंसा गर्दछ (लूका १८:११-१२) । अर्को तर्फ कर उठाउनेले आफ्नो शिर लाजले झुकाउँदै आफ्नो छाती पिटेर यसो भन्यो, "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्" (लूका १८:१३) ।

येशूले तिनीहरुलाई भन्नुभयो, "योचाहिँ (कर उठाउने) मानिस त्यस अर्काभन्दा (फरिसी) धमी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्चाइनेछ, तर जसले आफूलाई होच्चाउँछ, त्यो उच्च पारिनेछ" (लूका १८:१४) ।

## व्यवहारिक उपयोग

आउनुहोस्, साँच्चै नै सम्पूर्ण हृदय र ईश्वरीय भयका साथ उहाँलाई श्रद्धा, शिष्टतापूर्वक, बिनम्रताका साथ आत्मा र सत्यतामा आराधना गरौं । यदि हामी यसो गर्छौं भने परमेश्वरले हाम्रा प्रार्थना सुन्नुहुन्छ, र हाम्रा आराधना स्वीकार गर्नुहुन्छ भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौं ।

# भेटी दिनेबारे चार दृष्टिकोण

जब म बाइबल स्कुलको विद्यार्थी थिएँ तब हाम्रो एक जना शिक्षकले कक्षामा भेटी दिने शिर्षकमा रुपरेखा दिनुभएको थियो, जसलाई मेलै एक वर्षसम्म प्रयोग गरेको थिएँ । त्यो रुपरेखा दाऊदले अरौनालाई दिएको भनाइबाट लिएको थियो । जब उनले दाऊदलाई आफ्नो खला र यहोवाको निम्ति बलिदान गर्न चाहिने सबै कुरा दिने प्रस्ताव गऱ्यो । अनुच्छेदमा यसरी पढ्न पाउँछौ, "तर राजाले अरौनालाई भने, होइन्, म ती तिमीबाट किन्नेछु । पैसा नपरेको चीज लिएर परमप्रभु मेरा परमेश्वरलाई म बलिदान चढाउनेछैनँ । यसकारण दाऊदले त्यो खला र गोरुहरु चाँदीका पचास सिक्कामा किने" (२ शमूएल २४:२४) । यो पद खण्डबाट शिक्षकले चारवटा स्वभावहरुलाई देखाउनुभयो जुन हरेक व्यक्तिले भेटी दिँदा प्रर्दशन गर्नुपर्छ ।

**पहिलो स्वभाव- म बलिदान चढाउनेछैनँ ।** कोही कोही मानिसहरुले सामान्यरुपमा भेटी दिने इच्छा गर्दैनन् । तिनीहरु आत्मिकरुपमा गरीव छन् ।

**दोस्रो स्वभाव- म परमप्रभुलाई बलिदान चढाउनेछैन ।** कोही कोही मानिसहरुले भेटी दिने इच्छा गर्दछन्, तर तिनीहरुले परमप्रभुलाई दिने इच्छा गर्दैनन् । तिनीहरुले सामाजिक संस्था र क्लबहरुको निम्ति इच्छुक भएर दिन रुचाउँछन्, तर प्रभुको निम्ति भेटी दिने इच्छा गर्दैनन् ।

**तेस्रो स्वभाव- मेरो लागि मूल्य परेको चिज म परमप्रभुलाई बलिदान चढाउनेछैनँ ।** कसै-कसैले परमप्रभुलाई भेटी दिने इच्छा गर्दछन्, तर तिनीहरुलाई मूल्य पर्ने कुनै कुरा पनि उहाँलाई दिने इच्छा गर्दैनन् । तिनीहरुले उहाँलाई उब्रेका टुक्राहरु मात्र दिन चाहन्छन्, मुख्य पकाएका कुराहरु दिन चाहँदैनन् ।

**चौथो स्वभाव- मेरो लागि मूल्य नपरको चीज लिएर परमप्रभुलाई म बलिदान चढाउनेछैनँ ।** यस्ता मानिसहरु पनि छन् जसले आफ्नो भेटी दिनको निम्ति बलिदान गर्दछन् । तिनीहरुले धेरै कुरा त्यागेका हुन्छन् र अरु मानिसहरु आनन्द गर्दछन् ताकि तिनीहरुले प्रभुलाई अझ धेरै दिन सकोस् ।

तपाई र तपाईको भेटी दिने कुरामा कुनचाहिँ स्वभावले सबैभन्दा बढी प्रतिनिधित्व गर्छ? के तपाई पूर्णरुपमा दिने कुरालाई नै इन्कार गर्नुहुन्छ ? के तपाईले सामान्यरुपमा प्रभुलाई दिने कुरा इन्कार गर्नुहुन्छ? के तपाईले उब्रेका टुक्राहरुमात्र दिनुहुन्छ ? के तपाईलाई मूल्य पर्ने कुराहरु दिनुहुन्छ? दाऊद जस्तै हुनको निम्ति म तपाईलाई हौसला दिन्छु र केवल तपाईलाई मूल्य पर्ने कुराहरु मात्र दिनुहोस् ।

# पवित्र हात उठाएर




"यसकारण सबै ठाँउहरुमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरुन भन्ने म चाहन्छु" (१ तिमोथी २:८) । यो पदमा पवित्र हात उठाउने भन्नाले के अर्थ लाग्छ? धेरै मानिसहरुले हात शब्दलाई जोड दिन्छन् । जब कसैले प्रार्थना गर्दछन् भने उनको शारीरिक तरीकालाई पावलले सम्बोधन गरिरहेका छन् भन्ने प्रभाव पर्दछन्। तैपनि, यो पदमा तिनीहरुले प्रार्थना गर्दा आफ्नो हातले के गर्ने भन्ने पावलको अर्थ लाग्दैनन्, यसको सट्टामा तिनीहरुका हृदय र जीवनको अवस्थाबारे बताउँदछ ।


बाइबलले प्रार्थनाका विभिन्न शारीरिक अवस्थाहरुबारे वर्णन गर्दछः उभिएर (१ राजा ८:२२), घुडाँ टेकेर (दानिएल ६:१०), बसेर (लूका २२:१४,१७), पल्टेर (२ शमूएल १२:१६), हातहरु उचालेर (नहेम्याह ८:६), हात नउचालिकन (मत्ती २६:३९), भित्तातिर फर्केर (२ राजा २०:२), शिर निहुऱ्याएर (प्रस्थान ४:३१), आकाशतिर आँखा उचालेर (यूहन्ना १७:१) इत्यादि । बाइबलले प्रार्थनाको निम्ति कुनै विशेष आशनहरु निर्धारण गरेका छैनन् । परमेश्वरको निम्ति कसैको शारीरिक अवस्था महत्वको हुँदैनन्, तर त्यसको सट्टामा उहाँको निम्ति कसैको हृदयको अवस्था महत्वपूर्ण हुन्छन् । "त्यो खराबीबाट फर्कोस र असल गरोस्, त्यसले शान्तिको खोजी गरोस् र त्यसको पछि लागोस् । किनकि परमेश्वरको नजर धर्मात्माहरुमाथि रहन्छ, र उहाँका कान तिनीहरुका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरुका विरुद्धमा हुन्छ" (१ पत्रुस ३:११,१२) ।


प्राय जसो शारीरिक क्रियाकलापहरु गर्नको निम्ति मानिसहरुले आफ्नो हातहरुलाई प्रयोग गर्दछन् (जस्तैः काम गर्न १ थेसलोनिकी ४:११; युद्ध गर्न भजनसंग्रह १४४:१), हातले कसैको क्रियालाई संकेट गर्दछ (उत्पति १६:२; मत्ती ६:३; मर्कूस ९:४३) । मानिसका असल वा खराब क्रियाकलापहरु प्रत्यक्षरुपमा उनका हृदयसँग सम्वन्धित हुन्छन् (मत्ती १२:३४-३५;

मर्कूस ७:२०-२३) । पापको दोष लागेकाहरुलाई फोहोर हातहरु भनियो (यशैया १:१५; इजकिएल ३:१८,२०; याकूब ४:८), यसरी कसैको हृदय वा जीवनबाट पापलाई हटाउन कसैले हात धुने कुरालाई संकेट गर्दछ (व्यवस्था २१:६-९; भजनसंग्रह २६:२; याकूब ४:८) । येशूलाई दोष दिइरहँदा पिलातसले आफ्नो हात धोएर निर्दोष भएको घोषणा गऱ्यो (मत्ती २७:२४) । दाऊद लेख्दछ, "मेरा धार्मिकता अनुसार परमप्रभुले मसँग व्यवहार गर्नुभयो । मेरा हातका शुद्धताको अनुरुप उहाँले मलाई प्रतिफल दिनुभयो" (भजनसंग्रह १८:२०) ।

बाइबलमा कसैले प्रार्थना गर्दा आफ्नो हात उचालेको छ भने वास्तवमा उनले परमेश्वरमा आफ्नो शुद्ध जीवन बिताइरहेको संकेट गर्छ, र यसरी उनको प्रार्थनामा अवरोध नभएको होस् भन्ने अर्थ लाग्छ । कसैले हात उचालेको होस् वा नहोस्, फोहर होस् या सफा होस् त्यो कुराद्वारा उनको प्रार्थना स्वीकारयोग्य हुने या नहुनेसँग कुनै सरोकार हुँदैनन् । परमेश्वरको निम्ति हरेक मानिसहरुका हृदय र जीवनको अवस्था महत्वपूर्ण हुन्छ । पापको (आत्माको फोहर) कारणले गर्दा कसैको प्रार्थनामा अवरोध हुन्छन् (यशैया ५९:१,२; भजनसंग्रह ६६:१८), उनको हातको अवस्था र आशनले गर्दा होइनन् । परमेश्वरले यशैयालाई यो लेख्न अभिप्रेरित गर्नुभयो, "तिमीहरुले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरुदेखि छोप्नेछु, तिमीहरुले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ । तिमीहरुका हात रगतले भरिएका छन् । आफूलाई धोएर चोखो पार । मेरो नजरबाट तिमीहरुका दुष्ट कामहरु फालिदेओ! खराबी गर्न छोड!" (यशैया १:१५-१६) । यसरी, प्रार्थनामा आफ्ना हात उचाल्नु भन्नाले परमेश्वरको उपस्थितमा आफ्ना आत्मा र जीवनलाई उचाल्नु भन्ने बुझिन्छ (भजनसंग्रह ६३:४; ८६:४; विलाप ३:४१) । यदि तपाईका आत्मिक हातहरु पापका दाग लागेका छन् भने परमेश्वरले तपाईका प्रार्थनाहरु सुन्नु हुनेछैनन् (भजनसंग्रह ६६:१८) । तैपनि, यदि कसैका हातहरु पापबाट धोइएका छन् (भजनसंग्रह १८:२०,२४; २४:४) भने उनका प्रार्थनाहरु परमेश्वरमा स्वीकारयोग्य हुन्छन् (१ पत्रुस ३:१२) ।

१ तिमोथी २:८ मा हातहरुलाई जोड दिएको छैनन्, तर पवित्र हातहरुले गर्ने काम र जीवनको बारेमा भनेको हो । जब मानिसहरुले प्रार्थना गर्दछन्, तिनीहरुका शारीरिक आशनलाई भन्दा पनि तिनीहरुका हृदय र जीवन पवित्र भएको परमेश्वर चाहनुहुन्छ (रोमी १२:१; एफिसी १:४) । उनका आत्मिकी हातहरु शुद्ध छन् भने हात नभएका मानिसहरुले परमेश्वरमा गरिएका प्रार्थना अझै स्वीकारयोग्य हुन्छन् ।





(१) शिक्षक: हिजो तिमी किन बाल संगतीमा नआएको?
यूहन्ना: आमाले पिट्नु भयो सर ।
शिक्षक: आमाले किन पिट्नु भएको नि?
यूहन्ना: आज बाल संगतीमा जान्न भनेको थिएँ त्यसैले ।


(२) एउटा मान्छे अमेरिका जानको निम्ति जहिले पनि डि.भी.परोस् भनी परमेश्वरसँग दिन रात प्रार्थना गर्दो रहेछ । न त उसलाई कहिल्यै पनि डि.भी. पऱ्यो न ता उसले प्रार्थना गर्न नै बन्द गऱ्यो । एकदिन निकै नै दु:खी हुँदै परमेश्वरलाई प्रार्थनामा पुकारा गर्दै भन्यो: हे प्रभु, मेरो पुकार नै सुन्नु हुन्न् भने मैले प्रार्थना गरेर के फाईदा भयो? त्यसपछि एकदिन परमेश्वरले उसलाई सपनामा यसरी बोल्नुभयो: मैले केही गरिन भनी तँ किन मसँग धेरै दु:खी हुन्छस्? तँले पनि त केही गर ।
त्यो व्यक्तिले भन्यो: प्रभु म के गरौं?
परमेश्वरले भन्नुभयो: कमसे कम एउटा डि.भी.को फाराम त भर ।

(३) एक जना विश्वासी मण्डलीको अगुवासँग कुरा गर्दै:
विश्वासी: अगुवा ज्यू, हजुर दुघर्टनामा पर्नु भयो भन्ने सुनेको थिएँ, निकै धेरै चोट लाग्यो होला है?
अगुवा: अंह, मलाई एक ठाउँमा पनि चोट लागेन, दुईवटा खुट्टा मात्र भाँचियो ।

(४) एक जना जवान विश्वासी मण्डलीको अगुवाको छोरी माग्न गएछन् ।
जवान: अगुवा ज्यू, हजुरलाई एउटा कुरा भन्नु थियो (लजाउँदै) ।
अगुवा: के कुरा हो भाई लाज नमानी भन्नु होस् ।
जवान: म हजुरको छोरीको हात माग्न माग्न आएको थिएँ ।
अगुवा: लाने भए पुरै शरीर नै लानुस् हात मात्र त म दिन सक्दिन् ।

(६) बाल संगतीको शिक्षक: भन त तिमी ठुलो भएपछि के बन्न चाहन्छौ?
यूहन्ना: म बाल संगतीको शिक्षक बन्न चाहन्छु सर ।
शिक्षक: स्यावास्, तर तिमी किन शिक्षक बन्न चाहन्छौं?
यूहन्ना: बच्चाहरुको कान समातेर गालामा चड्कन हान्न पाइन्छ त्यसैले नि सर ।

(७) कक्षामा एक जना सरले बच्चाहरुलाई स्वर्गको बारेमा कक्षा लिइरहनु भएको थियो । सबै कुरा भनिसके पछि तिमीहरु मध्ये को-को स्वर्ग जान चाहन्छौ भनी सरले कक्षामा सोध्नुभयो । एक जना सानी बच्ची बाहेक सबैले हामी जान चाहन्छौ भनी हात उठाए । सरले त्यो बच्चीलाई सोध्नुभयो तिमी किन स्वर्ग जान चाहन्नौ? बच्चीले भनिन् जान त मन छ सर, तर आमाले भन्नुभएको थियो छ कि स्कुलबाट सिधै घर आउनु नत्र तेरा खुट्टा भाँची दिन्छु ।



# चट्टानको जगमा निर्माण

जगसँग तुलना गर्दा भौतिक संरचना त्यति मजबुट हुँदैनन् । भुकम्प आउँदा जमिन हल्लाएर भवनहरु खस्दा यो तथ्यलाई हामी स्मरण गर्छौं । यो सिद्धान्त हाम्रो जीवनमा पनि लागु हुन्छ । येशूले मत्ती ७:२४-२७ बाट सिकाउनुभयो:

> "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो । अनि पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन । किनकि त्यो चट्टानमाथि बसालिएको थियो । जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो । पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो ।"

येशूले डाँडाको उपदेश (मत्ती ५-७ अध्यायहरु) को महान प्रवचनलाई यी शब्दहरुद्धारा अन्त्य गर्दै हुनुहुन्छ । यी अध्यायहरुमा ख्रीष्टियानिटीका

आन्तरिक शिक्षाहरुलाई शक्तिशाली रुपमा सारांश दिइएको छ । ख्रीष्टले आवश्यक अगुवाई र आज्ञाहरु दिनुहुन्छ, जसलाई पछ्याएर ईश्वरभक्त जीवन जीउन सक्छौं जहाँ हाम्रा आत्मिक भलाइ र परमेश्वरको आज्ञाकारिताको सुनिश्चितता हुन्छ । पावलले १ कोरिन्थी ३:११ पदमा ख्रीष्टको शिक्षालाई जीवनको जगको रुपमा उल्लेख गरेको छ, "किनकि जुन जग बसालिसकेको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन ।" यो महान प्रवचनको केही महत्वपूर्ण सार तत्वहरुले निम्ति लिखित चट्टानको जग निमार्ण गर्दछः-

- मत्ती ५:१-१२- दीन हुनेहरु, नम्रहरु, धर्मीहरु, शुद्ध हृदय हुनेहरु, दयावन्तहरु, मेलमिलाप गराउनेहरु र परमेश्वरका सेवकहरु जो धार्मिकताका निम्ति सताइएर आशिषित र धन्य हुन्छन् ।
- मत्ती ५:२१-३०- हाम्रा हृदयबाट पाप उत्पन्न हुन्छ, व्यवहारले हाम्रो हृदयलाई प्रतिविम्बित गर्दछ ।
- मत्ती ६:५-१३- परमेश्वरले आफ्ना सन्तानहरुका प्रार्थनामा जवाफ दिनुहुन्छ ।
- मत्ती ६:१९-२१- कसैले पृथ्वीमा धनसम्पति जम्मा गरेर राख्दैनन्, तर त्यसको सट्टा स्वर्गमा संचय गर्दछ ।
- मत्ती ६:३३-३४- हामीले सबै भन्दा पहिला स्वर्गको राज्य र ख्रीष्टको धार्मिकतालाई खोज्नुपर्छ । हामी यसो गर्छौं भने परमेश्वरले हाम्रा सबै आवश्यकताहरु उपलब्ध गराउनुहुन्छ ।
- मत्ती ७:१३-१४- स्वर्गको बाटो साँघुरो र कठिन हुन्छ । अनन्त विनाशको बाटो फराकिलो र सजिलो हुन्छ ।
- मत्ती ७:१५-२०- झुटा शिक्षकहरुदेखि होशियार रहो ।
- मत्ती ७:२१-२३- केवल पितालाई चिनेका र उहाँका इच्छा पालन गरेकाहरुमात्र बचाइनेछन् ।

यो प्रवचनमा अरु धेरै शिक्षाहरु छन् । मजबुट जगमा कसरी तपाईको जीवन निमार्ण गर्न सकिन्छ भनी जान्न मत्ती ५-७ अध्यायका पदहरुलाई अध्ययन गर्नुहोस् । अरवौं मानिसहरुका असफल जीवनद्धारा संसार ढाकिरहेका छन् । ख्रीष्टको शरीर बाहिर रहेर आखिरी असफलता हुनु भनेको मृत्यु हुनु हो । कस्तो प्रकारको जगमा तपाईले आफ्नो जीवन निमार्ण गर्दै हुनुहुन्छ?

# हाम्रो चुनौती

"अनि थियाटीराको मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरको पुत्रले भन्दछ, जसका आँखा आगोका ज्वालाजस्ता, जसका पाउ टल्काइराखेको काँसाजस्ता छन् । तिम्रा काम, तिम्रो प्रेम, तिम्रो विश्वास, तिम्रो सेवा र तिम्रो धैर्यपूर्ण सहनशीलता मलाई थाहा छ । तिम्रा पछिल्ला काम अघिल्लाभन्दा बढी छन्" (प्रकाश २:१८-१९) ।

तिनीहरुको महान विश्वासयोग्यतामा हौसला दिन परमप्रभु थियाटीराको मण्डलीमा जानुहुन्छ र बधाई दिँदै गम्भीरताका साथ उहाँले यो खण्ड खोल्नुहुन्छ । तिनीहरुका हद र उद्यमीको प्रसंसा गर्दै उहाँले तिनीहरुका उपलब्धीहरुलाई उल्लेखनीय वाक्यहरुद्धारा ताज पहिऱ्याउनुहुन्छः "तिम्रा पछिल्ला काम अघिल्लाभन्दा बढी छन् ।" निश्चय नै थियाटीरा झुण्ड शक्तिशाली हुनुपर्छ । विगतमा हासिल गरेका सहज सन्तुष्टिहरुलाई मात्र अंगालेर बसेनन् । तिनीहरु ख्रीष्टको खातिर अरु धेरै कुराहरु हासिल गर्ने तर्फ अगाडी बढिरहेका छन् ।

विगतका प्रयासहरु वर्तमानको निम्ति अथाह शक्ति हुन् । हाम्रा अनुभवहरुले हामीलाई अझ अगाडी बढ्न र परमेश्वरको महिमाको निम्ति धेरै कुराहरु प्राप्त गर्न चुनौती दिन्छ । दुभाग्यवश, धेरैले प्राय जसो ताढा नपुगीकन विगतका कुराहरु सहयोगको रुपमा भन्दा पनि बाधकको रुपमा लिने गर्दछन् । अतितका सम्झनाहरु बाधकको रुपमा प्रगतिको लागि सेवा गर्ने कुरा हुन सक्छन् । हामी विगतका विजयहरुमा बाँचिरहनु हुँदैनौं वा विगतका हारहरुले अहिलेको वर्तमान र भविष्यको निम्ति हाम्रा प्रभावकारिताहरुलाई सिमित बनाउँछ । त्यसको सट्टा थियाटीरामा भएको मण्डलीको उदाहरणलाई पछ्याउनुहोस् । हामीले प्रेम, विश्वास र सेवाको भावनालाई विकसित गर्नुपर्छ जसले विगतका कुराहरुमा विश्राम गर्नुभन्दा पनि भविष्यको निम्ति निमार्ण गर्दछ ।

हामीहरु महान उत्तराधिकारका उत्तराधिकारीहरु हौं । मानिसहरुले हाम्रा निम्ति गर्नुभएका कार्यद्धारा सम्मान र प्रेम गर्नुपर्दछ जसले शक्तिशाली कुराहरु हासिल गरेको स्मरण गर्दछ । तिनीहरुले हामीहरुलाई अगाडी बढाउन उत्प्रेरणा गर्दछ । हाम्रो चुनौती भनेको हाम्रो उत्तराधिकार निमार्ण गर्नु हो ताकि पछिल्ला काम अघिल्लाभन्दा बढी होस् ।

# त्यो जीवन हो

"आज वा भोलि हामी फलानो शहरमा जाऔंला, त्यहाँ एक वर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला' भन्नेहरु अब सुन भोलि के हुने हो तिमीहरु जान्दैनौं । तिम्रो जिन्दगी के छ? तिमीहरु त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ । यसको सट्टामा त तिमीहरुले यसो भन्नुपर्ने, 'यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौला र यस्तो-उस्तो गरौंला' तर अहिले तिमीहरु आ-आफ्ना शेखीमा धाक लाउँछौ । यस्तो सबै शेखी खराब हो । यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ" (याकूब ४:१३-१७) ।

हामी यो जीवनमा जन्म हुँदाको बारेमा भन्नुपर्ने कुराहरु केही थिएन् । हामी मृत्युमा कहिले यो संसारलाई छोडेर जान्छौं भन्नेबारे हामीलाई थाहा छैनन् । त्यसकारण, जन्म र मृत्युबीचको समयमा सबैभन्दा उच्च प्राथमिकता के हुनुपर्छ? आजको जीवन ।

मैले कहिँ यसो पढेको थिएँ, "जीवन इरेजरविनाको चित्र कला हो ।" विगतमा गरेका गल्तीहरु- जुन कुराहरु हामीले गर्न नहुने थियो त्यो हामीले गऱ्यौं र हामीले गर्नुपर्ने कुराहरुलाई हामीले गर्न छोडेका थियौं- ती कुराहरुलाई परिवर्तन गर्न सक्दैनौं । हामीसँग मेट्ने इरेजर छैनन्, यसकारण अब हामीले गर्ने? तपाईको जीवनमा ख्रीष्टलाई साथमा राख्नुहोस् । हाम्रो जीवनमा उहाँलाई साथ राख्यौं भने निश्चय नै हामी भोलि उत्तम काम गर्न सक्छौं र हामी गर्नेछौं ।

सम्मानित व्यक्ति पिटर मार्सलले यस्तो जोरदार वयान दिएको थियो, "यदि तपाईको भान्छा घरमा परमेश्वर प्रवेश गर्नुहुन्न् भने तपाईको भान्छाघरमा केही कुरा गलत छन् । यदि तपाईको मनोरञ्जनमा तपाईले परमेश्वरलाई लिएर जान सक्नुहुन्न् भने तपाईको खेलमा केही गलत छन्...।" हामी सबैले साहसपूर्वक परमेश्वरमा विश्वास गर्छौं । चाहे हामी सामान्य मानिस होऔं या पेशा भएको मानिस होऔं या घर गृहिणी होऔं या उच्च शिक्षा हासिल गरेको होऔं या अशिक्षित होऔं हामी सबैको जीवनमा परमेश्वर हुनुपर्छ । हाम्रो जीवनमा उहाँलाई राख्यौ भने जस्तो सुकै अवस्था आएता पनि उहाँले हामीलाई सम्भव बनाउनु हुन्छ । फिलिप ब्रूक्स भन्ने व्यक्तिले एक पल्ट यसो लेखेको थियो, "हामीलाई धुन मन नपरेतापनि संगीतको बारेमा सामना गर्न ख्रीष्टियानिटीले हामीलाई सहायता गर्दछ ।"

तपाई यो जीवन बाहिर रहेर केही गर्दै हुनुहुन्छ? के तपाईको जीवनमा येशूलाई बाहिर राखेर केही कुरा गर्न अनुमति दिदैं हुनुहुन्छ? आज नै येशूलाई तपाईको जीवनमा राख्नुहोस् । यसले तपाईको जीवनमा फरक ल्याउनेछ ।

# के तपाईले शैतानलाई चिन्नुहुन्छ?

"सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ" (१ पत्रुस ५:७-८) ।

परमेश्वरले हामीलाई चेतावनी दिनुहुन्छ कि हामीसँग घातक शत्रु छ जसले हामीलाई लगातार विनाश गर्न खोजिहिड्छ । धर्मशास्त्रमा त्यसलाई "शैतान", "दियाबलस", "अजिङ्गर" भनेर चिनिन्छ । त्यस नाउँबाट पनि हामी बुझ्न सक्छौ कि त्यो दुष्ट व्यक्तित्व हो । चित्रकारहरुले त्यसको अनुहारलाई विचार गर्दा प्रायजसो डरलाग्दो रातो राक्षसको रुपमा सिङ्गहरु, पखेटाहरु र हातमा दाती भएको चित्रण गर्दछन् । तिनीहरुको काल्पनिक चित्रले हामीलाई त्यसको दुष्ट आशयको बारेमा बुझ्न सहायता गर्दछ ।

अग्रीम चेतावनीहरुलाई सशस्त्रको रुपमा लिनुपर्छ । तर समस्या यो छ कि त्यो डरलाग्दो राक्षसलाई कसैले कहिल्यै देखेका छैनन्, जो लुकिछिपी गर्न सक्छ, प्रभावकारी रुपमा परिवर्तन हुन सक्छ, र खतराको आभास नभएको जीवनलाई विध्वंस बनाइदिन्छ ।

हाम्रा प्रभुले हामीलाई चेतावनी दिनुहुन्छः "झूटा अगमवक्ताहरुदेखि होशियार बस, जो तिमीहरुकहाँ भेडाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरुजस्ता हुन्छन्" (मत्ती ७:१५) । यी वचनहरुले हामीलाई तथ्यपूर्ण रुपमा सचेत गराउँदछ कि शैतान केवल सबै झूटका पिता मात्र होइनन्, (यूहन्ना ८:४४), तर त्यो सबै छलका मालिक पनि हो । हामी सबै जना ब्वाँसा वा राक्षसबाट भाग्नुपर्छ भन्ने कुरा त्यसलाई थाहा छ । तर को चाहिँ हानीरहित भेडाको पक्षबाट दौडनुहुन्छ? त्यसो भए शैतानको साधारण रुप फेर्ने कुराहरु के-के हुन्?

- प्राय जसो शैतानले मानिसहरुका भोक र सुखलाई साधनको रुपमा प्रयोग गर्छ; वियर र अरु मादक पेय पदार्थहरु, अवैध लागुपदार्थहरुले धेरै मानिसहरुलाई ठूलो आनन्द दिन्छ- यो केही क्षणभरको निम्ति मात्र हो वा त्यसले स्वास्थ्यलाई बर्बाद गर्छ । यी रमाइलोको पछाडी शैतान लुकिरहेको हुन्छ भन्ने तथ्यले तिनीहरुलाई चेतावनी दिन्छ । घिचुवा पनि एउटा शैतानको साधन हो । भोजनले भोकलाई प्रतिकार गर्न सक्छ जस्तो देखिन्छ, र त्यसको परिणाममा मोटोपना हुन्छ जसले स्वास्थलाई विनाशको अवस्थामा पुऱ्याउँछ र जीवनलाई छोटो बनाइदिन्छ ।
- झुट, अनैतिक व्यवहार लगायत लालच हासिल गर्ने लक्ष्यको रुपमा पनि

शैतान आउँछ । कुनै–कुनै सिङ्गो संस्कृति त्यही आधारमा संचालन हुन्छ कि कसैले पनि भरोसा गर्न सक्दैनन्, सामान्यतया सबै मानिसहरुलाई पूर्णरुपमा शैतानले नियन्त्रण गरेको छ ।

- कोही स्त्रीहरुका सुन्दरतालाई हेरेर वा कोही पुरुषहरुका अश्लिल अपीलद्धारा वा तिनीहरुको दुवै शरीरद्धारा कमजोर मानिसहरुलाई अवैध र अनैतिक अवस्थामा खिची पासोका सिकार बनाउने काम शैतानले गर्छ ।
- शैतानले जाली वा नक्कली मण्डलीहरु र नक्कली सुसमाचारहरुलाई प्रयोग गरेर मानिसहरुलाई सत्यतामा अन्धा बनाइदिन्छ । त्यसका सबै भन्दा बढी प्रभावकारी शिक्षकहरु ईश्वरवाद प्रचार गर्नेहरु होइनन्, तर जसले आफू प्रचारकहरु र अगुवाहरु भनी दावा गर्दछन्, तिनीहरु गलत धर्ममा छन् । प्रत्येक आत्माहरुलाई परमेश्वरको खाँचो छ भन्ने कुरा शैतानलाई थाहा छ, र शैतानले खोक्रोसित झुटका कुराहरु भरिदिन्छ । छलिएका आत्माहरु पूर्ण भरोसाका साथ फराकिलो बाटोमा हिडेर प्रतिज्ञा गरेको ठाउँमा अन्त्य हुन्छ ।
- शैतान पनि शूक्ष्म चोर नै हो । आफ्नो आम्दानीबाट व्यक्तिगत आवश्यकताहरु र सबै बिलहरु तिरिसकेपछि जे कुरा उब्रेका छन् ती कुराहरु नै ख्रीष्टियानहरुले परमेश्वरलाई दिनुपर्छ भनी शैतानले परीक्षामा पार्छ । हरेक मण्डलीले परमेश्वरको पैसालाई ९५% मण्डलीको भौतिक आवश्यकतामा खर्च गर्नुपर्छ भनी शैतानले लोभ्याउँछ । सुसमाचार र उपकारको कामलाई भन्दा पनि मण्डली भवनको भौतिक संरचनालाई सौन्दर्यता दिने कुराहरुलाई सोच्न लगाउँछ ।
- दाजुभाइबीच शत्रुता र मतभेद सृजना गरी शैतानले आत्मालाई नष्ट गर्छन् । कहिलेकाहिँ शैतानले व्यक्तिगत भिन्नतालाई आफ्नो छिनोको रुपमा प्रयोग गर्छन । कहिलेकाहिँ त्यसले प्राथमिकताको इच्छालाई प्रयोग गर्दछ, वा परमेश्वरको सत्यतादेखि फर्किने समस्या पनि हुन सक्छ । यी मध्ये कुनैले पनि मण्डलीलाई विभाजन गर्न सक्छ, र त्यसको परिणामद्धारा आत्माहरु अनन्तताको निम्ति विनाश हुनेछ ।
- समय उपभोग गर्ने मनोरन्जन पनि आत्मिक रुपमा घातक हुन सक्छ । शैतानले परीक्षा गर्ने यी विषयका क्रियाकलापहरु आफैमा पापमय होइनन् । मनोरन्जनले महत्वपूर्ण समयलाई खर्चिदिन्छ जसले पाप उत्पन्न गराउँछ । प्रत्येक दिन घण्टौ समय टेलिभिजन, कम्प्युटर, खेलकुद वा अरु रमाइलो गर्ने कुराहरुमा बिताउँछौ जुन समय परमेश्वरबाट खोसेका हुन्छन् । ख्रीष्टियानहरुले आफ्नो दिनलाई राम्रोसँग बिताउनुपर्छ । प्रार्थना, बाइबल अध्ययन र आराधनामा समय बिताउनुपर्छ । अरु

मानिसहरुलाई सुसमाचार सुनाउने समय तालिका बनाउनु पर्छ र त्यसरी नै समानान्तर रुपमा मनोरन्जन गर्ने समय पनि हुन्छन् । एक हप्ताको समय अवधि कसरी तुलना गर्नु हुन्छ?

- शैतानको सबैभन्दा प्रभावकारी साधन भनेको व्यस्तता हो । संसारमा हराएका मानिसहरुलाई सुसाचारद्धारा ख्रीष्टमा ल्याउने कुरालाई एउटा साधनको रुपमा छोडिएको छ । तिनीहरुलाई आफ्नो उद्देश्य थाहा छन्, र तिनीहरु परमेश्वरका हातका साधन भएको चाहन्छन् । तापनि, गर्नुपर्ने आवश्यक कामहरु हजारौं छन्, र गर्नुपर्ने कामहरु बाँकी राखी दिन र हप्ताहरु त्यसरी नै बिताउँछन् । धेरै मानिसहरु यस्ता परीक्षामा परिरहेका छन् र त्यो पापमय कुरा होइनन् । शैतानको योजना हो भन्ने कुरालाई पहिचान नगरी धेरै मानिसहरुले आफ्नो जीवन त्यसरी नै बिताइरहेका छन, यसले ख्रीष्टियानहरुलाई पाहुनाहरुसँग, मनोरञ्जन, सरसफाइ, टेलिभिजन, इन्टरनेट, कम्प्युटर इत्यादिमा व्यस्त बनाउँछ । जसले गर्दा परमेश्वरको वचन अध्ययन गर्न वा सुसमाचार अरु मानिसहरुलाई प्रचार गर्ने समय बचेका हुँदैनन् । जब विवेकले इन्कार गर्दछ, शैतानले यसलाई शान्त बनाउँछ र भोलिको आशामा राखिदिन्छ ।
- अन्तमा, कुनै व्यक्तिगत समर्पण जसले ख्रीष्टियानहरुका हृदयमा परमेश्वरको निम्ति पहिलो प्राथमिकतामा हुँदैन्, त्यो शैतानको साधन हो । हरेक व्यक्ति उ जस्तै दुष्ट बनेको होस् भन्ने शैतान चाहन्छ । असल काम गरेर सही हुन चाहनेहरु धेरै छन् भन्ने कुरा त्यसलाई थाहा छ । यसकारण जबसम्म मानिसहरु परमेश्वरसँगको सम्वन्धमा मनतातो हुन्छन्, तब सम्म शैतान आफ्नो सफलतामा सन्तुष्ट हुन्छ ।

हो, शैतान विभिन्न रुपमा आउन सक्छ । ख्रीष्टियानहरुले आफ्नो रक्षा गरेर त्यसको विरुद्धमा परमेश्वरका सम्पूर्ण हातहतियार धारण गरेर, सर्तक भई आक्रमण गर्नुपर्छ । “यसकारण आफ्ना कम्मर सत्यताले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ, र खुट्टामा मिलापको सुसमाचारको जुत्ता लाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो । सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो” (एफिसी ६:१४-१८) ।




# घर प्रशिक्षणको महत्व

घर त्यो स्थान हो, जहाँ बच्चाहरुले तालिम पाउँछन् जसले गर्दा यो जीवन र अनन्त जीवनको निम्ति जग स्थापना हुन्छन् । हाम्रा बच्चाहरु यो संसारमा आउछु भनेर आएका होइनन् । तिनीहरु संसारमा आगमन हुनुको प्रमुख जिम्मेवारी आमाबुबाहरुलाई जान्छन् । तिनीहरु खुशी छन् या छैनन यसको साथै तिनीहरुले अनन्तता कहाँ बिताउने भन्ने कुरा घरले ठुलो प्रभाव पार्नेछन् । साँच्चै नै अभिभावक हुनु अति उत्तम जिम्मेवारी हो ।

परमेश्वरले चाहना गर्नु भएको काम गर्नको निम्ति आमाबुबाले आफ्ना बच्चाहरुको जीवनको शुरुवाटबाट नै थाल्नुपर्छ । प्रायजसो धेरै अभिभावकहरुले ढिला नभएसम्म पर्खिरहन्छन्, र त्यसपछि तिनीहरु कसरी असफल भयौ भनी अचम्म मान्दछन् । शिमशोन र उनकी पत्नीलाई पुत्रद्धारा आशिष हुनेछन् भन्ने कुरा जब उनीहरुले थाहा पाए, शिमशोनको पिता मानोहबाट एउटा ठुलो पाठ सिकाएको छ । उनले सोध्यो, "जब तपाईको वचन पूरा हुनेछ, तब त्यो केटाको जीवन र कामको नियम कस्तो हुनेछ" (न्यायकर्त्ता १३:१२) । शिमशोन जन्मनुभन्दा अगाडी आफ्नो पुत्रको भविष्यबारे उनी चिन्तित थिए ।

परमेश्वरले अभिभावकहरुलाई भन्नुहुन्छ, "बालकलाई उ हिड्नुपर्ने बाटोमा तालीम देऊ" र "तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ" (हितोपदेश २२:६; एफिसी ६:४) । तिनीहरुलाई सही बाटोमा ल्याउन तालिम दिने जिम्मेवारी अभिभावकहरुलाई बाहेक अरु कसैलाई

नभएको बाइबलीय तथ्यले पुष्टि गरेको छ । तिनीहरु किशोर अवस्थामा पुगिसकेपछि न ता तिनीहरुलाई आफ्नो जिम्मेवारीहरु अरुको अगाडी प्रयोग गराउन सक्छन न ता तिनीहरुले आफ्ना बाल बच्चाहरुलाई तालिमको शुरुवाट गर्न सक्छन् । तिनीहरु बच्चा अवस्थाको समयदेखि आमाबाबुको निगरानीमा रहुन्जेलसम्म अभिभावकहरु नै जिम्मेवारी हुन्छन् । यो एउटा निरन्तर हुने प्रक्रिया हो । अभिभावकहरुले आफ्ना सन्तानहरुलाई परीक्षादेखि अलग्गै राख्न सक्दैनन्, तर अभिभावकहरुले तिनीहरुलाई पापदेखि अलग रहनको निम्ति सहायता गर्न सक्छन् । त्यसैकारणले गर्दा सन्तानहरु बच्चा अवस्थामा हुँदा नै अभिभावकहरुका जिम्मेवारीहरु शुरुवाट हुन्छन् । यो कुरामा पक्का हुनुपर्छ कि अभिभावकहरुले तिनीहरुका सन्तानहरुका भौतिक आवश्यकताहरुका साथै आत्मिक कुराहरुका पनि वास्ता गर्दछन् । आफ्ना परिवारले कुन कुरामा सबैभन्दा बढी जोड दिएका बालबच्चाहरुले देख्छन्? अभिभावकहरुले बालबच्चाहरुलाई शब्द वा कामद्धारा जे सिकाउनुहुन्छ प्रायजसो बालबच्चाहरुले पनि त्यही सिक्छन् र पछि गएर आफ्ना सन्तानहरुलाई पनि त्यही सिकाउँछन् । यदि हामीले भौतिक कुराहरुलाई मात्र प्राथमिकता दिएका छौं भने परीक्षाको सामना गर्नुपर्दा तिनीहरुले विश्वासको उत्तम लडाई लड्न सक्छन् भनी हामीले बच्चाहरुबाट अपेक्षा गर्न सक्दैनौं । ख्रीष्टले भन्नुभयो, "कसैले दुई मालिकको सेवा गर्न सक्दैनन् । किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ । अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ" र "सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" (मत्ती ६:२४; १६:२६) ।

आमाबुबाको निम्ति आफ्ना बालबच्चाहरुको आत्मा भन्दा महत्वपूर्ण अरु कुरा केही हुँदैनन्, किनभने आत्मा अनन्तको हुन्छ । यदि तपाईका बालबच्चाहरु खान नपाएर भोकै मर्नुभयो र स्वर्गमा अनन्तता बितायौ भने तपाईले संसारमा सबैभन्दा बढी सफलता हासिल गर्नुभएको हुन्छ । अर्को हातमा, यो जीवनले दिन सक्ने सबै कुरा तपाईका बालबच्चाहरुमा छन र इन्साफको दिनमा आत्मा गुमायौ भने तिनीहरुको जीवन दयनीय रुपमा असफल भएको हुनेछन् । यसैकारणले गर्दा अभिभावकहरुले घर प्रशिक्षणको महत्वलाई कहिल्यै पनि बिर्सनुहुन्न् ।



# कस्तो उत्तराधिकार!

जकरिया र एलीशिबा बप्तिस्मा दिने यूहन्नाको आमाबुबा थिए, उनीहरुलाई यसरी व्याख्या गरिएको थियो, "ती दुवै परमेश्वरको सामुन्ने धर्मी थिए, र परमप्रभुका सबै आज्ञा र धार्मिक-विधानहरुमा निर्दोष भई हिड्थे" (लूका १:६) । त्यस्तो प्रकारको ईश्वरीय आमाबुबा पाउनु यूहन्नाको निम्ति आशिषको कुरा हो ।

ईश्वरीय आमाबुबा पाउनु साँच्चै नै आशिषको कुरा हो । जुन आमाबुबाले तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काउनुभयो (एफिसी ६:४), उहाँहरुप्रति जहिले पनि कृतज्ञता हुनुपर्छ! कस्तो उत्तराधिकार!

कसरी तपाईले ईश्वरीय आमाबुबाको वर्णन गर्नुहुन्छ? परमेश्वरको वचनले यसरी व्याख्या गर्दछ:-

- ईश्वरीय आमाबुबा परमप्रभुको मार्गमा हिड्नुहुन्छ र आफ्ना बालबच्चाहरुले उहाँहरुलाई पछ्याउन आज्ञा गर्नुहुन्छ (उत्पति १८:१९) ।
- ईश्वरीय आमाबुबाले आफ्ना छोराछोरीहरुलाई परमेश्वरको सत्यता

बताउनु हुन्छ (यशैया ३८ः१९) ।


- ईश्वरीय आमाबुबाले तिनीहरुका छोराछोरीहरुलाई अर्ती–उपदेश र आदेश दिनुहुन्छ (१ थेसलोनिकी २ः११) ।
- तिनीहरु सही मार्गमा हिडोस् भनी ईश्वरीय आमाबुबाले आफ्ना छोराछोरीहरुलाई ताड्ना दिनुहुन्छ (हिब्रू १२ः७) ।
- ईश्वरीय आमाबुबाले आफ्ना छोराछोरीहरु हिड्नुपर्ने मार्गमा तालिम दिनुहुन्छ (हितोपदेश २२ः६) ।

बाइबलका अगम्य सम्पतिको रुपमा व्यवस्थाको पुस्तक ६ः४–९ पदहरुमा आमाबुबालाई मोशाको सल्लाह अर्तीको रुपमा दिएको पाउँछौं । मोशा लेख्दछः "हे इस्रायल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्ना सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आफ्नो मनमा राख । ती तिमीहरुले आफ्ना छोराछोरीहरुलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिंडदा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । ती आफ्ना हातमा चिन्हको लागि कसिराख । ती तिमीहरुको निधारमा बाँधिराख । ती आफ्ना घरका द्धारको चौकोस र मूल ढोकाहरुमा लेख ।"

यसलाई संक्षिप्तमा हेरौंः–

- ईश्वरीय आमाबुबाले वास्तवमा परमेश्वरलाई प्रेम गर्दछन् (व्यवस्था ६ः४–६) ।
- ईश्वरीय आमाबुबा आफ्ना सन्तानप्रति समर्पित हुन्छन् र तिनीहरुलाई परमप्रभुका मार्ग मेहनतकासाथ सिकाउँछन् (व्यवस्था ६ः७) ।
- ईश्वरीय आमाबुबा सार्वजनिकरुपमा आफ्नो विश्वासमा खडा भएर जिउँदछन् (व्यवस्था ६ः८–९) ।

सोलोमन लेख्दछ, "असल मानिसले आफ्ना नाति–नातिनाहरुका निम्ति पैतृक–सम्पति छोडिराख्छ" (हितोपदेश १३ः२२) । यो केवल भौतिक सम्पति मात्र होइनन् । यो विश्वासको सम्पति हो । कस्तो उत्तराधिकार!



# पाँच मिनेट बाइबल अध्ययन

## स्वीकार

(१) किनकि मानिसले आफ्नो...............विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले...........गर्छ र............पाउँछ (रोमी १०:१०) ।

(२) यसकारण तिमीहरु एउटाले अर्कासँग आ–आफ्ना...........स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना.................र प्रभावशाली हुन्छ (याकूब ५:१६) ।

(३) तरै पनि शासकहरुमध्ये धेरैले उहाँमाथि......................गरे, तर फरिसीहरुको...........गर्दा, र तिनीहरुले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो.................गरेनन् (यूहन्ना १२:४२) ।

(४) जसले जित्छ, त्यसलाई यसरी..........................पहिराइन्छ, म त्यसको नाउँ जीवनको पुस्तकबाट.................। म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँको दूतहरुका सामुन्ने............गर्नेछु (प्रकाश ३:५) ।

(५) र हरेक.......................................परमेश्वर पिताका महिमाको निम्ति.................प्रभु भनी...........गर्नुपर्छ (फिलिप्पी २:११) ।

(६) यदि हामीले आफ्ना..................स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ.......................र धर्मी हुनुहुन्छ (१ यूहन्ना १:९) ।

(यसको उत्तर पछाडीको पानामा छ ।)

# हामीले प्रभुलाई के दिन सक्छौं?

शायद तपाईले याद गर्नु भएको हुनुपर्छ कि कोही व्यक्तिले कुनै कुरालाई केही मूल्यको ठान्दैनन् र अर्को व्यक्तिले त्यही कुराहरु सबैभन्दा महत्वपूर्ण र उच्च स्तरको मूल्यवान ठान्दछन् । हामी सबैजना सहमति हुन्छौं कि जब कुनै कुरा अर्कोसँग तुलना गऱ्यौं भने संसारिक कुराहरु अस्थायी मूल्यको निम्ति हुन जान्छ । कसैलाई रिमोटबाट चलाउने हवाइजहाज खेलौना मन पर्छ भने कसैलाई शिकार खेल्ने खेलौना मन पर्छ । अझै, हामी सबैले आत्मिक कुराहरुको मूल्यलाई सबैभन्दा महत्वपूर्ण ठान्नुपर्छ । यी सबै कुराहरु नै हाम्रा निम्ति सबैभन्दा उच्चको ठान्नुपर्छ तापनि कहिले काहिं ती कुराहरुलाई धेरैले काम नलाग्ने फोहोर मैला ठान्दछन् ।

एक पल्ट मरियमले परमप्रभुलाई सिङ्गमरमरको एउटा शीशीमा बहुमूल्य अत्तर लिएर उहाँको शिरमा खन्याउने इच्छा गरिन् । यो असल कार्य र बलिदानको रुपमा खन्याउन लागेकी छिन् जुन तिनको निम्ति बहुमूल्यको थिइन् । यहूदा र अरु चेलाहरुका निम्ति सो घटनाको विषय बेकार जस्तो लाग्यो (मत्ती २६) । परमेश्वरको निम्ति जिउनु धेरैको निम्ति काम नलाग्ने बेकार जस्तो देखिन्छ । के तपाईले विश्वासको मूल्यबारे कहिल्यै प्रश्न गर्नुभएको छ? धेरैले तल देहायका कुराहरुलाई परमप्रभुको निम्ति निस्वार्थ रुपमा लिन्छन् भने अरुले यसलाई काम नलाग्ने ठान्दछन् । तपाई आफैले आफैलाई कुन समुहमा पाउनुहुन्छ?

## (१) परमप्रभुलाई दिइएको समय ।

समयको बारेमा पावललाई सम्झनुहोस् जसले आफ्नो समय प्रार्थनामा बिताउँदछ (फिलिप्पी ४:६) । प्रार्थना गरिरहने व्यक्ति हुनको निम्ति समय चाहिन्छ । बाइबल अध्ययनलाई दिइने समयबारे सोच्नुहोस् । परमप्रभुको वचन थाहा पाउनको निम्ति हामीले वचन अध्ययनमा राम्रो समय दिनुपर्छ । आराधनाको निमित्त पर्याप्त समय दिनुपर्छ । यात्रामा निस्कने र त्यसको निम्ति तयारी हुने समय हुन्छ । यसको लागि हप्तैभरी घण्टौं समय

लाग्छन् । आत्मिक बृद्धि हुने कुराहरुमा सम्लग्न हुन समय लाग्छ । के मैले यो समय स्वतन्त्ररुपमा वा हिचकिच्याहतको रुपमा दिन्छु? हामी सबैलाई थाहा छ कि समय उपयोगी सामाग्री हो र धेरैले हाम्रा समयको माग गर्दछन् । परमप्रभुलाई दिएको समय मूल्यवान छ भन्ने कुरा के तपाईलाई अवगत छ?

**(२) परमप्रभुलाई दिइएका योग्यताहरु ।**

धेरैले परमप्रभुका निम्ति आफ्ना योग्यताहरु विश्वासयोग्यकासाथ प्रयोग गर्दछन् भने कसैले यसलाई काम नलाग्नेको रुपमा लिने गर्दछन् । हामी देख्दछौं कि धेरै ख्रीष्टियानहरुले आफ्ना वरदान र योग्यताहरुलाई परमप्रभुको काममा विभिन्न तरीकाबाट उपयोग गर्दछन् । परमप्रभुको खातिर आफ्ना वरदानहरुलाई प्रयोग गर्दै जीउने सिकर्मीहरु, डाक्टरहरु, सल्लाहकारहरु इत्यादि असल मानिसहरुबारे सोच्नुहोस् । के यिनीहरु बेकारका छन्? के तपाई आफ्नो योग्यता र वरदानहरु प्रभुको निम्ति उपयोग गर्दै हुनुहुन्छ?

**(३) परमप्रभुलाई दिइएका परिश्रमहरु ।**

परमप्रभुले जे इच्छा गर्नुहुन्छ, सबै विश्वासयोग्य ख्रीष्टियानहरुले समयमै परिश्रम, काम र मेहनत गर्नुपर्छ (लूका १३:२४) । हाम्रा आफ्नै जीवनका संघर्षहरुका विरुद्धसित परिश्रम गर्ने समय हुन्छ । प्रत्येक दिन परीक्षाहरुसँग सामना गर्नै पर्छ । कसै-कसैले परमेश्वरलाई सेवा गर्नु पनि व्यर्थको ठान्दछ (मलाकी ३:१४) । ख्रीष्टियान जीवनमा संघर्ष हुन्छन् भनी शैतानले सुनिश्चित गर्दछ (एफिसी ६:१०,११) । के ख्रीष्टियानहरुका परिश्रमको कुनै मूल्य छन्?

परमेश्वरका जनहरु, तपाईले प्रभुमा गर्नुभएका परिश्रमहरु व्यर्थका छैनन् भनी पक्का गर्नुहोस् (१ कोरिन्थी १५:५८) । तपाईले गर्नुभएको काम र प्रेमको परिश्रम परमेश्वरले बिर्सनुहुन्न् (हिब्रू ६:१०) । प्रभुको निम्ति तपाईले गर्नुभएको सबै कामहरुका इनाम हुनेछन् (मत्ती ५:३-१२) । परमप्रभुलाई दिइएको महान लाभांसको कुनै भुक्तानी हुँदैनन, जुन कुराको कुनै लगानी छैनन् (मत्ती ६:१९-२१) ।

# चार जिम्मेवारीहरु

हिब्रू ४:९ मा ख्रीष्टियानहरुलाई परमेश्वरका जनको रुपमा उल्लेख गरेका छन् । हामी ख्रीष्टमा रुपान्तर भईसकेपछि मात्र हामी परमेश्वरका जन हुन्छौ भनी पत्रुसले आफ्नो पत्र १ पत्रुस २:९,१० मा भन्दछ । विशेष अर्थमा हामी परमप्रभुका जन हौं । उहाँले हामीलाई किन्नुभयो र यसरी हामी उहाँको अधिनमा छौ (१ कोरिन्थी ६:१९,२०) । उहाँले हामीलाई आफ्नै जन हुनको निम्ति जबर्जस्ती गनुभएन् । उहाँको निमन्त्रणालाई हामीले जवाफ दियौं । कृपया यी चारवटा जिम्मेवारीका कुराहरुलाई याद गर्नुहोस्ः–

**(१) उद्देश्यको मानिसः**

यो जीवनमा परमेश्वरका जनहरुका इच्छा ठुलो हुन्छन् । परमेश्वरका जनहरुका प्राथमिक सेवाकाई सुखविलास र सम्पतिसँग सम्वन्धित हुनुहुँदैनन् । लामो समय अगाडी सोलोमनले भनेको थियो कि “परमेश्वरको भय राख्नु र उहाँका आज्ञाहरु पालन गर्नु मानिसले गर्नुपर्ने सारा कर्तव्य हो” (उपदेशक १२:१३) । नयाँ नियमले पनि यही उद्देश्यलाई प्रष्टरुपमा समेटिएको छ । परमेश्वरलाई प्रसन्न पार्नको निम्ति हामी यो संसारमा छौं (१ थेसलोनिकी ४:१) । हाम्रा परिश्रमहरुलाई आफैले न्याय गरी परमप्रभुमा स्वीकार योग्य बनाउनु पर्छ । जीवन धन सम्पतिहरुले बाँधिएका हुनुहुँदैनन् र हामीले स्वर्गमा धन सम्पति थुर्पानुपर्छ (मत्ती ६:१९–२१) । हामीले परमेश्वरलाई महिमा हुने कुराहरुमा जोड दिनुपर्छ (मत्ती ५:१६) । हाम्रा प्रयास र परिश्रमहरु आत्मिक कुराप्रति लक्षित हुनुपर्छ (कलस्सी ३:१,२) । परमेश्वरले सबैलाई प्रेम गर्नुहुन्छ र सबैजना स्वर्गको निम्ति सम्भाव्य छन् । यो रोजाई अहिले तपाई र मेरो हो । संसारमा रहँदा परमेश्वरका जनहरुका महान र उच्च उद्देश्य हुनुपर्छ ।

**(२) शुद्धताको मानिस ।**

परमेश्वरका जनहरुमा पवित्र जीवन जिउने लक्ष्य हुनुपर्छ । “आफैले आफैलाई पवित्र राख” भन्ने शब्दहरु पावलले तिमोथीलाई दिएको थियो ।

शुद्ध हृदय हुनेहरुले परमेश्वरलाई देख्नेछन् भनी येशू भन्नुहुन्छ (मत्ती ५:८) । हिब्रू लेखक लेख्दछ कि हामी पवित्र नभएसम्म स्वर्गमा प्रवेश गर्ने र प्रभुसित हुने मौका कहिल्यै पनि पाउनेछैनौं (हिब्रू १२:१४) । गलाती ५:१९-२१ अनुसार शारीरिक पाप स्वभावको अधिनमा भएकाहरु स्वर्गमा प्रवेश गर्नेछैनन् । कुनै पनि पाप स्वर्गमा प्रवेश गर्नेछैन् भन्ने शब्दद्वारा बाइबलको अन्त्य हुन्छ (प्रकाश २१:२७) र ईश्वरहीनहरु अर्कोपट्टि हुनेछन् (प्रकाश २२:१५) । बाइबल हाम्रो स्तर हो र येशू हाम्रो उदाहरण हुनुहुन्छ । यसकारण शुद्धताको जीवन जिऔं ।

### (३) प्रार्थनाको मानिस ।

परमेश्वरका जनहरु प्रार्थनाका जन हुनुपर्छ भन्ने कुरा अति आवश्यक र महत्वपूर्ण कुरा हो । प्रार्थनामा हामी परमेश्वरलाई सम्मान गर्छौं, अनुरोधहरु माग्छौं, कृतज्ञता जाहेर गर्छौं र पाप स्वीकार गर्छौं । के यी कुराहरु हाम्रो आत्मिक जीवनको निम्ति महत्वपूर्ण छैनन्? प्रार्थना गर्नको निम्ति येशू बिहान सबेरै उठ्नुभयो । उहाँले रातभरी प्रार्थनामा समय बिताउनुभयो । हामीलाई निरन्तर प्रार्थना गर्न र प्रार्थनामा भरोसा गर्न सिकाएको छ (कलस्सी ४:२) । हाम्रो जीवनका यस्ता धेरै क्षेत्रहरु छन् जहाँ हामीले प्रार्थना गर्नुपर्छ । निश्चय नै हामी प्रार्थना गर्ने मानिस हुनुपर्छ ।

### (४) शक्तिको मानिस ।

परमेश्वरका जनहरु शक्तिशाली मानिसहरु भएको उहाँ अपेक्षा गर्नुहुन्छ । परमेश्वरले हामीलाई शक्तिको आत्मा दिनुभएको छ (२ तिमोथी १:७) । हामी ख्रीष्टमा दह्रिलो हुनुपर्छ । हामीले हाम्रा विश्वासमा, आत्मसंयम र नैतिक आचरणका कुराहरुलाई थप्नुपर्छ (२ पत्रुस १:५-७) । यसले हामीलाई सहनको निम्ति शक्ति दिन्छन् । हामीले निरासा र सतावटलाई पनि जित्नुपर्छ । हामी चिन्तित हुनुहुँदैनौं । हामीले पापलाई होइन् भन्नु पर्छ । निश्चिय नै हामी शक्तिका मानिस हुनुपर्छ ।

परमेश्वरका विश्वासयोग्य जनहरुका निम्ति भविष्यको स्वर्ग सुनिश्चित छ । यसकारण हाम्रा जिम्मेवारीहरुलाई पुरा गरौं । परमेश्वरका जन भएर हामी हाम्रा जिम्मेवारीबाट कसरी ताढा रहन सक्छौं?

# समय लिनुहोस् ।

हामी सबै "हतार गर्नुहोस्" भन्ने समाजमा जिइरहेका छौं । हतारले एउटा दिशा बनाउँछ र त्यसपछि अर्को दिशामा मोडिन्छ । चिन्ता, तनाव, उच्च रक्तचाप, मानसिक तनाव र अरु धेरै नराम्रा कुराहरु यसका वास्तविक परिणामहरु हुन् । यो भन्दा पनि धेरै खराब परिणामहरु यर्थाथ हुन्; हामी एउटा हदसम्म असफल हुन सक्छौं वा केवल सामान्यरुपमा हुनुपर्ने कुराहरुलाई हामीले एकैसाथ असफल बनाइरहेका हुन्छौं । यस्ता केही कुराहरु वास्तवमै पुरा हुनको निम्ति समय लाग्छ । धेरै मध्ये यस्ता केही कुराहरु छन् जसको बारेमा हामीले केही गर्न समय लाग्छ । म आशा गर्दछु कि यी महत्वपूर्ण कुराहरु हाम्रो बहुमूख्य समयको निम्ति दिएको छ ।

## (१) पवित्र हुने समय लिनुहोस् ।

"पवित्रताको निम्ति समय लिनुहोस्" भन्ने हामी भजन गाउँछौं । परमेश्वरलाई देख्नको निम्ति उसको हृदय पवित्र हुनैपर्छ (मत्ती ५:८) । पवित्रताविना कसैले पनि परमेश्वरलाई देख्न सक्दैनन् (हिब्रू १२:१४) । ईश्वरीय जीवनमा चिन्तन र अभ्यास गर्नको निम्ति समय र शक्ति चाहिन्छ । एक पाइला पछाडी सरेर आफैले आफैलाई ख्रीष्टको तरीकाबाट चल्नको निम्ति समय लिनुहोस् । यो परमेश्वरको इच्छा हो (१ थेसलोनिकी ४:३) । जस्तो व्यक्ति हामी हुनुपर्ने हो, त्यस्तै हुनको निम्ति घण्टा, दिन, हप्ता, महिना र वर्षौको समय लाग्दछ । पवित्र हुनको निम्ति समय लिनुहोस् ।

## (२) प्रार्थना गर्ने समय लिनुहोस् ।

हामीले प्रार्थना गर्ने समय लिन सकेनौं भने हामी धेरै व्यस्त मात्र भइरहेका हुन्छौं । "निरन्तर प्रार्थना गरिरहो" (१ थेसलोनिकी ५:१७) । "तिनीहरु सधैं प्रार्थना गरिरहून, र निराश नहोऊन्" (लूका १८:१) । "सधै सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ" (एफिसी ५:२०) । हाम्रा विश्वस्तामा, हाम्रा क्षमामा, अरुको चासोमा, हाम्रो कृतज्ञतामा र परमेश्वरलाई सम्मान गर्ने कुरामा प्रार्थनाको ठुलो हिस्सा हुन्छ । के तपाई प्रार्थनाविना जिउन चाहनुहुन्छ? तपाईको जीवनमा प्रार्थनाले ठुलो आशिषहरु ल्याउन सक्छन् भन्ने कुरा के

तपाई महसुस गर्नुहुन्छ? व्यक्तिगतरुपमा प्रार्थना गर्ने समय लिनुहोस् ।

**(३) बाइबल अध्ययन गर्ने समय लिनुहोस् ।**

ज्ञानको अभावले विनाशतर्फ डोऱ्याउन सक्छ (होशे ४:६) । कसैले थाहा नभएको कुरामा त्यसले आज्ञापालन गर्दैनन् । परमेश्वरको वचनको महान ज्ञानको निम्ति हामी भोकाउनु र तिर्खाउनु पर्छ (१ पत्रुस २:२) । बाइबल पढ्ने समय लिनुहोस् (१ तिमोथी ४:१३) । बाइबल अध्ययनको निम्ति कुनै प्रतिस्थापित समय छैनन् । जब तपाईले सुनौलो सत्यताको खोजी गर्नुहुन्छ, त्यसले तपाईको जीवनलाई दिनानुदिन समृद्ध र मिठो बनाउँदछ । व्यस्तताको संसारमा पनि कृपया वचन अध्ययनलाई बेवास्ता नगर्नुहोस् ।

**(४) आराधना गर्ने समय लिनुहोस् ।**

धेरै मानिसहरुले कम महत्व भएका कुराहरुलाई आफ्नो सूचीमा राख्दछन् र आराधनाको निम्ति समय छुट्ट्याउँदैनन् । आराधना गर्नको निम्ति हामीलाई आज्ञा गरेको छ (हिब्रू १०:२५) । कसैको हृदय सही छ भने त्यसले आराधनाको चाहना गर्दछ (भजनसंग्रह १२२:१) । परमेश्वरलाई आराधना गर्नुपर्छ (यूहन्ना ४:२३,२४) । आफ्नो सूची बनाउनुहोस् ताकि आराधनाको निम्ति दिएको मौकालाई नछोड्नुहोस् । आराधना गर्ने समय समय लिनुहोस् र परमप्रभुमा साँचो आराधकको रुपमा आनन्दित हुनुहोस् ।

**(५) भलाइ गर्ने समय लिनुहोस् ।**

यस्तो व्यस्त संसारमा स्वार्थ र आत्म केन्द्रित बन्न निकै सजिलो छ । यसकारण अरुलाई सेवा गर्ने समय लिऔं (गलाती ५:१३) । आउनुहोस् भलाइका कामहरुमा सुसम्पन्न होऔं (१ तिमोथी ६:१८) र हुन सक्छ भने भलाइ गर्नको निम्ति डाही होऔं (तीतस २:१४) । भलाइ गरेर हामी कोही पनि नथाकौं (गलाती ६:९) । हाम्रा सेवाकाईको एउटा हिस्सा असल काम गर्ने पनि हो (एफिसी २:१०) । येशू हाम्रो उदाहरण हुनुहुन्छ, जो भलाइ गर्नको निम्ति आउनुभयो । यसकारण भलाइ गर्ने समय लिऔं ।

तपाईहरु व्यस्त हुनुहुन्छ । तैपनि, पवित्रता, प्रार्थना, वचन अध्ययन, आराधना र भलाइ गर्ने कुराहरुलाई पहिलो प्राथमिकता दिऔं ।



# ख्रीष्टियान हिडाई

परमेश्वरको सन्तानहरुका हिडाईबारे उल्लेख गरेका धेरै पदहरु पुरानो र नयाँ करारमा उल्लेख गरेका पाउँछौं । परमेश्वरको सन्तानको रुपमा हनोक र उनको हिडाईसम्म पुग्नको निम्ति कोही व्यक्ति धर्मशास्त्रमा लामो यात्रा गर्नुपर्दैनन् (उत्पति ५:२२,२४) । त्यसपछि नोआ परमेश्वरसँग हिडेको कुरा उल्लेख गर्दछ (उत्पति ६:९) । हिडाइ क्रियाकलापको सूचक हो । यसमा गति पथ हुन्छ, जसको पछि लाग्छ । परमप्रभुका जनको हिडाईलाई कम्तिमा पनि चार क्षेत्रमा विभाजन गर्न सकिन्छ । परमप्रभुको अगाडी हिड्ने, परमप्रभुको पछाडि हिड्ने, परमप्रभुमा हिड्ने र परमप्रभुसित हिड्ने हुन् । आउनुहोस्, यसलाई एकैसाथ राखेर हेरौं ।

**(१) परमप्रभुको अगाडी हिड्ने:**

उत्पति १७:१ मा परमेश्वरले अब्राहामलाई उहाँको अगाडी हिड् भन्नुभयो । हामी सबै जना परमप्रभुको उपस्थितिमा हिडनुपर्छ । हामी उहाँको निगरानी र ज्ञानमा हिड्नुपर्छ । हामी जहिले पनि उहाँको ईश्वरीय उपस्थितिमा जिउँछौं र चल्छौं । परमप्रभुले सबै ठाउँमा दृष्टि लगाउनुहुन्छ । उहाँले असल र खराब दुवै कुराहरुलाई हेर्नुहुन्छ (हितोपदेश १५:३) । हाम्रा पापहरु परमेश्वरबाट लुकेका छैनन् (भजनसंग्रह ६९:५) । हामी कहिल्यै पनि परमप्रभुको उपस्थितबाट भाग्न सक्दैनौं (भजनसंग्रह १३९:१-८) । सबै कुरा उहाँको अगाडी छलङ्ग र खुल्ला छन् (हिब्रू ४:१३) । हाम्रा कामहरु उहाँ जान्नुहुन्छ । हामीमा जहिले पनि यो सत्यताको जागरुकता हुनुपर्छ । परमप्रभुको अगाडी उचित व्यवहारलाई जोड दिनुपर्छ । हाम्रा सबै कुराहरु परमप्रभुका अगाडी छन् ।

**(२) परमप्रभुको पछाडि हिड्ने:**

"तिमीहरुचाहिँ परमप्रभु आफ्ना मार्गमा हिड्नू, उहाँको डर मान्नू, उहाँका आज्ञाहरु पालन गर्नू, उहाँका वचन मान्नू, उहाँको सेवा गर्नू र उहाँमै लीन भइरहनू" (व्यवस्था १३:४) । उहाँले दिनुभएका उदाहरणहरुलाई हामीले पछ्याउनुपर्छ । परमप्रभु हाम्रो नमुना र मार्गदर्शन हुनुहुन्छ (१ यूहन्ना २:६) । ईश्वरीय जीवन जिएर हामी ख्रीष्टलाई पछ्याउछौं (१ कोरिन्थी ११:१) । उहाँका उदाहरणहरु हाम्रो निम्ति मार्गदर्शन हुन (१ पत्रुस २:२१) । हामी उहाँमा बनिएको हुनुपर्छ (उत्पति ४:१९) ।

**(३) परमप्रभुमा हिड्ने:**

उहाँमा जीवन बिताओ भनी पावलले कलस्सी २:६ मा भन्दछ । ख्रीष्टियानहरु ख्रीष्टमा बप्तिस्मा भएका छन्, जहाँ तिनीहरु जिउनुपर्छ (गलाती ३:२७; रोमी ६:३) । सबै आत्मिकी आशिषाहरुका पहुँच प्रभुमा छन् (एफिसी १:३) । के तपाई प्रभुमा हुनुहुन्छ वा उहाँभन्दा बाहिर हुनुहुन्छ? मुक्ति, शान्ति, छुटकारा, आनन्द, पवित्रीकरण र मेलमिलाप यी सबै परमप्रभुमा हिडेर पाउँछौं ।

**(४) परमप्रभुसित हिड्ने:**

परमेश्वरसित बिनम्रताका साथ हिड्नको निम्ति मीकाले मानिसहरुलाई विन्ती गर्दछ (मीका ६:८) । यो हिडाईमा परमेश्वर हाम्रो साथी र सहयोगीको रुपमा हुनुहुनेछ । परमेश्वरसँगै हिड्नको निम्ति हामी उहाँसँग सहमति हुनुपर्छ । हामी उहाँको निर्देशनमा हिड्नै पर्छ (आमोस ३:३) । परमप्रभुसित दोषरहित भएर उहाँका आज्ञाहरुलाई पालन गरेर हिडौं (लूका १:६) । हामी परमप्रभुको भय र श्रद्धामा हिड्नुपर्छ (प्रेरित ९:३१) । हिडाई बाइबलको स्तर अनुसार कायम गर्नुपर्छ (१ यूहन्ना १:७) । हामी विश्वासद्धारा हिड्नुपर्छ (२ कोरिन्थी ५:७) । अरु मानिसहरुका अगाडी हामी होशियारकासाथ हिड्नु पर्छ (१ थेसलोनिकी ४:१२) । यो हिडाईमा असल कामहरुले भरिएका हुन्छन् (एफिसी २:१०) । संसारमा परमप्रभुसितको हिडाईले हामीलाई स्वर्गमा उहाँसँगै हिड्ने मौका मिल्दछ (प्रकाश ३:४) ।

सबै मानिस परमप्रभुको अगाडी हिड्न चाहन्छन् । सबै मानिस परमप्रभुको पछाडी हिड्दैनन् । सबै मानिस परमप्रभुमा हिड्दैनन् र सबै मानिस यो संसारमा वा आउने संसारमा पनि उहाँसँगै हिड्दैनन् । रोजाई तपाई कै हो ।

# सिक्नुपर्ने पाठहरू

बाइबलले हामीलाई सधै सिक्दै गरेका मानिस हुनको निम्ति बोलाउँदछ (२ कोरिन्थी ४:१६) । हामीले सिक्नुपर्ने कुराहरु यो पाठमा सम्वन्धित छन् । संसारले सिक्दै गरेका कुरा देख्दा दु:ख लाग्दछ, परमप्रभुलाई मन पर्ने कुराहरु सिकिरहेका छैनन् । पावलले यस्ता मानिसहरुका बारेमा उल्लेख गर्दछ (२ तिमोथी ३:७) । ख्रीष्टियानिटी सिकाइको धर्म हो, र ख्रीष्टियानहरु जहिले पनि सिक्दै गरेका मानिस हुनुपर्छ । हामीले त्यस्ता कुराहरु सिक्नुपर्छ जसको मूल्य निकै नै ठुलो छ । त्यतिबेला हामीमा साँचो बुद्धि हुन्छन, जतिबेला परमेश्वरले चाहनुभएका कुराहरु हामी सिक्छौं । यो बर्तमान संसारका हाम्रा अनुभवबाट हामीले सिक्नु पर्छ । बाइबलका धेरै ज्ञानहरु सिकेर सन्तुष्ट रहनु पर्छ । तपाई जिउनुहुदाँ के कुरा सिक्दै हुनुहुन्छ? सिक्नको निम्ति तपाईले सबैभन्दा बढी प्रयास कहाँ लगाउनुहुन्छ? हामीले सिक्नुपर्ने केही चाखलाग्दो पाठहरुलाई हेरौं ।

### (१) अनुभवबाट सिकौं ।

लाबानले भने, “ममाथि तिम्रो निगाह भए बस । पूर्वलक्षणद्धारा मलाई थाहा भएको छ कि परमप्रभुले तिम्रो खातिर मलाई आशिष् दिनुभएको छ” (उत्पति ३०:२७) । रोमी ५:३ मा कष्टको अनुभवबाट धैर्य उत्पन्न भएको कुरा पावल लेख्दछ । फिलिप्पी १:१२ मा पावलमाथि घटेका कुराहरु लेख्दछ । यदि तपाईले अनुभवबाट सिक्नुभएको छ भने तपाईलाई यो जीवन र पछि आउने जीवनमा पनि अपार आशिषा मिल्नेछ । भजनसंग्रह ११९:७१ मा दाऊद भन्दछ कि उनीमाथि कष्ट आएको कुरा असलै भयो किनभने उनले परमप्रभुको प्रतिष्ठा सिक्यो । हामी बृद्ध हुँदै गएतापनि सिक्दै जाऔं । प्रत्येक दिन भित्री मनुष्यत्व नवीकरण हुँदैजानुपर्छ । हाम्रा अनुभवबाट हामीले सिक्नु पर्छ भनी परमेश्वर अपेक्षा गर्नुहुन्छ । उहाँपनि हामीसँगै कष्ट भोग्नुहुन्छ, तर कष्ट सदाकालको निम्ति हुनेछैनन् (मत्ती २५) । आउनुहोस् हामी हाम्रा गल्तीहरुबाट अझ उत्तम कुरा सिकौं; लगनशीलताले यस्तो माग गर्दछ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ भन्नेकुरा सिकौं । यो जीवनका अनिश्चितता र कमजोरीहरुलाई उत्तम तरीकाले हेरौं । कुन-कुन कुराहरु अस्थायी हुन् ती कुराहरु पनि सिकौं । आउनुहोस् अझै अनन्तता र स्वर्गको बारे सिकौं । के तपाई आफ्ना अनुभवहरुबाट सिक्दै हुनुहुन्छ?

### (२) बाइबलका ज्ञानहरु सिकौं ।

दाऊदले परमप्रभुका धार्मिक इन्साफ, उहाँका प्रतिष्ठा, र उहाँका आज्ञाहरु सिकेको कुरा गर्दछ (भजनसंग्रह ११९:७,७१,७३) । अघि लेखिएका कुराहरु हाम्रो सिकाइको निम्ति हो (रोमी १५:४) । प्रायजसो समयमा ख्रीष्टले पिताको

इच्छाबाट प्रकट भएका कुराहरु सिकेको उल्लेख गर्नुहुन्छ (मत्ती ९:१३) । येशूले आफ्ना चेलाहरुलाई अञ्जीरको रुखको दृष्टान्तबाट सिक भन्नुभयो (मत्ती २४:३२) । रोमीहरुले सिकेका शिक्षाहरुको बारेमा पावल लेख्दछ (रोमी १६:१७) । इपाफ्रासबाट कलस्सीमा भएका सन्तहरुले सिकेका सत्यकुराहरु बारे पावल भन्दछ (कलस्सी १:७) । धर्मशास्त्रबाट तिमोथीले सिकेका कुराहरु पावलले उल्लेख गरेको जुन हामी कहिल्यै पनि बिर्सन सक्दैनौं (२ तिमोथी ३:१४–१७) । के मानिसहरुले परमेश्वरका इच्छा सिक्ने कुरालाई खोज्दछन्? थाहा नभएर हामी गलत भइरहेका हुन सक्छौं (मत्ती २२:२९) । ज्ञानको अभावले हामी नष्ट हुन सक्छौं (होशे ४:६) । आज्ञाकारिताविना हामी स्वर्गमा प्रवेश गर्न सक्दैनौं र विना ज्ञान हामीले आज्ञापालन गर्न सक्दैनौं । यसले अध्ययनको माग गर्दछ । के तपाईले वचन सिक्ने प्रयास गर्नुहुन्छ?

### (३) सन्तुष्ट रहन सिकौं ।

फिलिप्पी ४:११ मा पावलले आफु सन्तुष्ट रहन सिकेको छु भन्ने कुरा उल्लेख गर्दछ । हामी सबैजना सन्तुष्ट रहन सिक्नुपर्छ किनभने हिब्रू १३:५ मा यो प्रत्यक्ष आज्ञा दिएको छ । सबै कुरामा ईश्वरभक्ति लाभदायक छन् (१ तिमोथी ४:८) र सन्तुष्टि सहितको भक्ति नै ठुलो लाभ हो (१ तिमोथी ६:६) । त्यसो भए धेरै मानिसहरुले यसो हुन सिकेका छैनन् । ख्रीष्टियानहरुका आवश्यकताहरु पर्याप्त मात्रामा पुगेका हुन्छन् (२ कोरिन्थी ९:८; मत्ती ६:३३) । यस्तो अचम्मका प्रतिज्ञाहरु सिकाइद्धारा आउँछन् । वास्तविक सन्तुष्ट पाउँदा शान्ति र आनन्द मिल्दछ । हाम्रो निम्ति आवश्यकताहरु हुनु ठिकै हो, त्यस्तो कुराहरुमा पनि हामी असल कामद्धारा सुसम्पन्न हुन सक्छौं (१ तिमोथी ६:१७,१८) । असन्तुष्ट हुनु र असन्तुष्टि भएर यो जीवन जिउनु पाप हो ।

### (४) परमेश्वर र ख्रीष्टको बारेमा सिक्ने ।

उहाँकहाँ आएर उहाँको बारेमा सिक्नको निम्ति येशू निमन्त्रणा गर्दै हुनुहुन्छ (मत्ती ११:२९) । एफिसीहरुले ख्रीष्टबाट केही कुराहरु सिकेनन् भनी पावल भन्दछ, तर तिनीहरुले ख्रीष्टबाट सिक्नुपर्ने सन्देशलाई दबाएर राखे (एफिसी ४:२०) । पिताबाट सुन्ने र सिक्ने मकहाँ आउँछ भनी येशू भन्नुहुन्छ (यूहन्ना ६:४५) । परमेश्वर र पुत्रलाई चिन्नेहरुमा अनन्त जीवन छ भनी येशूले प्रार्थनामा भन्नुभयो (यूहन्ना १७:३) । हामीले ख्रीष्टलाई चिन्नैपर्छ र उहाँलाई हामीमा जिउनको निम्ति अनुमति दिनुपर्छ (गलाती २:२०) । उहाँहरुमा महिमाका आशा छन् (कलस्सी १:२७) । हामी ख्रीष्टको नाउँलाई अंगाल्छौं (प्रेरित ११:२६), हामी उहाँको पाइला (१ पत्रुस २:२१), उहाँको हिडाई (१ यूहन्ना २:६), उहाँको मन (फिलिप्पी २:५), उहाँको आकृतिलाई (रोमी ८:२९) पछ्याउँछौं । परमेश्वर

जस्तै हुने कुरामा हामी आफैले आफैलाई विकसित गराउनु पर्छ (तीतस २:११,१२) । यसले हामी सबैलाई छिट्टै परमप्रभुको वचनमा निरन्तरता दिन लगाउँछन् (यूहन्ना ८:३१) र साँच्चै नै परमेश्वर र ख्रीष्टको बारेमा सिक्न लगाउँछन् । यस्तो कुराले परमेश्वरप्रतिको प्रेम र आफैभित्र प्रेमको विकसित गराँउछ । हामी कस्तो प्रकारको मानिस बन्नुपर्ने हो, यसले हाम्रो जीवनलाई ढाल्दछ ।


**(५) आज्ञाकारी हुन सिकौं ।**

हाम्रो सिद्ध उदाहरण ख्रीष्ट हुनुहुन्छ जो परमेश्वरको साथै मानिस पनि हुनुभयो (यूहन्ना १:१,१४) । येशू मानव भएर (१ तिमोथी २:५) आफ्ना कष्टहरुद्वारा कर्तव्य र आज्ञाकारीता सिक्नुभयो (हिब्रू ५:८) । उहाँको इच्छा भनेको पिताको इच्छा पुरा गर्नु थियो (यूहन्ना ६:३८; मत्ती २६:३९–४२) । पिताको काम गर्नु नै उहाँको भोजन हो (यूहन्ना ४:३४) । पिताको इच्छा पुरा गर्नको निम्ति उहाँ पृथ्वीमा आउनुभयो (यूहन्ना ६:३८) । उहाँले जहिले पनि परमेश्वर पितालाई प्रसन्न तुल्याउने काम गर्नुभयो (यूहन्ना ८:२९) र जे गर्नको निम्ति उहाँलाई पठाउनु भएको थियो, उहाँले त्यो काम पुरा गर्नुभयो (यूहन्ना १७:४; १९:३०) । हामी आज्ञाकारी हुने कुरा सिक्नैपर्छ ताकि हामी परमेश्वरको अनुग्रहको लाभदायक हुन सकौं (मत्ती ७:२१) र स्वर्गको निम्ति सही हुनेछौं (प्रकाश २२:१४) । हामी सबै परमेश्वरमा आज्ञाकारी हुन सिकौं (प्रेरित ५:२९) । जब हामी आज्ञाकारी हुन सिक्छौं, तब हामीले बहुमुल्य मोती हासिल गर्नेछौं ।

**(६) भलाइ गर्न सिकौं ।**

हामी सबैले भलाइ गरौं भनी तीतस ३:१४ ले आज्ञा र चुनौती दिन्छ । भलाई गर्न सिक भनी यशैया १:१७ ले भन्दछ । १ तिमोथी ५:४ मा हामीले आफ्ना परिवारहरुलाई वास्ता गर्न सिकौं भन्दछ । हामी आशिषित् भएका छौं र त्यसरी नै असल कार्यहरुमा सुसम्पन्न हुन आज्ञा गरिएको छ (१ तिमोथी ६:१८) । बाइबलले हामीलाई असल कामको निम्ति सुसज्जित गर्दछ ताकि हामीले असल काममा लाग्न सकौं (२ तिमोथी ३:१६,१७) । जसरी येशू असल काम गर्नको निम्ति आउनुभयो (प्रेरित १०:३८), त्यसरी नै हामीले पनि असल काम गर्नुपर्छ । आउनुहोस् मौका पाए अनुसार हरेक असल कुरामा भलाइ गरौं (गलाती ६:१०) । के तपाई असल काम गर्नको निम्ति जोशिलो हुनुहुन्छ (तीतस २:१४)? असल काम गर्न सिकौं, दुष्टतालाई त्यागौं ।

जब हामी परमेश्वर, ख्रीष्ट, आज्ञाकारी र भलाइ गर्नेबारे धेरै कुराहरु सिक्छौं, तब जीवनमा हामी बुद्धिमानी हुन्छौं ।



# एफिसी: ख्रीष्ट र उहाँको मण्डली

पावलको समयमा एफिसस रोमी साम्राज्यको मध्यपूर्वमा रहेको प्रसिद्ध शहर थियो जो अहिले टर्की देशमा पर्छ । एफिसस एउटा ठुलो केन्द्र भएको हुनाले हरेक प्रकारका मानिसहरु त्यहाँ बस्थे, र विभिन्न ठाउँबाट आफ्नो-आफ्नो काममा आउने गर्थे (प्रेरित १८:१९) । पावलले यो पत्र एफिसीहरुलाई झण्डै ई.सं ६०-६१ मा लेखेका थिए । त्यो बेला पावल आफै रोम शहरको एउटा झ्यालखानमा बन्दी थियो । अहिले रोमचाहिँ यूरोप महादेशमा भएको आधुनिक इटालियाको राजधानी हो ।

एफिसस महत्वपूर्ण शहर थियो, जसले डायनाको मन्दिरलाई संरक्षक गरेकोमा घमण्ड गर्थे, जुन मन्दिर प्रचीन संसारको सातौं आश्चर्य मध्येको एउटा थियो । शहर मूर्तिपूजामा समर्पित थियो । पावलको दोस्रो प्रचार यात्रामा उनी एफिसस भ्रमण गरेका थिए । उनले प्रिस्किला र अकिलासलाई त्यही छोडेका थिए (प्रेरित १८:१९-२१) । उनी दुई वर्ष पछि एफिसस फर्केका थिए र त्यहाँ करिव तीन वर्षसम्म सेवाकाई गरे, सम्पूर्ण एशिया प्रान्तभरी सुसमाचार फैलिदैगए (प्रेरित १९) । केही समयपछि रोमको जेलबाट पावलले एफिससमा भएका दाजुभाइहरुलाई पत्र लेख्दछ (रोमी ३:१; ४:१) । वास्तवमा यी चारवटा कैदका पत्रहरु हुन्: एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन ।

नयाँ नियमको यो महान पुस्तक, एफिसीलाई अध्ययन गरौं, जहाँ

पावलले कसरी शिक्षा (अध्याय १–३) र कर्तव्यको (अध्याय ४–६) बारेमा लेख्दछ ।

## एफिसी अध्याय– १

परमेश्वरको अनुग्रहद्धारा उद्धार मुक्ति पाइन्छ भन्ने शिक्षालाई पावल विस्तार गर्दछ, जुन पिताले योजना गर्नुभयो (एफिसी १ः४–६), पुत्रले रगतद्धारा किन्नुभयो (एफिसी १ः७–१२) र पवित्र आत्माले वचनद्धारा प्रकट गर्नुभयो (एफिसी १ः१३–१४) । ख्रीष्ट येशूमा हाम्रा आशिषहरु छन् भन्ने कुरा सन्तहरुलाई थाहा होस् भनी उनले आफ्नो प्रार्थनामा प्रकट गर्दछ (एफिसी १ः१५–२३) । वास्तवमा मुक्ति परमेश्वरबाट आउँछ र उहाँका आज्ञापालन गर्नेहरु सबैलाई उपलब्ध छन् (हिब्रू ५ः८–९) ।

## एफिसी अध्याय– २

एफिसस्का ख्रीष्टियानहरु एकपल्ट पापमा मरेका थियौ तर तिनीहरुका विश्वासको आज्ञाकारिताको आधारमा तिनीहरु ख्रीष्टमा जीवित भएका थिए भनी पावल भन्दछ । ख्रीष्टमा पाएको यो नयाँ जीवनले पापको बन्धनबाट छुटकारा दिन्छ (एफिसी २ः१–३) । विभाजनको पर्खाल हटाइसकेको हुनाले अब यहूदी र अन्यजातिहरु ख्रीष्ट येशूमा एक भएका छन् । विश्वासीहरु एउटै शरीरका सदस्यहरु हुन्, एउटै पवित्र जातिका नागरिक र एउटै मन्दिरका जीवित ढुङ्गाहरु हुन् (१ पत्रुस २ः१–१०) । परमेश्वरको प्रेम र दयाको परिणामबाट नै यी सबै आशिषहरु उपलब्ध छन् ।

## एफिसी अध्याय– ३

यहि कारणले गर्दा ख्रीष्टले आफ्नो मण्डली स्थापित गर्नुभयो (मत्ती १६ः१८) । उहाँको सुसमाचार, सन्देशलाई आज्ञापालन गरी उहाँमा फर्केकाहरुबाट उहाँको मण्डली बनेको हुन्छ । यहूदी र अन्यजातिहरुलाई सुसमाचार प्रचार गर्न परेश्वरले पावलको महान कामलाई अधिकार दिनुभयो ताकि परमेश्वरको अनन्तको योजनालाई पुरा गर्दै दुवै समुह एउटै मण्डलीको हिस्सा बन्न सक्छन् ।

## एफिसी अध्याय– ४

सबै ख्रीष्टियानहरु ख्रीष्ट येशूमा एक हौं (गलाती ३ः२८), तर हाम्रो


दैनिक जीवनमा आत्मिक एकता यर्थाथ बनाउनको निम्ति हामीले काम गर्नैपर्छ । एकताले मण्डलीलाई निर्माण गर्छ । मतभेद शैतानको काम हो जसले एकतालाई नष्ट गर्छ (एफिसी ४:१-१३) । यदि हामी प्रचुर मात्रामा ख्रीष्ट जस्तै हुन चाहन्छौं भने आत्मिक रुपमा जसरी हाम्रो जन्म भएको थियौं त्यसरी नै आत्मिकरुपमा बृद्धि हुनै पर्छ भनी पावल जोड दिन्छ (१ पत्रुस १:२२-२३) । किनभने हामी आत्मिकरुपमा बृद्धि भइरहेका छौं । सत्यतालाई प्रेमसित बोल्ने (एफिसी ४:१५) र अरुप्रति इमान्दारीताको जीवन जीउनुपर्ने आवश्यकतालाई बुझ्छौं (एफिसी ४:१७-३२)।

## एफिसी अध्याय– ५

यो अध्यायमा पावलले येशूको बलिदानबारे याद गराउँदछ, जसले हामीलाई उहाँको अगाडी सही जीवन जीउन प्रोत्साहन दिन्छ (एफिसी ५:१-७) । उनले हामीलाई त्यो क्षेत्रमा लिएर स्मरण गराउँदछ कि ज्योतिमा हिड्दा आत्मिक फलहरु उत्पन्न हुन्छन् (एफिसी ५:८-१४; गलाती ६:१४-१८) । उनले हामीलाई बजारमा लगेर भन्दैछन् कि असल व्यापारीहरुले हरेक असल कामको निम्ति मौका र बुद्धिमा हिड्ने कुरालाई किन्छन् (एफिसी ५:१५-१७) । अन्तमा, उनले हामीलाई घर लिएर जान्छन, जहाँ हाम्रो ख्रीष्टसँगको सम्वन्धलाई चित्रण गर्न विवाहको उदाहरणलाई प्रयोग गर्दछ (एफिसी ५:२२-३३) ।

## एफिसी अध्याय– ६

परमेश्वरको सन्तान जसले आफ्नो जीवन नयाँ नियमको सन्देश अनुसार जिउँदछ भने घरमा, नोकरीमा, विद्यालयमा र जीवनका हरेक रणभूमिमा ख्रीष्ट जस्तै प्रकट हुनेछ । यदि बालबच्चाहरुले घरमा आज्ञाकारी हुने कुरा सिक्दैनन् भने तिनीहरुले बाहिरका अरु कुनै अधिकारहरुलाई पनि मान्दैनन् । जीवनको रणभूमिमा हाम्रो सामान्य घातक शत्रु शैतानलाई सामना गर्न ख्रीष्टियान अभिभावकहरुले तिनीहरुका छोराछोरीहरुलाई तयार गर्नैपर्छ । हामी सबैले हाम्रा दुश्मनलाई गम्भीरताका साथ विचार गर्दै, हाम्रो अगाडी रहेको आत्मिक लडाईको निमित्त तयार हुन परमेश्वरका सम्पूर्ण हातहतियार धारण गरौं । यसकारण आफ्नो पाखुरामा परमेश्वरको वचनलाई राख्दै तपाईको शत्रुलाई पराजित गर्नुहोस् ।



# मर्कूसको सुसमाचार

मर्कूस रचित सुमाचारको पुस्तकमा “तुरुन्तै” वा “तुरुन्त” तात्कालिन शब्दहरुलाई लेखकले बारम्बार प्रयोग गरेको देखिन्छ । केही उदाहरणहरुलाई हेरौं ।

- **मर्कूस १:२०–** “उहाँले तुरुन्त तिनीहरुलाई बोलाउनुभयो, र तिनीहरु आफ्ना पिता जब्दियालाई ज्यामीहरुका साथ डुङ्गामा छोडेर उहाँको पछि लागे ।” हामीले येशूलाई तुरुन्तै पछ्याएको उहाँ चाहनु हुन्छ ।

- **मर्कूस १:२१–** “तब उहाँहरु कफर्नहुममा जानुभयो, र तुरुन्तै शबाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो ।” येशूले सिकाउने मौका पाउनुभयो भने उहाँले तुरुन्तै त्यसलाई सदुपयोग गर्नु हुन्थ्यो ।

- **मर्कूस २:८–** “अनि तिनीहरु आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरुलाई भन्नुभयो,

'किन तिमीहरु आफ्ना मनमा यस्तो विचार गर्दैछौ?' येशू हाम्रो हृदय जान्नुहुन्छ । धेरैलाई हाम्रा क्रियाकलापहरु र वचनहरुमात्र थाहा हुन सक्छन्, तर येशू हाम्रो हृदय जान्नुहुन्छ । तपाईको हृदयबारे उहाँले के सोच्दै हुनुहुन्छ?


- **मर्कूस ३:६–** "तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरुले तुरुन्तै हेरोदीहरुसँग उहाँको विरुद्धमा मतो गरे ।" तिनीहरुका शबाथको परम्परालाई भङ्ग गरेकोमा फरिसीहरुले येशूलाई घृणा गरे । उहाँले शबाथ दिनमा रोगी निको पार्नुभएको तिनीहरुले देखेका थिए र तत्कालै उहाँलाई मार्ने निधो गरे । जब येशूको शिक्षाले हाम्रा कामहरु, विचारहरु वा परम्पराहरुलाई उल्लंघन गर्दछन्, तब हाम्रो तत्कालिन प्रतिक्रिया कस्तो हुन्छ?

- **मर्कूस ४:१५–** "कोही मानिसहरु बाटोतिर छरिएका बीउजस्तै छन् । जब तिनीहरुले वचन सुन्छन्, तब तुरुन्तै शैतान आउँछ, र तिनीहरुमा छरिएको वचन लगिहाल्छ ।" कसैले प्रवचन सुन्दछ र धर्मशास्त्रका पदहरु पढ्छन, तर तिनीहरुले त्यसलाई सुनेर प्रयोग गर्नुको सट्टा तुरुन्तै बिर्सिन्छन् (मर्कूस ४:२४) । अरुहरुले परमेश्वरको वचन स्वीकार गर्दछ, तर संसारको वास्ता र रुपैया पैसाले वचनलाई निसासिदिन्छ र तुरुन्तै तिनीहरु लडिहाल्छन् (मर्कूस ४:१७) ।

- **मर्कूस ९:२४–** "तब झट्टै केटाको बाबुले कराएर भने, 'म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।" बिरामी भएको बच्चाको बुबाले येशूबाट निको हुने कुरा देख्यो । येशूले विश्वासको महत्वबारे भन्नुभयो । बुबाको नम्रता र सहायताको निम्ति प्रभुमा इच्छा व्यक्त गरेको कारणले गर्दा उनले झट्टै जवाफ दिए, "मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।" हाम्रा प्रार्थनामा यस्तो शब्दहरुलाई निरन्तररुपमा प्रयोग गरौं।

के तपाईको तत्कालिन क्रिया, शब्दहरु र हृदयका चाहनाहरु परमेश्वरमा निर्भर छन्? आउनुहोस् उहाँलाई तुरुन्तै सेवा गरौं । समयलाई नपखर्नुहोस् ।

# असल मानिसबाट सिक्दै




असल मानिसहरुले गरेका राम्रा कामहरुका सकारात्मक कुरा गर्दा समय समयमा झन फूर्तिलो बनाउँछ । यो यसो देखिन्छ कि खराब कुराको बारेमा हामी धेरै सुन्दछौं, तर असल कुराबारे त्यति सुन्दैनौं । हामीले यस्तो बानीलाई परिवर्तन गर्नुपर्छ ।

एकजना व्यक्ति लामो समयदेखि चार्ट बोर्डको उदाहरणमा जहिले पनि उच्च स्थानमा रहेको देखिन्छ, त्यो बालक राजा, योशियाह थियो । आठ वर्षको उमेर हुँदा उनले राज्य शासनकाल आरम्भ गरेको थियो र त्यो क्षमतामा उनले ३१ वर्षसम्म निरन्तरता दिए । उनी यहूदाको १६ औं राजा थियो, करिव इ.पू. ६४०–६१० सम्म राज्य गरेको थियो । बाइबलले हामीलाई बताउँदछ कि "तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे । तिनी दाहिने–देब्रे नलागी आफ्ना पुर्खा दाऊदका सबै चालमा हिंडे" (२ इतिहास ३४:२) । परमप्रभुको अगाडी उनको हृदय कोमल र नम्र थियो (२ इतिहास ३४:१९) । यसले मलाई दुईवटा अनुच्देछ्छको स्मरण गराउँदछः "आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्त्ताको सम्झना गर" (उपदेशक १२:१) र "यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरु आफैलाई विनम्र तुल्याओ" (१ पत्रुस ५:६) ।

विनम्र भएर परमेश्वरलाई खोजी गरेको कारणले गर्दा उनले (१) परमेश्वरको करारलाई नवीकरण गर्ने प्रतिबद्धता गरे (२) मूर्तिहरुलाई हटाए (३) वेश्याहरुका घर भत्काइदिए (४) जोखना हेर्ने, भूतप्रेत खेलाउने सबै घर –देवताहरु लगायत सबै घिनलाग्दा थोकहरु खतम गरे (२ राजा २३:१–७, २४) । "आफ्नो सारा हृदय, प्राण र शक्तिले मोशाका सबै व्यवस्था मानेर परमप्रभुतर्फ त्यसरी फर्केका कुनै पनि राजा योशियाजस्तै अघि वा पछि कहिल्यै भएको छैन" (२ राजा २३:२५) ।

# ठुलो दैत्यले लगभग पराजित गरेको



२ शमूएल २१:१५–१७ ले हामीलाई इश्बी–बनोब नामक दैत्यको बारे बताउँदछ । उनी पलिश्तिहरुबाट इस्रायलीहरुसँग लडाई लडिरहेका थिए । इश्बी–बनोबका विपक्षीहरु थाकिसकेका थिए र उनका विश्वासयोग्य सेवकले त्यो दैत्यलाई मारेर नबचाएको भए दाऊदलाई मारिसकेको थियो ।

अचम्मलाग्दो कुरा इश्बी–बनोबको विपक्षी राजा दाऊद थियो । दाऊद त्यही व्यक्ति थियो जसले एक समयमा डरलाग्दो राक्षस गोल्यातलाई मारेको थियो । तै पनि, यो विशेष अवसरमा त्यो दैत्यले दाऊदलाई मार्ने राम्रो अवसर पाएको थियो । आउनुहोस् यो अभिलेखबाट केही आत्मिकी प्रयोगात्मक कुराहरु सिकौं ।

(१) **हामी विगतका उपलब्धिहरुमा जिउन सक्दैनौं** । गोल्यात जस्तो ठुलो राक्षसलाई मार्ने व्यक्ति दाऊद भएता पनि उनको वर्तमान लडाइमा उनलाई त्यसले कुनै सहायता गरेनन् । यसरी नै हाम्रा प्रतिष्ठाबाट शैतान प्रभावित हुँदैन् । हामी ईश्वरभक्त एल्डर, बाइबल कक्षाका शिक्षक वा ख्रीष्टियान भएर इज्जत र नाम कमाएका हुन सक्छौं र पनि शैतानसँगको हाम्रो दैनिक लडाइमा हाम्रा राम्रो नाम र पूतिष्ठाले मात्र हामीलाई सहायता गर्दैनन् । हाम्रा विगतका उपलब्धिहरुद्धारा शैतान डराउँदैन् । याद गर्नुहोस्, त्यसले परमेश्वरको पुत्रलाई पनि परीक्षा गर्ने हिम्मत गर्‍यो (लूका ४)।


(२) **केवल एकचोटीको पराजयलाई शैतानले हार मान्दैनन्** । दाऊदले एक जना राक्षसलाई हराएता पनि उनी भविष्यमा अरु धेरै राक्षसहरुसँग लडाई लड्नुछ । हामीले धेरै पल्ट शैतानलाई पराजित गर्‍यौं होला, तर हामीले त्यसलाई अन्तिम पटक देख्यौं भनी हामी आफै धोखामा नपरौं ।

भोको गर्जने सिंहको रुपमा शैतानलाई चित्रण गरेको छ । यसकारण, शैतानले हामीलाई पुन आक्रमण गर्नेछन् भन्ने कुरामा हामी पक्का विश्वस्त हुनुपर्छ (१ पत्रुस ५:८) ।

**(३) हामीलाई हरेक समयमा सहायताको खाँचो पर्दछ ।** विशाल राक्षसलाई मार्ने शक्तिशाली योद्धा दाऊद भएता पनि यो विशेष लडाइँमा उनलाई सहायताको खाँचो पऱ्यो । हामी को हौं र ख्रीष्टको शरीरभित्र भएर कस्तो प्रकारको काम प्रर्दशन गर्छौं भन्ने कुराले केही फरक पार्दैनन् । हामी सबैलाई समय–समयमा अरुको सहायताको खाँचो पर्दछ । उनलाई सहायता गर्नको निम्ति त्यहाँ कोही मानिस भएकोमा दाऊदलाई भाग्यमानी ठान्नुपर्छ । जब सहायताको खाँचो पर्दछन्, त्यतिबेला सहायताको प्रस्तावलाई स्वीकार गर्नुपर्छ (गलाती ६:२) ।

**(४) कहिलेकाहिँ हाम्रा भूमिकाहरु परिवर्तन हुन्छन् ।** दाऊदका मानिसहरुले उनलाई लगभग मार्न लागेको कुरा देखेर मानिसहरुले इस्रायलको प्रकाश नै निभ्नेछ भन्ने डरले तिनीहरुसँग लडाइँमा अब कहिल्यै जानेछैनन् भनी दाऊदले तिनीहरुका सामु शपथ खाए । जसरी दाऊद एकपल्ट शक्तिशाली योद्धा थियो, तर अब उनी त्यस्तो छैनन्, तापनि इस्रायलमा उनको आवश्यकता छ । दाऊदले केवल आफ्नो सेवाकाईको क्षेत्रलाई मात्र परिवर्तन गर्नु पर्छ । यसरी नै, त्यस्तो समय पनि हामीमा आउँदछ कि जसरी हामीले आफ्नो क्षमता अनुसार प्रभुको मण्डलीमा सेवाकाई गरेका थियौं त्यस्तो तरीकाले अब गर्न नसक्ने कुरालाई हामीले स्वीकार गर्नुपर्छ । यसको अर्थ यो होइनन् कि हामी आफैले आफैलाई दराजभित्र राखेर निश्क्रिय बनाउनुपर्छ, तर त्यसको सट्टामा हामीले आफ्नो सेवाकाईको क्षेत्रलाई परिवर्तन गर्नुपर्छ । ख्रीष्टको मण्डलीमा हाम्रो उपयोगीतालाई कहिल्यै पनि खेर फाल्न दिनु हुँदैनन् (१ कोरिन्थी १२:१२–३१) ।

हामी सबैले दैत्यहरुलाई सामना गर्नुपर्नेछ भन्ने कुरालाई महसुस गर्दै परमेश्वरले हामीलाई सहायता गरुन् । हाम्रो अगाडी सामना गर्न आएका दैत्यहरुसँग लड्नको लागि माथीका वूदाँहरुले आशापूर्वक हामीलाई सहायता गर्दछ । हामी ठुला–ठुला दैत्यहरुसँग लड्न सक्छौं ।




# शैतानले ईटाको पर्खाल भेट्यो

"भलाइ गर्ने काममा हामी नथाकौं, किनकि यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं" (गलाती ६:९) । असल कार्यहरुलाई त्याग्न परीक्षाले मानिस जातिलाई ग्रसित बनाएका छन् । शैतानलाई थाहा छ कि निश्चित तरीकाबाट सजिलै असल कार्यलाई रोक्ने सामान्य उपाय भनेको त्यो कामलाई निरुत्साहित गर्नु हो । हाम्रा शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझै खोजिहिँड्छ (१ पत्रुस ५:८), शैतानले कुनै पनि चम्किरहेको किरणमा शंका र पराजयवादको अन्धकारले ढाकिदिएर खुशी हुन्छ ।

शैतानको परीक्षामा परेर असल कामलाई छोड्न लाग्दा जित हासिल गरेको एउटा अचम्मको बाइबलीय उदाहरण पुरानो करारको नहेम्याहको पुस्तकमा उल्लेख गरेको छ । नहेम्याहले यरुशलेमको वरपर पर्खाल पुननिमार्ण गर्ने काममा धेरै मेहनत गरेका थिएनन् भन्ने कुरा शत्रुहरु सन्बलत, तोबिया, गेशेमले कहिँबाट सुनेका थिए र तिनीहरुले त्यो ठुलो कामको अभियानलाई नै नष्ट गर्ने प्रयास गऱ्यो । सबैभन्दा पहिला तिनीहरुले त्यो कामको योजनालाई गिल्ला गरे । तिनीहरुले जेसुकै बनाइरहे तापनि एउटा स्याल त्यस ढुङ्गाको पर्खालमा चढ्यो भने पनि भत्किनेछ भनी तोबियाले भने (नहेम्याह ४:३) । तैपनि तिनीहरुले निरन्तर काम गरिरहे। त्यसपछि यी शत्रुहरु "सबै आएर यरुशलेमलाई आक्रमण गरी खलबल पार्न भेला हुने मतो गरे," तापनि कामलाई निरन्तरता दिँदै



कामदारहरुको एउटा हात काममा र अर्को हात आफ्नो हतियारमा हुन्थ्यो (नहेम्याह ४:८,१७) । यो विषयमा बातचीत गर्नको लागि काम छोडेर ओनोका बेंसीमा आउनलाई सनबलत र गेशेमले नहेम्याहलाई निमन्त्रणा दिए, तर नहेम्याहले निमन्त्रणालाई अस्वीकार गरी कामलाई निरन्तरता दिए (नहेम्याह ६:१-४) । अन्तमा, कुरुप र असत्य हल्ला फैलाइदिएर कामलाई बदनाम गर्ने आखिरी खादल खन्ने प्रयास गरे र यसको पछि पनि त्यही मनसाय थियो (नहेम्याह ६:५-९) । तैपनि, काम निरन्तर भइरह्यो, र पर्खाल बनाउने काम केवल ५२ दिनमा सम्पन्न भयो (नहेम्याह ६:१५) ।

नेहम्याहको सफलताको साँचो के थियो? अरु धेरै कुरा भन्दा पनि यी कुराहरुलाई नोट गरौं । पहिलो, यो असल कामको निम्ति तिनीहरुका हातका शक्तिहरुमा परमेश्वरले तिनीहरुलाई सहायता गर्नुहुन्छ भनी विश्वास गरेका थिए (नहेम्याह २:१८,२०) । दोस्रो, मानिसहरुमा काम गर्ने मन थियो (नहेम्याह ४:६) । काम गर्ने मानिसहरुभन्दा पनि कामलाई तिनीहरुले ठुलो देखे । तिनीहरुले यो परमेश्वरको कामको रुपमा देखेकोले उहाँले नै सहायता गर्नुहुन्छ भनी विश्वास गरेका थिए । नहेम्याहका संगी नागरिकहरुमा काम गर्ने मन थियो । यसरी तिनीहरु न निरुत्साहित भए न असुन्तष्ट नै भए ।

जब नहेम्याह र उनका संगी कामदारहरुका विरुद्धमा शैतान आयो, शैतानले कामलाई नष्ट गर्नको निम्ति अरु केही कुरा नपाएर ईटाको पर्खाल भेट्यो । यसरी नै आज हामी प्रभुको निम्ति परिश्रम गर्छौं भने, हाम्रा असल कार्यहरु नष्ट गर्नको निम्ति शैतान जहिले पनि प्रयास गरिरहन्छ ।

# परमेश्वरले तिनीहरूलाई कसरी छोड्नुभयो?



रोमीको पुस्तक १ अध्यायमा ईश्वरहीन समुहलाई यसो भनिएको छ, "यसकारण परमेश्वरले तिनीहरुलाई हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो" (रोमी १:२४), "यसैकारण परमेश्वरले तिनीहरुलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो" (रोमी १:२६) र "परमेश्वरले तिनीहरुलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो" (रोमी १:२८) । यो भनाइको अर्थ के हो? "तिनीहरुलाई छोडिदिनुभयो" भन्ने ग्रीक शब्दको वाक्यांसले त्याग्नु, अर्काको हातमा सुम्पिनु, कसैको शक्ति प्रयोग गर्नको निम्ति दिनु भन्ने अर्थ लाग्छ । यस्तो अवस्थामा परमेश्वरले के गर्नुहुन्छ वा के गर्नुहुन्न्? तल उल्लेखित अनुच्छेदहरुले केही चाखलाग्दो अन्तरदृष्टि प्रदान गर्दछ ।

**एफिसी ४:१७-१९** । आफ्नो वरपर पापमय जीवन शैलीले घेरिरहँदा मानिसहरुले के गर्दछन् भनी व्याख्या गर्न पावलले रोमी १:२४,२६,२८ पदलाई लिएर त्यही विचारलाई एफिसीमा प्रयोग गरेको देखिन्छ । अन्यजातिहरु आफैले आफैलाई कामवासनाको लालचमा बेलगाम, कठोर र भावहीन भएका छन् ।


**होशे ४:१६-१९** । परमेश्वरले इस्राायलीहरुलाई जान दिनुभयो किनभने तिनीहरु मूर्तिसँग त्यति हदसम्म जोडिसकेका थिए कि तिनीहरुलाई फर्काएर ल्याउन कोशिस गर्नु बेकारको फल रहित थियो । कोही मानिसहरु त्यो विन्दुसम्म पुगिसकेको हुन्छन् कि तिनीहरुले पश्चात्ताप गर्न सक्दैनन् वा इच्छुक हुँदैनन् । परमेश्वरले अगमवक्तालाई भन्नुभयो, "त्यसलाई छोडिदेओ ।" के आत्मिकी रुपमा धर्मत्याग गरी जब फल रहित भएकाहरुको बीचमा सुसमाचारद्धारा कोशिस गर्नुको कुनै औचित्य हुन्छ? के हामीहरुले तिनीहरुलाई एक्लो छोड्नु उचित हुन्छ (मत्ती ७:६)?

**भजनसंग्रह ८१:११-१६** । आफ्नै हृदयको कामवासनालाई पछ्याएकोले

उहाँले आफ्ना मानिसहरुलाई छोड्नुहुँदा परमेश्वरले के गर्नुभयो वा गर्नुभएन्? उहाँले तिनीहरुलाई आफ्नो सुरक्षा र निर्देशनको प्रभावबाट ताढा राख्नुभयो । उहाँले तिनीहरुको शत्रुतालाई वशमा राख्न सक्नुहुन्थ्यो, तर उहाँले त्यसो गर्नु भएन् (भजनसंग्रह ८१:१४) । इस्रायलीहरु उहाँमा आज्ञाकारी भएसम्म उहाँले तिनीहरुलाई सुरक्षामा राख्नु भएको थियो भन्ने कुरा तिनीहरुका शत्रुहरुका बीचमा यस्तो प्रभाव होस् भन्ने उहाँ चाहनुहुन्छ (भजनसंग्रह ८१:१५)। उहाँले तिनीहरुलाई सफलताद्धारा आशिष दिनुहुन्थ्यो (भजनसंग्रह ८१:१६) । जो उहाँको विरुद्धमा छन् के ती मानिसहरुका निम्ति उहाँले आफ्ना आशिष उपलब्ध गराउने कुरा इन्कार गर्नुहुन्छ?

**प्रेरित ७:३९-४३** । स्तिफनसले इस्रायलीहरुका व्यभिचारको वर्णन उजाड स्थानको फिरन्ते जीवनदेखि बेबिलोनको कैद नभएसम्म्म गर्दछ । आमोस ५:२५-२७ मा तिनीहरुले तारा-मण्डललाई आराधना गरेको कुरा वर्णन गर्दछ । परमेश्वरप्रति विद्रोहका स्वभाव भएकोले गर्दा तिनीहरुमा यस्तो परिणाम आएको हो । यो तिनीहरुले उजाड स्थानबाट शुरुवाट गरेको मूर्तिपूजक प्रक्रियाको चरमबिन्दु हो । जब एकपल्ट धर्मत्यागको शुरुवाट हुन्छ, विश्वासबाट पछि हटेर गएकाहरुका निम्ति रोक्ने अवस्था हुँदैनन् । परमेश्वरले त्यसलाई त्यतिकै छोड्नुहुन्छ ।

**इजकिएल २०:२५-२६** । परमेश्वरले आफ्ना जनहरुलाई मूर्तिपूजकहरुका बीचमा छरपष्ट पार्नुभयो (इजकिएल २०:२३) । तिनीहरुले जे गरेता पनि परमेश्वरले आफ्ना मानिसहरुलाई कहिल्यै छोड्नुभएनन् । प्रतिज्ञा गरेको देशको निम्ति योग्यका छन् भनी इस्रायलीहरुले महसुस गर्नु पर्‍थ्यो । इस्रायलीहरु मूतिपूजाको गहिराईमा गएर तिनीहरु आफै मूर्तिपूजकहरुका धार्मिक नियमको अधिनमा पाइयो । इस्रायलको मूर्तिपूजाको निम्ति न्यायिक शब्द पारित गर्नु नै "सुम्पिदिनु" भन्ने हिब्रू शब्दको अर्थ लाग्दछ । परमेश्वरले तिनीहरुलाई त्यसरी नै छोड्न अनुमति दिनुभयो । झुटलाई विश्वास गर्नु कठोर भ्रमको उदाहरण हो जसबारे पावलले २ थेसलोनिकी २:१०-१२ मा चेतावनी दिन्दछ । इस्रायलीहरुले मूर्तिपूजालाई त्याग्नेछैनन् र त्यसको शक्तिको गहिराइमा खिच्दछ, कि आफ्ना बच्चालाई बलिदान गर्न सम्म पुग्दछ । के आज हामी त्यहि स्थानमा छौ? जीवनको पवित्रताको निम्ति हामीलाई व्यवस्था दिनुहुने परमेश्वरको इच्छालाई त्यागिएका छौ, हाम्रा नजन्मेका बच्चाहरुको हत्या गर्न सम्म हामी पुगेका हुन्छौं ।



# दश आज्ञाहरु र नयाँ नियम

**प्रश्न: "मोशाका दश आज्ञाहरुमध्ये नौ वटा आज्ञाहरुका बारेमा विशिष्ट नयाँ नियमका पद खण्डहरुबाट कृपया सुसज्जित पार्नुहोस्?**

**उत्तर: मोशाका दश आज्ञाहरु मध्येबाट नयाँ नियममा नौ वटा आज्ञाहरु उल्लेख गरेका छन् । तर "शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद गर" भन्ने चौथौ आज्ञा नयाँ नियममा उल्लेख गरेका छैनन् । पाठकहरुले नयाँ नियममा शबाथको आज्ञा अभाव भएको प्रमाण पाउनुहुन्छ र कतै अरु नौ वटा आज्ञाहरु पनि उल्लेख गरेका छैनन् कि भन्ने कुरामा अच्चम पर्नुहुन्छ । नयाँ करारमा अरु नौ वटा आज्ञाहरुका बारेमा उल्लेख गरेका छन् । नयाँ करारमा ल्याएका यी पुरानो करारका व्यवस्थाहरुका सबै शब्दहरु जस्ताको त्यस्तै छैनन्, तर तिनीहरुका प्रष्ट शिक्षाहरु छन् ।**

(१) अरु कुनै देवता–देवीहरु नमान्नू (प्रस्थान २०:३) ।

**"यसकारण मूर्तिहरुलाई चढाएका खानेकुरा खाने विषयमा चाहिँ हामी जान्दछौ, कि मूर्तिको कुनै अस्तित्व नै छैन, र एक परमेश्वरबाहेक**

अरु छैन । आकाशमा वा पृथ्वीमा नाम मात्रका देवदेवताहरु छन् होला (साँच्चै यस्ता धेरै "देवदेवताहरु" र "प्रभुहरु" छन् ।) तर हाम्रा निम्ति एउटै परमेश्‍वर पिता हुनुहुन्छ, जसबाट सबै थोक हुन आए, अनि जसकै निम्ति हामी जिउँदछौं–हाम्रो निम्ति एउटै प्रभु, येशू ख्रीष्ट हुनुहुन्छ, जसद्वारा सबै कुरा हुन आए, र जसद्वारा हामी जिउँछौं" (१ कोरिन्थी ८:४–६) ।

(२) खोपेर कुनै किसिमको मूर्ति नबनाउनू (प्रस्थान २०:४) ।
"यसकारण मेरा प्रिय हो, मूर्तिहरुबाट अलग बस" (१ कोरिन्थी १०:१४) ।

(३) परमेश्‍वरको नाउँ व्यर्थैमा नलिनू (प्रस्थान २०:७) ।
"तर तिमीहरुचाहिँ यस किसिमले प्रार्थना गरः हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस्" (मत्ती ६:९) ।

"तिमीहरुका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस्" (एफिसी ४:२९) ।


(४) शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू (प्रस्थान २०:८) ।
शबाथ दिन पालना गर्नुपर्ने बारेमा नयाँ नियममा कुनै आज्ञा, अर्ती र उदाहरणहरु दिइएका छैनन् । ख्रीष्टको नयाँ करारमा यो आज्ञालाई पूर्ण रुपमा हटाइएको छ । प्रभुको दिन, प्रत्येक हप्ताको पहिलो दिन याद गर्नुपर्छ भनी भन्दछ (प्रेरित २०:७; १ कोरिन्थी १६:१–२) ।

(५) बाबु र आमालाई आदर गर (प्रस्थान २०:१२) ।
"छोराछोरी हो, प्रभुमा आफ्ना आमा–बाबुको आज्ञापालन गर, किनकि यो उचित हो । आफ्ना बाबु र आमाको मान गर जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो" (एफिसी ६:१–२) ।

(६) हत्या नगर्नू (प्रस्थान २०:१३) ।
"तर तिमीहरुमध्ये कसैले पनि हत्यारा, चोर वा खराबी गर्ने, वा अर्काको कुरामा हात हाल्नेले झैं दुःख नभोग" (१ पत्रुस ४:१५) ।

(७) व्यभिचार नगर्नू (प्रस्थान २०:१४) ।
"अधर्मीहरु परमेश्‍वरका राज्यको हकदार हुँदैनन् भन्‍ने के तिमीहरुलाई थाहा छैन्? धोखा नखाओ- अनैतिकहरु, मूर्तिपूजकहरु, व्यभिचारीहरु, समलिङ्गीहरु, पुरुषगामीहरु चोरहरु, लोभीहरु, मतवालाहरु, निन्दा गर्नेहरु, लुटाहाहरु परमेश्‍वरको राज्यको हकदार हुनेछैनन्" (१ कोरिन्थी ६:९-१०) ।

(८) चोरी नगर्नू (प्रस्थान २०:१५) ।
"चोर्नेले अब उसो नचोरोस् । बरु उसले परिश्रम गरोस् । उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरुलाई दिन सकोस्" (एफिसी ४:२८) ।




(९) झुटो गवाही नदिनू (प्रस्थान २०:१६) ।
"एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरुले त्यागेका छौ" (कलस्सी ३:९) ।

(१०) लालच नगर्नू (प्रस्थान २०:१७) ।
"किनकि यो त तिमीहरु निश्‍चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्‍वरको राज्यमा कुनै उत्तराधिकार छैन" (एफिसी ५:५) ।

(सम्पादकको नोट: पुरानो करारमा भएका दश आज्ञाहरु मध्ये नौ वटा आज्ञाहरु नयाँ नियमका अनुच्छेदहरुमा मान्यताकासाथ पक्का गरी पुनस्थापित गर्दछ । विना शंका नयाँ नियममा पनि यी सूचीहरुलाई उस्तै तरीकाले थप पदहरुसहित विस्तार गरेका छन् । अहिलेका मानिसहरुमा यी नौ वटा आज्ञाहरुलाई कार्यान्वयनका निम्ति बाँधिएका छन्, तिनीहरु पुरानो करारमा भएको कारणले गर्दा होइनन्, तर तिनीहरु नयाँ नियममा उल्लेख गरेको कारणले गर्दा हो । नयाँ नियमको अधिनमा हामी जिउँछौं र जसद्वारा हामी सबैको एक दिन इन्साफ हुनेछन् ।)

# केसित मण्डली सही छ? (एफिसी ५:२५-२७)

जब पापी मानिसहरुले मण्डलीलाई क्षति पुऱ्याउने कोशिस गर्छन्, यसले ख्रीष्ट र उहाँका जनहरुलाई चोट पुग्छन् (प्रेरित ९:४; मत्ती २५:४५) । तैपनि, निरासा नहुनुहोस् । मण्डली सही छ । मण्डली गलत हुन सक्दैन्, किनभने यसलाई येशू ख्रीष्टले स्थापना गर्नुभयो (मत्ती १६:१८; १ कोरिन्थी ३:११) । मण्डली किन सही छ भन्ने बारेमा केही विचार गर्नुहोस् । मण्डली निम्न कुराले पनि सही छः

**(१) मूल्यसित मण्डली सही थियो ।**

- मानव जातिको छुट्काराको निम्ति एक मात्र परमेश्वरको पुत्र क्रूसमा निर्दयी तरीकाबाट मृत्यु भई मण्डलीको निम्ति मूल्य चुकाउनुभयो (१ कोरिन्थी ६:१९-२०; १ पत्रुस १:१८-१९) ।
- येशूले आफ्नै रगतद्वारा मण्डलीलाई किन्नुभयो भनी पावल भन्दछ (प्रेरित २०:२८) ।

**(२) बिन्तीसित मण्डली सही छ ।**

- धर्मशास्त्र नै आखिरी आधिकारिक नियम हो भनी हामी बिन्ती गर्छौं (१ पत्रुस ४:११) ।
- हरेक आवश्यक पक्षमा नयाँ नियमको प्रणालीलाई पुनस्थापना गर्नुपर्छ भनी हामी बिन्ती गर्छौं । सबै आवश्यक र महत्वपूर्ण विषयहरुका निम्ति हामी परमेश्वरको वचनमा जानैपर्छ, जस्तैः मुक्तिको योजना (प्रेरित २:३८; २२:१६), आराधनाको योजना (प्रेरित २०:७; २:४२), मण्डली संगठनको योजना (फिलिप्पी १:१; १ तिमोथी ३:१-१३), ख्रीष्टियान शुद्धताको योजना (गलाती ५:२२-२३; २ पत्रुस १:५-८) ।

**(३) प्रतिज्ञासित मण्डली सही छ ।**

- परमेश्वरले मण्डलीलाई स्वर्गको प्रतिज्ञा गर्नुहुन्छ । येशूले भन्नुभयो, "अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउने छु, र तिमीहरुलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ" (यूहन्ना १४:३) ।
- नयाँ गरी जन्मेकाहरुका निम्ति स्वर्ग सुरक्षित छन् (१ पत्रुस १:३-५) ।

निश्कर्षः

ख्रीष्टले जस्तै तपाईले पनि मण्डलीलाई प्रेम गर्नुहुन्छ भने, यसलाई तपाईले आफ्नो पहिलो प्राथमिकता बनाउनुहोस् (मत्ती ६:३३), र परमप्रभुले तपाईलाई सबै आत्मिक आशिषहरु प्रदान गर्नुहुनेछ (एफिसी १:३) ।



# परमेश्वरलाई भुल्दै!

**व्यवस्था ३२:१५-१८**

**परिचयः**

(क) भुल्ने कुरा हाँसउठ्दो पनि हुन सक्छ वा दुःखको पनि हुन सक्छ ।

(ख) परमेश्वरलाई विर्सेको कल्पना गर्नु सबैभन्दा विनाशकारी हुन सक्छन् ।

(ग) यो आत्मिक अवस्थाको स्वभाव र कारणलाई नजिकबाट नियालेर हेरौं ।

**मूख्य भागः**

**[I] परमेश्वरलाई बिर्सनु अरु सबै पापको केन्द्रिविन्दु हो ।**

(क) परमेश्वरलाई बिर्सेको कारणले गर्दा सबै पापहरुमा लाज र मन दुखाइ हुन्छन् ।

(१) अरु मानिसहरुसंगको व्यवहारमा परमेश्वरलाई बिर्सिदा स्वार्थपना आउँछ (मत्ती २५:४५) ।

(२) हाम्रा आफ्नै अनुमानमा परमेश्वरलाई बिर्सिदा घमण्ड उत्पन्न हुन्छ (लूका १८) ।

(३) परमेश्वरले उपलब्ध गराउनु भएको कुरा बिर्सदा चिन्ता उत्पन्न हुन्छ (फिलिप्पी ४:६) ।

(४) परमेश्वरको अनुग्रह र आशिषहरुलाई बिर्सदा डाह उत्पन्न हुन्छ (भजनसंग्रह १०३:१-५) ।

## [II] किन मानिसहरुले परमेश्वरलाई बिर्सन्छन्?

(क) मानिसले परमेश्वरलाई बिर्सिने कुरा बुझ्नै नसकिने हुन्छ (यशैया १:३; यर्मिया २:३२) ।

(ख) यो किन हुन्छ?

(१) सम्बृद्धिको कारणले गर्दा (व्यवस्था ३२:१५) ।

(२) दोषी विवेकले आफ्ना विचारहरु परमेश्वरको जस्तै कायम राख्न मन गर्दैनन् (यूहन्ना ३:२०)

(३) यो संसार पिताको निम्ति शत्रुता हो (१ यूहन्ना २:१५) ।

## [III] परमेश्वरलाई बिर्सेर हामी दोषी हुन सक्ने कुराहरु धेरै छन् ।

यस्ता केही कुराहरु के-के हुन्?

(१) जब हामी धन्यवादी हुँदैनौं (रोमी १:२१) ।

(२) हाम्रा योजनाहरुमा परमेश्वरलाई राख्दैनौं (याकूब ४:१३-१५) ।

(३) जब हामी परमेश्वरको वचनको निम्ति समय दिँदैनौं (होशे ४:६) ।

(४) जब हामीले परमेश्वरको मण्डलीलाई मूल्यको ठान्दैनौं (प्रेरित २०:२८) ।

(५) जब हामी परमेश्वरका प्रतिज्ञाहरुलाई पुरा गर्न असफल हुन्छौं (१ पत्रुस ३:२१) ।

**निश्कर्ष:**

(क) परमेश्वरलाई बिर्सिदा आत्मिक बर्बादतर्फ दोहिरन्छौं (भजनसंग्रह ९:१७) ।

(ख) जीवनका हरेक पलमा परमेश्वरलाई याद गर्नु हाम्रो जीवनको आवश्यकता र कर्तव्य हो (उपदेशक १२:१) ।



# के नरक वास्तविक हो?

## मर्कूस ९:४७–४९

**परिचय:**

(१) प्राय जसो समय स्वर्गको बारे कुरा गरेर नरकबारे बेवास्ता गरेको जस्तो देखिन्छ।

(२) वास्तवमा नरक पनि अस्तित्वमा छ । हामी त्यहाँ जान सक्छौ । हामी नरकको निम्ति सृजिएका होइनौं । ख्रीष्टियानहरुले सबै मानिसहरुलाई नरकबाट ताढा राख्ने काम गर्नु पर्छ ।

**मूख्य भाग:**

**(क) नरक अस्त्विमा छ ।**

(१) ख्रीष्टले हामीलाई नरकबारे चेतावनी दिनुहुन्छ (मर्कूस ९:४७–४९) ।

(२) पाप गर्ने स्वर्गदूतहरुलाई परमेश्वरले पहिले नै नरकमा फाल्नुभयो (२ पत्रुस २:४) ।

**(ख) हामी त्यहाँ जान सक्छौं ।**

(१) ख्रीष्टले आफ्ना स्वर्गदूतहरुलाई दुष्टताको विरुद्धमा आज्ञा दिनुहुनेछ (मत्ती १३:४१,४२) ।

(२) सबै अनैतिक काम गर्नेहरु नरकमा जानेछन् (प्रकाश २१:८) ।

**(ग) हामी नरकको निम्ति सृजिएका होइनौं ।**

(१) यदि हामी नरकको निम्ति सृजिएका हौं भने किन परमेश्वरले हामीलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो? (उत्पति १:२६) ।

(२) परमेश्वरले हामीलाई मुक्तिको निम्ति अघिबाटै नियुक्ति गर्नुभएको छ (१ थेसलोनिकी ५:९) ।

**(घ) मानिसहरुलाई नरकबाट ताढा राख्नु हाम्रो काम र कर्तव्य हो ।**

(१) सारा सृष्टिलाई हामीले वचन प्रचार गर्नुपर्छ (मर्कूस १६:१५,१६)

**निष्कर्ष:**

(१) हामी नरकबारे कुरा गरेर आनन्द गर्दैनौं । हामीले मानिसहरुका आत्मालाई नरकबाट बचाउनै पर्छ ।

# सुसमाचार के हो? रोमी १:१६

**परिचयः**

हाम्रो वरपर निरासाजनक र अनिश्चितताले घेरिरहँदा सुसमाचार धेरै नै स्वागत योग्य हुन्छ । सुसमाचार भन्दा अरु उत्तम सुसन्देश के हुन सक्छ? जब ख्रीष्टियानहरुले सुसमाचारलाई उल्लेख गरिरहँदा, तिनीहरुले सुसन्देशलाई उल्लेख गरिरहेका हुन्छन् । जसमा हाम्रा पापको मोल तिर्न येशू ख्रीष्ट मर्नुभयो ताकि येशू ख्रीष्टमा भएको विश्वासद्धारा हामी परमेश्वरका सन्तान हुन सकौं । सुसमाचार भनेको पूर्णरुपमा बचाउन सक्ने सत्यता हो जसमा परमेश्वरले बाइबलद्धारा हराएका र मरिरहेका संसारसंग सम्वाद गर्नुभएको थियो ।

**मूख्य भागः**

**(क) ख्रीष्टको सुसमाचार ।**

(१) ख्रीष्टको सुसमाचार मुक्तिको सुसन्देश हो ।
(२) येशूको प्रारम्भिक सेवाकाईमा राज्यको सुसमाचार प्रचार गर्दै सिकाउनुभयो (मत्ती ४:२३; ९:३५) ।
(३) हामीले सारा संसारलाई सुसमाचार प्रचार गर्नु र सिकाउनु पर्छ (मत्ती २४:१४; २६:१३; मर्कूस १६:१५) ।

**(ख) सुसमाचारको शक्ति ।**

(१) हामी सुसमाचारमा लाज मान्दैनौं । किनभने सुसमाचारको शक्तिले मानिसहरुलाई मुक्तितर्फ डोहोऱ्याउँछन् (रोमी १:१६) ।
(२) सुसमाचारद्धारा हाम्रो इन्साफ हुनेछ (रोमी २:१६) ।
(३) हामी आफ्नै फाइदा वा महिमाको निम्ति सुसमाचार प्रचार गर्दैनौं (१ कोरिन्थी ९:१६) ।

**(ग) सुसमाचारका इनामहरु ।**

(१) हामीले सुसमाचार पालन गऱ्यौं भने परमेश्वरले आफ्ना प्रतिज्ञाहरु कायम गर्नुहुन्छ (यहूदा २१) ।
(२) हामी विश्वासयोग्य रहयौं भने हामीले जीवनको मुकुट पाउनेछौं (प्रकाश २:१०) ।

**निष्कर्षः**

सुसमाचार ख्रीष्टको हो । यो परमेश्वरको मुक्तिको सुसन्देश र शक्ति हो । हामी सुसमाचारको निम्ति खडा हुनुपर्छ र अनन्त जीवन हाम्रो इनाम हुनेछ ।

# बृद्धि हुनको निम्ति मण्डलीले के गर्नुपर्छ?

## २ तिमोथी ४:२

**परिचयः**

एक दिन दुई जना प्रचारकहरु रित्तो मण्डली भवनभित्र उभिरहेका थिए । एकजनाले फर्केर आफ्नो निरासा स्वरमा अर्कोलाई सोध्यो, “बृद्धि हुनको निम्ति मण्डलीले के गर्नुपर्छ?” अर्को प्रचारकले उनको अनुहारमा हेरी मुस्कराएर भने, “वचन प्रचार गर ।” मण्डलीले किन वचन प्रचार गर्नु पर्छ?

**मूख्य विषयः**

**(क) मण्डली प्रभुसँग भयभित हुनुपर्छ ।**

(१) परमप्रभुको भय नै ज्ञानको शुरुवाट हो (हितोपदेश १:७) ।

(२) हननिया र सफिराको मृत्युपछि मण्डलीमा भय उत्पन्न भयो (प्रेरित ५:११) ।

(३) पावल ख्रीष्टियानिटीमा रुपान्तरण भइसकेपछि मण्डलीमा भय उत्पन्न भयो (प्रेरित ९:३१) ।

**(ख) मण्डलीले सुसमाचारलाई प्रेमसित प्रचार गर्नुपर्छ ।**

(१) हामी परिवारलाई भन्दा पनि सुसमाचारलाई प्रेम गर्छौं (मत्ती १०:३७,३८) ।

(२) प्रचारको शुरुवाट भएकोमा हामी रमाउनुपर्छ (यूहन्ना २१:१५-१७) ।

**(ग) मण्डलीले लडाइँको बोलावटलाई जवाफ दिनुपर्छ ।**

(१) हामी वचन प्रचार गर्छौं (२ तिमोथी ४:२) ।

(२) हामी दुष्टताको विरुद्धमा लड्छौं (एफिसी ६:१०-१७) ।

**निष्कर्षः**

यदि हामी वचन प्रचार गर्दैनौं भने हाम्रो मण्डली कहिल्यै पनि बढ्दैनन् । आउनुहोस्, मण्डली बृद्धि हुनको निम्ति वचन प्रचार गरौं ।

# ख्रीष्टको दोस्रो आगमन

## प्रेरित १:१०,११

**परिचय:**

ख्रीष्टको दोस्रो आगमनमा आफ्नो दृढ आँखा लगाउने ख्रीष्टियानहरु धेरै छन् । परमेश्वरको वचनले हामीलाई जानकारी दिन्छ कि इन्साफ निश्चित छ, र त्यहाँ न्यायकर्त्ता हुनुहुनेछ, जसले उहाँका वचनलाई पालना गर्दछन्, तिनीहरुको विजयी हुनेछन् ।

**मूख्य विषय:**

**(क) इन्साफ सुनिश्चित छ ।**

(१) जीवनको पुस्तक खोलिनेछ र मृतकहरुका इन्साफ हुनेछन् भनी बाइबलले हामीलाई भन्दछ (प्रकाश २०:१२-१५) ।

(२) इन्साफको दिन तोकिएको छ (प्रेरित १७:३१) ।

**(ख) सबैको इन्साफ हुनेछन् ।**

(१) इन्साफ मण्डलीबाट शुरुवाट हुनेछ (१ पत्रुस ४:१७) ।

(२) मृत्युपछि इन्साफ हुनेछ (हिब्रू ९:२७,२८) ।

**(ग) जसले उहाँको वचनलाई पालन गरेका छन्, तिनीहरु सबैको विजयी हुनेछन् ।**

(१) ख्रीष्टमा मरेकाहरुका निम्ति लाभ हुनेछन् (फिलिप्पी १:२१) ।

(२) विश्वास कायम गर्नेहरुका निम्ति मुकुट पर्खिरहेका छन् (२ तिमोथी ४:६-८) ।

**निष्कर्ष:**

येशू फेरि आउँदै हुनुहुन्छ । के तपाई तयार हुनुहुन्छ?



# किन मानिसहरु ख्रीष्टकहाँ आउन इन्कार गर्दछन्? (प्रेरित २८:२६,२७)

**परिचयः**

मानिसहरु किन ख्रीष्टकहाँ आउन इन्कार गर्दछन् भन्ने प्रश्नले आफ्ना ख्रीष्टियान कर्तव्यहरु पुरा गर्ने विचार गरेका ख्रीष्टियानहरुका मन भारी भएका छन् । धेरै मानिसहरुले परमेश्वरको वचनमा आफ्ना हृदयलाई कठोर बनाएका छन्, तिनीहरुका आँखा बन्द भएका छन् र सुन्नको निम्ति कान बहिरा बनाएका छन् ।

**मुख्य विषयः**

**(क) तिनीहरुका अविश्वासी हृदयको कारणले गर्दा मानिसहरु ख्रीष्टकहाँ आउन इन्कार गर्दछन् ।**

(१) परमेश्वरले दुष्ट हृदयलाई चिन्नुहुन्न् भन्ने कुरा हामीले महसुस गर्नुपर्छ (हिब्रू ३:१२) ।

(२) हामीमा शुद्ध विवेक, शुद्ध र दुषित नभएको मन हुनुपर्छ (तीतस १:१५) ।

**(ख) ज्ञानको अभावले गर्दा मानिसहरु ख्रीष्टकहाँ आउन इन्कार गर्दछन् ।**

(१) मानिसहरुले वचन नसुनेकोले गर्दा तिनीहरुमा विश्वास हुँदैनन् (रोमी १०:१७) ।

(२) मानिसहरुले गलत मार्ग रोजेका छन् (भजनसंग्रह ११९:१०४) ।

**(ग) डरको कारणले गर्दा मानिसहरु ख्रीष्टकहाँ आउन इन्कार गर्दछन् ।**

(१) मानिसहरुका आँखा अन्धा र कान बहिरा भएका छन् (प्रेरित २८:२६,२७) ।

(२) धेरैले आफ्ना कान बाक्लो गरेका छन् (२ तिमोथी ४:३,४) ।

**निष्कर्षः**

ख्रीष्टियानहरु परमेश्वरको वचनको ज्ञानमा रहेर सही उहाहरणद्धारा जिउनुपर्छ ।

## पदको खोजी – जवाफ

(१) व्यभिचार
(२) उनको पति/उनकी पत्नी
(३) प्रार्थनामा लागिरहन
(४) पावल जस्तै अविवाहित
(५) व्यक्तिगत विचार वा सुझाव
(६) कामवासनामा जल्नु
(७) जल्नु, विवाह
(८) त्यसलाई नत्यागोस्
(९) छुट्टयोस्
(१०) शान्ति
(११) बचाउन सक्छयौ

## ५ मिनेट बाइबल अध्ययन

(१) हृदयले, स्वीकार, उद्धार
(२) पाप, शक्तिशाली
(३) विश्वास, डरले, स्वीकार
(४) सेता वस्त्र, मेटिदिनेछैनँ, स्वीकार
(५) जिब्रोले, येशू ख्रीष्टलाई, स्वीकार
(६) पापहरु, विश्वासयोग्य

"हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, र उहाँका सबै उपकारहरु नबिर्सी" (भजन १०३:२)

## मानिसलाई उद्धार गर्ने परमेश्वरको योजना

ईश्वरीय प्रेम: यूहन्ना ३:१६
परमेश्वरको अनुग्रह: एफिसी २:८
ख्रीष्टको रगत: रोमी ५:९
पवित्र आत्माको वचन: रोमी १:१६

पापीहरुका विश्वास: प्रेरित १६:३१
पापीहरुका पश्चात्ताप: लूका १३:३
पापीहरुका स्वीकार: रोमी १०:१०
पापीहरुका बप्तिस्मा: प्रेरित २२:१६
ख्रीष्टियान प्रेम: मत्ती २२:३७
ख्रीष्टियान काम: याकूब २:२४
ख्रीष्टियान आशा: रोमी ८:२४
ख्रीष्टियान सहनशीलता: प्रकाश २:१०

थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्:

## उपदेशक ३:१-१०

**सबै कुराको समय छ।**

१ सबै कुराका लागि समय छ, आकाशमुनि सबै
कार्यकलापको बेला छः

२ जन्मने एउटा समय छ, र मर्ने एउटा समय छ।
रोप्ने एउटा समय छ, र उखेल्ने एउटा समय छ।

३ मार्ने एउटा समय छ, र निको पार्ने एउटा समय छ।
भत्काउने एउटा समय छ, र बनाउने एउटा समय छ।

४ रूने एउटा समय छ, र हाँस्ने एउटा समय छ। शोक गर्ने एउटा समय छ, र नाँच्ने एउटा समय छ।

५ ढुङ्गा छर्ने एउटा समय छ, र ती बटुल्ने एउटा समय। अँगाल्ने एउटा समय छ, र अलग रहने एउटा समय।

६ खोज्ने एउटा समय छ, छोडिदिने एउटा समय। र राख्ने एउटा समय छ, फाल्ने एउटा समय।

७ च्यात्ने एउटा समय छ, मरम्मत गर्ने एउटा समय। चूप लाग्ने एउटा समय, र बोल्ने एउटा समय।

८ प्रेम गर्ने एउटा समय छ, र घृणा गर्ने एउटा समय। युद्ध गर्ने एउटा समय छ, र मेलमिलाप गर्ने एउटा समय।